# नेपाली छापामा राजनीतिक कार्टुनको अवस्था
# अध्याय एक
## परिचय

### १.१ पृष्ठभूमि

कार्टुन रेखाचित्र वा रेखाचित्रको श्रृंखला हो, जसले कथाभन्दा सन्देश दिन्छ, मनोरञ्जन प्रदान गर्छ र शिक्षा प्रसार गर्छ । लेखक खगेन्द्र संग्रौला कार्टुनलाई अचारसँग तुलना गर्छन् । धेरैले सजिलै बुझ्ने, भन्न खोजेको कुरालाई रेखा र चित्रबाट स्पष्ट पारिदिने कार्टुनका विशेषता हुन् । त्यस्तै कार्टुन हेर्नासाथ दुईवटा प्रभाव पार्ने हुनुपर्छ-आकस्मिक र आक्रामक ।

चित्रको माध्यमबाट अभिव्यक्त हुने भएकाले कार्टुनमा शब्दको प्रयोग कम गरिन्छ । लेखेर वर्णन गर्न नसकिने हजारौं शब्दलाई सानो चित्रको भरमा व्यक्त पनि गर्नसक्छ कार्टुनले । यसमा हास्य र व्यंग्यको संयोजन हुनुपर्छ । सूचनासँगै व्यंग्य र विनोदको सशक्त उपस्थिति तथा निरक्षरदेखि बौद्धिकसम्मका संवेदनालाई चसक्क छुन सके कार्टुन उत्कृष्ट मानिन्छ ।

कार्टुनकलाकै चमत्कारले चिमोटी-चिमोटी हँसाउनुपर्छ कार्टुनले ।  कार्टुनिस्टहरूका अनुसार कार्टुन शब्दरहित भयो भने त्यसलाई पहिलो दर्जाको मानिन्छ जसमा अभिव्यक्त गर्न खोजेको कुरा कार्टुनबाटै बुझिन्छ । सबल र सफल व्यंग्यचित्रमा शब्दको प्रयोग गरिँदैन । दोस्रो दर्जाको कार्टुनमा कमभन्दा कम शब्द बेलुनभित्र राखिन्छ । शब्द धेरै राखेर बुझाउन खोज्ने कार्टुन तेस्रो दर्जाको कार्टुन हो । चौथो दर्जाको कार्टुन भने शब्द नपढी आशय नबुझिने खालको हुन्छ । यसैगरी उत्कृष्ट कार्टुनमा हास्यव्यंग्यको सफल मिश्रण हुनुपर्छ ।

भनिन्छ- कार्टुनिस्टको काम सामाजिक यथार्थ उजागर गर्ने हो । त्यसले एकसाथ सामाजिक यथार्थ पाठकसामु राख्छ र आनन्द दिन्छ । तर सबै कार्टुनले आनन्द दिन्छन् भन्ने छैन । यो कार्टुनको विषयवस्तुमा भर पर्छ । जे भए पनि आधारभूत रूपमा भन्नुपर्दा कार्टुनले व्यंग्य गर्छ । समाजशास्त्री कृष्ण भट्टचनका अनुसार समाजमा विरोधाभाष भएमा सुधार ल्याउन कार्टुनले भूमिका खेलेको हुन्छ ।[१]

कार्टुनलाई जिउँदो कला मान्छन् , कार्टुनिस्ट खोकना । कार्टुन हेर्ने दर्शक/पाठकले आफ्नै ढंगले तर्क लगाउन पाउने भएकाले उनले यसो भनेका हुन् । कार्टुनिस्ट वासु क्षितिजका अनुसार राम्रो कार्टुन बनाउने सीमा हुन्छ जसभित्र रहेर कार्टुनिस्टले कार्टुन बनाउनुपर्छ । यसो भएमा राम्रो कार्टुन बन्छ, सीमा नाघे घोचपेच हुन्छ र त्यसको सीधा अर्थ लाग्छ ।

पत्रिकामार्फत् समाजमा भएका विकृतिमाथि व्यंग्यात्मक ढंगले प्रहार गरिएको हुन्छ । कार्टुनले राजनीतिक परिवर्तनमा खेल्ने भूमिका, कार्टुनको विविधता र यसले पाएको स्थान र कार्टुनमा के समस्या रहेछ थाहा पाउनका लागि यो अध्ययनलाई अघि बढाएको हो ।

---

[१] कृष्ण भट्टचनसँग २०६३ भदौं १७ गते गरिएको कुराकानी ।

### १.१.१ ऐतिहासिक पृष्ठभूमि

कार्टुन चित्रको सुरूवात ५ सय वर्षअघि इटालीको फ्लोरेन्स सहरमा भएको हो । कलाकार लियानार्दो दा भिन्ची र माइकल एन्जेलोको प्रयासबाट 'ग्रान्ड काउन्सिल च्याम्बर अफ त्यन्जो बोसियो' भवनको भित्तामा बनाइएको युद्धको कार्टुनचित्र नै संसारको पहिलो कार्टुन चित्र मानिन्छ । यसको प्रभाव बिस्तारै अन्य ठाउँमा पर्न थाल्यो । त्यसपछि फ्रान्स र इटालीमा पनि कार्टुनचित्रले स्थान पाउँदै गयो ।[२]

युरोपमा पहिलोपटक महत्त्वपूर्ण क्यारिकेचरहरू सन् १५०० तिर देखापरेका हुन् । सुधारको नारासहित संचालित त्यसबेलाको धार्मिक क्रान्तिका क्रममा देखिएका त्यस्ता क्यारिकेचर प्रोटेस्टेन्ट वा रोमन क्याथोलिकहरूमाथि प्रहार गर्दै बनाइएका थिए ।

सन् १८०८ मा फ्रान्समा जन्मिएका दोमियरलाई कार्टुनचित्रको इतिहासमा कोसेढुङ्गा मानिन्छ । दोमियरले समकालीन परिस्थिति र प्रचलित विसंगति परम्पराको उपहास गर्दै आफ्नो व्यंग्य कला सिर्जनालाई निरन्तरता दिए जसले गर्दा उनका कार्टुनचित्र लोकप्रिय भए ।

सन् १८३० मा उनले *'ला क्यारिकेचर'* नामक पत्रिकामा किङ लुइस फिलिपको कार्टुनचित्र बनाउँदा सरकारले अभियोग लगाई थुनेको पनि थियो । पछि उनले उक्त पत्रिकामा काम गर्न छोडेर *'ला सारीवारी'* दैनिकमा काम गरे । सामाजिक जीवनको नक्कली आवरणको आडमा लुकेको कटुसत्य उजागर गर्नु नै उनको कार्टुनचित्रको विशेषता थियो ।

कार्टुनचित्रलाई लोकप्रिय बनाउने श्रेय बेलायतको *'पञ्च'* पत्रिकालाई जान्छ । सन् १८४१ मा बेलायतका हेनरी मेहन्युले कार्टुनचित्रले भरिएको पत्रिका *पञ्च* निकालेपछि यो निकै चर्चित भयो र यो परम्पराले विश्वव्यापी रूप नै लियो । राजनीतिक कार्टुनलाई अखबारका पाठकहरूको नियमित खुराक बनाउने श्रेय भने अमेरिकाको पेनी प्रेस तथा सन् १८८५ मा न्यूयोर्क वर्ल्डमा जन्मिएको पीत पत्रकारिताको प्रतीक मानिने कार्टुन चरित्र *'येलो किड'* लाई दिइन्छ ।[३]

*पञ्च* पत्रिकाले व्यंग्यचित्रलाई लोकप्रिय बनाउनुअघि अंग्रेज चित्रकार विलियम होगार्थ (सन् १६९७-१७६४) ले व्यंग्यचित्र कोरेको पाइन्छ । उनले चित्रमा भित्रैबाट छुने गरी व्यंग्य-चित्र बनाउँथे । यसर्थ व्यंग्यचित्रको सुरूवात लियोनार्दो दाभिन्ची र माइकल एन्जेलोले गरे पनि विश्वकै पहिलो व्यंग्यचित्रकार भने विलियम होगार्थ हुन् । व्यंग्यचित्रलाई व्यावसायिकतातिर उन्मुख गराउने व्यंग्यचित्रकार भने बेलायतका जेन्स गिलरे हुन् । राजनीतिक र सामाजिक पक्षलाई विशेष जोड दिने व्यंग्यचित्रकार जिन्स गिलरेले तत्कालीन राजनीतिज्ञहरू प्रिन्स अफ वेल्स, जर्ज तृतीय, क्विन सालेटी, पिट्क्यानेड आदिको चरित्र चित्रण गरेर कार्टुन क्षेत्रलाई व्यावसायिक बनाए ।[४]

---

[२] राना, भीम जिज्ञासु । २०५६ । व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क, माघ, पृ. ५-७ ।

[३] सीके, लाल । २०६२ । अप्ठ्यारो समयको सजिलो कला । हिमाल खबरपत्रिका, असार १-१५, पृ. ३५ ।

[४] राना, भीम जिज्ञासु । २०५६ । व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क, माघ, पृ. ६ ।

सन् १७५४ मा बेन्जामिन फ्रेंकलिनद्वारा बनाइएको कार्टुन तत्कालीन अमेरिकी उपनिवेशहरूमा बनाइएका सुरूवातकालीन कार्टुनहरूमध्ये एक थियो । उक्त कार्टुनमा फ्रेन्च र इन्डियनहरूका विरुद्ध एक हुन सम्पूर्ण उपनिवेशहरूलाई अपिल गरिएको थियो । त्यो कार्टुनमा प्रत्येक उपनिवेशलाई एउटै सर्पका टुक्राहरूका रूपमा देखाइएको थियो, 'एक होऊ वा मर' भन्ने क्याप्सनसहित । पछि पाउल रिभेरले सन् १७७४ मा उक्त कार्टुनलाई परिमार्जित गर्दै उपनिवेशहरूलाई बेलायतविरूद्ध एक हुन अपिल गरे ।[५]

सन् १९२० देखि पश्चिमी मुलुकका समाचारपत्रहरूमा कार्टुन अनिवार्यजस्तै भयो । सडेभिडिलो जस्ता कार्टुनिस्ट जन्मिए । उनी बीसौं शताब्दीका उत्कृष्ट कार्टुनिस्ट थिए । कुकुरको शरीरमा राजनीतिज्ञहरूका टाउकाहरू राखेर कार्टुन बनाउने डेभिडिलोले इतिहासमै नयाँ आयाम सुरू गरे ।[६]

युरोपका पत्रपत्रिकामा कार्टुनचित्रले बजार लिन थालेपछि १९ औं शताब्दीतिर अमेरिकाका पत्रपत्रिकामा पनि कार्टुनचित्र प्रकाशित हुन थाले । सुरू-सुरूमा अमेरिकी पत्रपत्रिकामा बेलायती विषयवस्तुका कार्टुनचित्र कोरिन्थे भने सन् १८४० मा अमेरिकामा थोमस नास्टजस्ता कार्टुनिस्ट देखापर्न थालेपछि अमेरिकी विषयवस्तुका कार्टुनचित्रहरू पनि देखिए । उनले डेमोक्र्याटिक पार्टीलाई गधा र रिपब्लिकन पार्टीलाई हात्ती तथा अन्य यस्तै प्रतीकहरूका कार्टुनचित्र कोरेका थिए । यस्ता कार्टुनचित्र अमेरिकामा निकै चर्चित भए । यसैको प्रभावले बीसौं शताब्दीदेखि अमेरिकामा कार्टुनचित्र नियमित अंशकै रूपमा पत्रकारितामा देखा पर्न थाल्यो ।

युरोप अमेरिकामा कार्टुनचित्रले विशेष स्थान पाउन थालेपछि भारतमा पनि ब्रिटिश कालमै यसको प्रवेश भयो । सुरू-सुरूमा सामाजिक कार्टुनचित्रले महत्त्व पाए पनि भारत सन् १९४७ मा स्वतन्त्र भएपछि राजनीतिक कार्टुनले गति लिन थाल्यो । भारतमा राजनीतिक कार्टुनका पिता के. शंकर पिल्लेलाई मानिन्छ । भारतमा पहिलोपटक *हिन्दुस्थान टाइम्समा* कार्टुनचित्र प्रकाशित भएको थियो । शंकरले बनाएका व्यंग्यचित्रहरू *हिन्दुस्तान टाइम्स* र *क्रनिकल* पत्रिकामा प्रकाशित भएर तहल्का मच्चियो । सन् १९५० मा *शंकर्स विक्ली* नामक पत्रिका प्रकाशित भएको थियो जुन व्यंग्यचित्रले भरिएको थियो । कयौं युवा यसप्रति आकर्षित भए पनि सन् १९७५ मा उक्त पत्रिका बन्द भयो । भारतमा कार्टुनचित्र स्थापित गर्नुमा शंकर पिल्लेको महत्त्वपूर्ण योगदान छ तर अन्तराष्ट्रियस्तरमै तहल्का मच्चाएका प्रतिभाशाली कार्टुनिस्ट भने आर.के. लक्ष्मण र मेरियो मिरिन्डा हुन् । राजनीतिक कार्टुन कोर्न माहिर आर.के. लक्ष्मणको *'यु सेड इट'* नामक व्यंग्यचित्र पुस्तकले धेरै पाठकको मन जितेको छ ।[७]

भारतका पत्रपत्रिकामा व्यंग्यचित्रले प्रभाव पार्न थालेपछि नेपालका पत्रपत्रिकामा पनि त्यसको प्रभाव पर्न थाल्यो । वि.सं. १९५५ मा नेपालमा सुधासागर वि.सं. १९५८ मा गोरखापत्रको जन्म भएपनि वि.सं. २०१४ सालदेखि मात्र पत्रपत्रिकामा कार्टुन छापिने क्रम सुरू भयो ।

---

[५] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ. १६-१७ ।

[६] राना, भीम जिज्ञासु । २०५६ । व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क, माघ, पृ. ६ ।

[७] राना, भीम जिज्ञासु । २०५६ । व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क, माघ, पृ ७ ।

कार्टुनचित्रको नेपाली इतिहास टोल-टोलमा गाईजात्राको अवसरमा ठट्टा गर्ने किसिमबाट भएको पाइन्छ । मधेसमा होलीको अवसरमा चित्र बनाएर रमाइलो गर्ने प्रचलन पनि कार्टुनचित्र इतिहासकै एउटा भाग हो ।

नेपालमा पत्रपत्रिकामा छापिनुअघि नै पर्चा र पोस्टरमा कार्टुनको प्रयोग गर्न सुरू भएको हो । राणा शासनविरूद्ध जनताको  असन्तोष बढ्दै गयो र राणा शासन कमजोर भएपछि भद्रकाली, महाकांललगायतका ठाउँमा 'भलगर पोस्टरिङ' भएको थियो ।[८] त्यसबेला यसरी गरिएको कार्टुनचित्र निर्माणको दोष कलाकार चन्द्रमान मास्केमाथि लगाइएको विभिन्न पुस्तकहरूमा उल्लेख छ । त्यसै आधारमा मास्केलाई तत्कालीन सरकारले पक्राउ गरेको थियो । कला तथा कार्टुनका विषयमा लेखिएका विभिन्न पुस्तकहरूले सात सालअघि राणाहरूको निरंकुशता दर्शाउने कार्टुनचित्रहरू सार्वजनिक स्थानमा देखिएको उल्लेख गरे पनि त्यस्ता कार्टुनका सर्जक को थिए भन्ने खुलाएका छैनन् ।

२००७ सालको क्रान्तिपछि अभिव्यक्ति स्वतन्त्रताको बहालीसँगै निजी क्षेत्रका पत्रपत्रिकाको प्रकाशन सुरू भयो । ती पत्रपत्रिकामा आकर्षण, साजसज्जाका रूपमा कार्टुनको प्रयोग हुन थाल्यो । २०१४ सालमा प्रकाशित 'संयुक्त प्रयास' र 'नयाँ सन्देश' साप्ताहिकले पहिलोपटक कार्टुनचित्र छापेका थिए ।[९]

कार्टुन छाप्ने परम्परा राजनीतिक विचारधाराका पत्रिकाहरूले सुरू गरेको पाइन्छ । स्व.ग्रीष्मबहादुर देवकोटाले 'नेपालको पत्रकारिताको इतिहास' नामक पुस्तकमा मुलुकको प्रथम व्यंग्यचित्रकार गोवर्धन शाह भनेर उल्लेख गरेका छन् । उनले बनाएको कार्टुन तत्कालीन राजनीतिक घटनासँग सम्बन्धित छ ।[१०]

नेपाली अखबारमा पहिलोपटक २०१४ सालमा कार्टुन छापिएको मान्ने हो भने पनि नेपाली पत्रकारितामा कार्टुनको इतिहास झन्डै ५० वर्ष पुरानो भइसकेको छ । नेपालको जेठो पत्रिका गोरखापत्रले आफ्नो ८२ औं वर्षमा शनिवासरीय परिशिष्टाङ्क सुरूवात गरेपछि नियमित रूपमा सामान्य रेखाचित्र छाप्न थालेको थियो । त्यसवर्ष २०३९ सालमा गोकुलप्रसाद पोखरेलको सम्पादनकालमा शनिवासरीय परिशिष्टाङ्कमा 'रामेको चर्तिकला' शीर्षकमा प्यानल कार्टुन[११] 'रङ्गविरङ्ग' दुवै खाले कार्टुन छापिएको थियो । त्यसबेला गोरखापत्रमा कार्टुनिष्ट बलराम थापाले कार्टुन बनाएका थिए ।[१२]

२०१७ सालमा राजा महेन्द्रले पञ्चायती शासन सुरू गरेपछि जनअधिकारहरू खोसिँदा धेरै समयसम्म पत्रपत्रिकाले कडा सेन्सर व्यहोर्नुपरेकाले पत्रकारिताको राम्रो विकास सम्भव भएन । कार्टुनले २०१५/२०१६

[८] पाँडे, रामकुमार । २०५७ । नेपाली व्यंग्यचित्रको इतिहास : एक विहङ्गावलोकन । नेपाल समाचारपत्र साउन ३२ गते, पृ. ४ । लेखमा रामकुमार पाँडेले भलगर पोष्टरिङ भएको भन्ने उल्लेख गरेका छन् । तर त्यो कस्तो थियो भन्ने सन्दर्भमा भने केही उल्लेख छैन । चन्द्रमान मास्केले बनाएको उक्त कार्टुनकै आधारमा उनलाई तत्कालीन सरकारले पक्राउ गरेको थियो ।

[९] देवकोटा, ग्रीष्मबहादुर । २०५१ । नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, पृ. १४२ ।

[१०] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ.२२ ।  गोवर्धन शाहको वि.सं. २०१४ सालको *संयुक्त प्रयास* पत्रिकामा एउटै शरीरमा दुईवटा मुख भएको कांग्रेसको चित्र छ । काँधमा भिरेको मादल ठोक्दै एउटा मुखले भन्छ 'विधान सभा रेलीमै हाम्रो छ नारा' अर्को मुख भन्छ 'मन्त्री पद पाए रेलिमै संसदै होस् राजा' चित्रको तल लेखिएको छ - 'यो गाइजात्रा हो ?'
त्यस्तै २०१४ साल साउन १० गतेको संयुक्त प्रयासमा कांग्रेसलाई प्रहार गर्दै कार्टुन प्रकाशित गरिएको थियो । उक्त कार्टुनमा कांग्रेसलाई साँढेका रूपमा देखाइएको छ । साँढेले प्रजातन्त्रको जगमा प्रहार गरिरहेको देखाइएको छ ।

[११] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ. ८ । अखबारमा खास पात्रहरूका साथ नियमित रूपमा प्रकाशित हुने कार्टुनलाई प्यानल कार्टुन भनिन्छ । यस्ता कार्टुनहरू अखबारमा धारावाहिक श्रृङ्खलाका रूपमा मात्र नभै यथास्थानमा हरेकपटक छुट्टाछुट्टै सन्देश वा आसयका साथ छापिन्छन् ।

[१२] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ. ४४ ।

सालतिर पार्टी मुखपत्रहरूमा प्रशस्त ठाउँ पाएको र यसै अवधिमा गोवर्धन शाह, शिवहर सिंह पागलजस्ता केही कार्टुनिस्टहरूले चर्चा पाए पनि ०१७ साल पुस २२ गते राजनीतिक दलहरू र दलगत राजनीतिक उद्देश्यले प्रेरित भएका वर्गीय संगठनहरूलाई समेत अवैध घोषित गरी प्रतिबन्ध लगाइयो । राजनीतिक उद्देश्यले प्रकाशित पत्रपत्रिका तथा पार्टी मुखपत्र २०१७ पुस १ गतेपछि नै बन्द गरिए ।[१३] फलस्वरूप कार्टुनको विकास अवरूद्ध भयो र लगभग २००७ सालअगाडिकै स्थितिमा पुग्यो । कार्टुनिस्टले स्वतन्त्र वातावरणमा कार्टुन बनाउन पाएनन् । अभिव्यक्ति स्वतन्त्रता छिनिएको यस्तो समयमा केही पत्रपत्रिकाले सामाजिक विषयवस्तुमा कार्टुन बनाए पनि आफ्नो नाम भने उल्लेख गरेको पाइँदैन ।

२०२२/०२४ सालतिर टेकवीर मुखिया, बलराम थापा, मोहनश्याम महर्जन, दुर्गा बरालजस्ता केही कार्टुनिस्टले कार्टुन विधालाई पहिलाको भन्दा केही अगाडि बढाएको पाइन्छ । सत्ताको भजन र महत्त्वहीन विषयवस्तुमा कार्टुन रचना गरेर ख्यातिप्राप्त गर्न कठिन भए पनि सामाजिक विसंगतिहरूमाथि व्यंग्य गरेर यी कलाकारहरूले आफूलाई स्थापित गराए । त्यो समयमा सम्पादकहरूले विदेशी कार्टुनहरूलाई जस्ताको तस्तै उतारेर वा त्यही ढंगमा नक्कल गरेर नयाँ कार्टुन बनाउन लगाउने गरेको कार्टुनिस्टहरू बताउँछन् । 'नयाँ सन्देश' को सुरूवातका केही वर्ष विदेशी सन्दर्भमा विदेशीद्वारा बनाइएका थुप्रै कार्टुन परिमार्जन गरी छापिएका छन् । 'नयाँ सन्देश' मा २०२३ साल साउन २१ गते छापिएको भियतनाम युद्धसम्बन्धी कार्टुनलाई पनि त्यही रूपमा बुझ्न सकिन्छ ।[१४] पञ्चायतकालमा वर्षको एक दिन गाईजात्रामा सर्वसाधारणलाई सरकार वा सरकारी प्रवृत्तिमाथि व्यंग्य गर्ने छुट दिइन्थ्यो । यसले गर्दा मरेका मानिसको सम्झना गरिने गाईजात्रा पर्वको परम्परा क्रमशः व्यंग्यात्मक ढाँचामा रूपान्तरण भयो ।

पञ्चायती व्यवस्थाको अन्तिम दशकमा आइपुग्दा राजनीतिक विषयवस्तुका कार्टुन पत्रपत्रिकामा उल्लेख्य मात्रामा छापिन थालेको पाइन्छ । त्यस्ता कार्टुनकै कारण पत्रपत्रिका बन्दसमेत भएका घटना नेपाली पत्रकारिताको इतिहासमा छन् । 'समीक्षा' त्यस्तै प्रतिनिधिमूलक पत्रिका हो । २०३५ सालमा समीक्षा साप्ताहिकमा बलराम थापाले बनाएको कार्टुनको कारण दस महिनासम्म पत्रिकाको प्रकाशन बन्द भयो ।[१५]

जनमत संग्रहको घोषणापछि कार्टुनको विकासका लागि नयाँ चरण सुरू भयो । २०३६ सालमा जनमत संग्रहको घोषणापछि नेपाली पत्रकारिताले नयाँ र खुल्ला वातावरणको अनुभव गरेझैं कार्टुनको क्षेत्रमा पनि खुलापनको महसुस भएको देखिन्छ । त्यसपछि पत्रिका प्रकाशनको संख्या पनि बढ्दै गयो, कार्टुनिस्टहरू पनि झाँगिँदै गए ।

---

[१३] केसी, रञ्जु । २०६२ । विभिन्न राजनीतिक परिवेशमा आमसंचार माध्यम । रत्नराज्यलक्ष्मी क्याम्पस, पत्रकारिता विभागका लागि प्रस्तुत कार्यपत्र, स्नातकोत्तर तह, द्वितीय वर्ष ।

[१४] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ. ३० ।

[१५] विवश, ज्ञानेन्द्र । २०५९ । चित्र विचित्रको व्यंग्यचित्र । राजधानी, इन्द्रेणी, भदौं १८, पृ. ५ । साप्ताहिक समीक्षामा छापिएको कार्टुनमा फेटा, लवेदासुरुवाल, घाँटीमा मोतीका माला लगायतका वेशभुषाले सजिएका दुईजना मानिस देखाइएको छ । एउटा मानिस अर्काको सामु निहुरेको छ । निहुरेको मानिसमाथि विष्ट लेखिएको छ । बीचमा एउटा गधा देखाइएको छ । निहुरेको मानिसले गधामाथि पानी छ्यापिरहेको छ । पानीमा 'पुनर्गठन' लेखिएको छ । तलपट्टि पानीमा धोबीखोला लेखिएको छ । त्यहींनेर साबन जस्तो देखिने वस्तुमा 'मायालु' लेखिएको छ । गधाको जीउमा मन्त्रीपरिषद् लेखिएको छ । कार्टुनको शीर्षस्थानमा लेखिएको छ- पुरानो गाथाः नयाँ नेपालको कथा । कार्टुनको क्याप्सनमा अकबर र वीरवल बीचको संवाद उल्लेख गरिएको छ । अकबर सौध्दैछन्- 'के गर्दैछौ वीरवल ?' जवाफमा वीरवल गधालाई धोएर घोडा बनाउँदै छु सरकार, भन्दैछन् ।

२०३६ सालको जनमत संग्रहताका कार्टुनिस्टले आफ्ना व्यंग्य कलामार्फत् योगदान पुऱ्याएको कार्टुनिस्टहरू बताउँछन् । कार्टुनिस्ट वात्स्यायनले प्रधानमन्त्री विपी कोइराला पोखरा गएको बेलामा त्यहाँको सडकमा कार्टुन प्रदर्शनी गरेका थिए । ती कार्टुनहरू पञ्चायतको विरोध र बहुदलको पक्षमा थिए । कार्टुन हेरेपछि विपीले पत्रिकामा छाप्न काठमाडौं लैजान्छु भनेको स्मरण गर्दै वात्स्यायन भन्छन्- 'वास्तवमा मैले देशमा सुख, शान्ति, सद्भाव र समानताका लागि कार्टुन बनाएको थिएँ । ती कार्टुन छाप्ने दृष्टिले नबनाएको हुँदा काठमाडौं ल्याउन सम्भव भएन ।'[१६]

२०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि नेपाली पत्रपत्रिकामा परिमार्जित कार्टुनहरू देखापर्न थाले । अभिव्यक्ति स्वतन्त्रता र छपाइमा आएको आधुनिक प्रविधिले गर्दा व्यंग्यचित्रको फाँटमा पनि उल्लेखनीय परिवर्तन आयो । कार्टुनबिनाका पत्रपत्रिका लगभग देखिनै छाडे । हास्यास्पद र ठट्टापूर्ण कार्टुनको रूप राजनीतिक विषयलाई गम्भीरतासाथ व्यंग्य गर्ने स्वरूपमा बदलिँदै गयो ।

२०४६ सालको क्रान्तिपछि नेपालमा उल्लेखनीय रूपमा विकास भएको क्षेत्र पत्रकारिता हो । पत्रकारिताको विकासले कार्टुनलाई नछुने कुरै भएन । राजनीतिक रूपमा आउने कार्टुनहरूको संख्या बढ्दै गयो । कार्टुनहरू मधुरो र धमिलो चित्रबाट कम्प्युटराइज्ड प्रविधिमा पुगे । ठूला आकारका दैनिक अखबारहरूको प्रकाशनमा बाढी नै आयो । ती पत्रिकाहरूमा कार्टुन अभिन्न अंगका रूपमा स्थापित हुँदै गए । मिडियामा भएको विकासले कलाकारितामा लाग्नेहरू कार्टुनतिर आकर्षित हुने क्रम बढ्यो । नेपाल अधिराज्यको संविधान २०४७ ले दिएको मौलिक हक र प्रेस स्वतन्त्रताले पनि यसको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सरकार र माओवादीबीच द्वन्द्व चर्केपछि सम्पूर्ण पत्रकारिताले झैं कार्टुनले पनि सेन्सरको मार खेप्नुपऱ्यो । २०५८ सालमा लागू पहिलो संकटकालपछि राजनीतिक तुलनामा सामाजिक कार्टुनले धेरै स्थान पाए । विश्लेषक सीकेलाल भन्छन्- 'संकटकाल कार्टुनजस्तो पूरै कल्पनाको संसारलाई पनि लाग्दोरहेछ ।' तर, राजाले २०६१ माघ १९ गते सत्ता आफ्नो हातमा लिएपछि भने कार्टुन पत्रकारितामा नयाँ मोड देखियो । कार्टुनचित्रहरू छाप्न सम्पादकहरू निडर देखिए । यो राजनीतिक मोडपछि राजा पनि खुलारूपमा कार्टुनको विषय बन्न थाले ।

२०६१ माघ १९ पछि राजधानीबाट प्रकाशित हुने पत्रपत्रिकामा कार्टुन र कार्टुनिस्टहरूको सक्रियता बढ्यो । संकुचित भएको अभिव्यक्ति स्वतन्त्रताको अधिकार चिर्न नेपाली प्रेस कार्टुनको सहारा लिन चुकेन । माघ १९ पछिको त्रास र अन्योल नेपाली कार्टुनिस्टहरूका लागि पनि अपवाद बनेन, तर कार्टुनिस्टहरूले 'शाही कु' को एक-डेढ हप्ताभित्रै विभिन्न बिम्ब, प्रतीक र सामाजिक विषयवस्तुमार्फत् राजनीतिक विसंगति उतार्दै प्रतिगमनको खिल्ली उडाउन थाले ।[१७] यो समयमा प्रकाशित कार्टुनहरूको अध्ययनका आधारमा विश्लेषण गर्दा सर्वाधिक महत्त्वपूर्ण पक्ष हो, तिनमा पाइएको राजनीतिक सशक्तता । यसअघि पनि कार्टुनिस्टहरूले

---

[१६] कार्टुनिस्ट दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी ।

[१७] पोखेल, पेशल । २०६२ । कार्टुनको शक्ति कार्टुनिस्टको शान । हिमाल खबरपत्रिका, असार १-१५, पृ. २७ ।

आफ्ना सिर्जनामार्फत् राजनीतिक चेतना प्रसार नगरेका होइनन् तर, यसपटक प्रजातन्त्रलाई मिसन बनाएर अझ बढी गुणस्तरीयता देखियो कार्टुनकारितामा र राजनीतिक चेतना टड्कारो रूपमा देखापर्‍यो ।
संकटकालको अवधिमा छापिएका केही कार्टुनका कारण कार्टुनिस्टहरूले प्रशासनको हप्की-दप्की पनि सहनुपर्‍यो । कान्तिपुर दैनिकमा प्रकाशित तीनवटा कार्टुन र बुधबार साप्ताहिकमा प्रकाशित एउटा कार्टुनका कारण प्रशासनले सम्पादकसँग स्पष्टीकरण माग्यो ।

### १.१.२ कार्टुन प्रविधिमा भएको विकास

दुई दशकअघिसम्म कार्टुनलाई काठको ब्लक बनाएर छाप्नुपर्थ्यो । छपाइमा स्तरीयता थिएन । कलाकार जतिसुकै निपुण र दक्ष भए पनि छपाइ प्रविधि पुरानो काम राम्रो र आकर्षक नहुने गरेको कार्टुनिस्ट मोहनश्याम महर्जन (खोकना) बताउँछन् । कलाकारको प्रतिभा उही रूपमा अभिव्यक्त हुन सक्दैनथ्यो । बर्खाको बेला कार्टुन बनाउनुपरे मौसम हेरेर कार्टुन बनाउनुपर्ने बाध्यता थियो, कार्टुनिस्टहरूलाई । घाम नलागेको बेलामा ब्लक ठीक ठाउँमा बस्दैनथ्यो । अहिले त्यो अवस्थामा क्रान्ति नै आएको छ । छपाइको गुणस्तरीय प्रविधि मुलुकमा भित्रिएपछि कार्टुनिस्टलाई आफ्नो सिर्जना अभिव्यक्त गर्न सजिलो भएको छ । कम्प्युटर र अफसेट प्रविधिको विकासले छाप्नुअघि र छापेपछि कार्टुनका रूपमा कुनै परिवर्तन आउन छाड्यो । कुची र मसी नसमाए पनि कार्टुन कोर्न र रंगाउन सकिने वातावरण बन्न थाल्यो ।
हिँजोआज कतिपय कार्टुनिस्टहरू आफ्नो वर्किङ डेस्कमै कार्टुन बनाउँछन् , स्क्यान गर्छन् र इमेल गरेर प्रकाशन गृहमा पठाउँछन् । कार्टुनिस्टहरूका लागि प्रजातन्त्र र यसले ल्याएको विकास वरदान साबित भयो । कार्टुनिस्ट पत्रपत्रिकाका स्थायी जागिरे मात्र होइनन् , एउटै पत्रिकामा कार्टुनिस्टहरूको समूहले नै काम गर्ने अवस्था देखिएको छ अहिले । कार्टुनकारिताको व्यावसायिक वृद्धि त हुने नै भयो ।
यसैगरी कार्टुनिस्टहरूले आफ्नो छुट्टै वेवसाइट बनाएर आफ्नो कार्टुनबारे जानकारी दिने काम पनि गरेका छन् । उदाहरणका रूपमा कार्टुनिस्ट राजेश केसीले www.rajeshkc.com मार्फत् आफ्ना कार्टुन, तस्बिर र प्रतिक्रिया सार्वजनिक गर्छन् । त्यसैगरी अर्का कार्टुनिस्ट अविन श्रेष्ठले पनि www.abin.com.np सार्वजनिक गरेका छन् । पाठकहरूले वेवसाइट हेरेर प्रतिक्रिया पनि पठाउँछन् ।
पत्रकारिता तथा कला क्षेत्रको महत्त्वपूर्ण विधा भएका कारण कार्टुन र कलासम्बन्धी रेडियो कार्यक्रम पनि प्रसारण हुन थालेको छ । कार्टुनिस्ट रमेश विष्टले ६ वर्षदेखि रेडियो सगरमाथाबाट कार्टुन र कलासम्बन्धी कार्यक्रम चलाइरहेका छन् । हरेक आइतबार ८ बजे सुरू हुने 'क्यानभास' नामक यो कार्यक्रममा कार्टुनिस्टको अन्तर्वार्ता, कार्टुनसम्बन्धी लेख र समाचार सुन्न पाइन्छ । आधा घन्टा अवधिको कार्यक्रममा कार्टुन, कला र तस्बिरसम्बन्धी विषयवस्तु समेटिन्छ ।

### १.१.३ कार्टुनको पेसागत विकास

सुरूमा कार्टुनिस्टलाई टाइपिस्टसरह मानिएको थियो । चेतना विकाससँगै कार्टुनिस्टलाई पत्रकार मान्न थालिएको छ । कार्टुनिस्टको काम सम्पादकभन्दा कम महत्त्वपूर्ण हुँदैन भन्ने धारणा विकसित भएको छ । २०४६ सालपछि पत्रकार महासंघले आफ्नो विधानमा कार्टुनिस्टलाई पत्रकारको मान्यता दिएको छ र सदस्य बनाएको छ, जुन त्यसअघि थिएन ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि कार्टुनिस्टहरूका लागि वातावरण सहज भए पनि सरकारी पत्रपत्रिकामा कार्टुन बनाउँदा सीमित दायरा र सरकारप्रति उत्तरदायी हुनैपर्ने कार्टुनिस्टहरू बताउँछन् । उनीहरूका अनुसार यसले गर्दा कार्टुनको सिर्जनामा अवरोध हुन्छ ।

नेपाली संचार जगत्का निम्ति कालखण्ड ठहरिएको २०६१ माघ १९ पछिको अवधिमा राजनीतिक कार्टुन वा कार्टुन पत्रकारिता चुनौतीपूर्ण थियो । तर, आँट र सिर्जनात्मक क्षमता प्रयोग गरी प्रतिगमन र राजनीतिक, प्रशासनिक आदि विसंगतिमाथि चोटिलो प्रहार गर्ने कुरामा संवाददाता, स्तम्भकार वा कतिपय सम्पादकहरूलाई समेत कार्टुनिस्टहरूले पछाडि पारे ।[१८] अहिले आएर नेपाली पत्रकारिताको क्षेत्रमा कार्टुन स्थापित विधा भइसकेको छ । पत्रकारिताको महत्त्वपूर्ण विधाका रूपमा यसले आफ्नो ठाउँ बनाएको छ ।

पत्रकारितामा लोकप्रिय बन्दै आएको कार्टुनका सर्जकहरूले यस क्षेत्रको विकास र नेपाली कार्टुनलाई अन्तर्राष्ट्रियकरण गर्न ‘कार्टुनिस्ट क्लब अफ नेपाल’ स्थापना गरेका छन् । यसमा दुई दर्जन कार्टुनिस्ट सदस्य छन् ।

## १.२ समस्या कथन

पत्रकारितामा कार्टुनको महत्त्वपूर्ण स्थान छ । यति हुँदाहुँदै पनि नेपालको कार्टुनका विषयमा कार्टुनिस्टहरूले उजागर गरेका केही तथ्य केलाउने हो भने नेपाली कार्टुन पत्रकारिताका दुर्बल पक्ष सहजै पाउन सकिन्छ । केही भनाइ हेर्दा-

कतिपय सम्पादकले कार्टुनको महत्त्व नै बुझ्ेका छैनन् । कार्टुनको थिम चोरी हुने गरेको छ - अविन

खाली ठाउँ भर्न कार्टुन राख्नेहरू पनि छन् - डिकेड

नेपालमा क्षमतावान्, कुशल र दक्ष कार्टुनिस्टको खाँचो छ - वात्स्यायन

गोरखापत्रमा राजनीतिक कार्टुन बनाउनुअघि तीन पटक सोच्नु र सोध्नुपर्छ । त्यहाँका हाकिमहरू कार्टुनदेखि असाध्यै डराउँछन् । पञ्चायतकालमा कार्टुनकै कारण गोरखापत्रका केही सम्पादकहरूको जागिर हल्लिएको थियो - रमेश विष्ट

कार्टुनचित्र अझै पनि व्यावसायिक हुन सकेको छैन- देवेन

---

[१८] पोखेल, पेशल । २०६२ । कार्टुनको शक्ति कार्टुनिस्टको शान । हिमाल खबरपत्रिका, असार १-१५, पृ. २६ ।

आजभोलि अरूको निर्देशनअनुसार रेखाचित्र कोर्ने कार्टुनिस्टहरूले गर्दा कार्टुनको मर्म बिग्रिने स्थिति देखापरेको छ - रविन

अहिले पनि कार्टुन बनाएर बाँच्न सक्ने स्थिति छैन । तर सबैमा यो लागू नहुन पनि सक्छ । केही कार्टुनिस्टले यसैलाई पेसा पनि बनाएका छन् जुन देख्दा निक्कै लोभलाग्दो छ ।

कार्टुनचित्रलाई पेसाका रूपमा अपनाउँदै आएका यस्ता हस्तीहरूको भनाइले कार्टुन पत्रकारितामा थुप्रै समस्या रहेको प्रस्ट्याउँछ । व्यावसायिकताको अभाव पनि देखिन्छ, यो क्षेत्रमा जसलाई सकारात्मक रूपमा लिन सकिँदैन । समाचार संस्थाबाट चाहेजति अधिकार पाउन नसक्नु तथा अव्यावसायिक र व्यावसायिकबीचको अव्यावहारिक प्रतिस्पर्धा नै कार्टुन विकासको बाधक रहेको धारणा कार्टुनिस्टहरूले व्यक्त गरेका छन् ।[१९]

पत्रकारितालाई सफल बनाउन कार्टुन पत्रकारिताको महत्त्व ठूलो छ । यसकारण यो क्षेत्रको विकासका लागि सबै पक्षले योगदान दिनैपर्छ । नेपालको कार्टुन पत्रकारिताको अवस्था केलाउने हो भने समस्याहरू देखा पर्छन् । यो अध्ययनमार्फत् निम्न प्रश्नहरूमाथि विश्लेषण हुनेछ -

१) नेपाली पत्रकारितामा कार्टुनलाई कत्तिको स्थान मिलेको छ ?

२) कार्टुनको गुणस्तर कस्तो छ ?

३) पत्रपत्रिकामा के-कस्ता विषयका कार्टुनहरू प्रकाशित हुने गरेका छन् ?

४) राजनीतिक परिवर्तनमा कार्टुनले कस्तो भूमिका निर्वाह गरेको छ ?

## १.३ अध्ययनको सान्दर्भिकता

अखबारमा कार्टुन प्रकाशित हुन्छन् तर ती कार्टुनले पाठकमा कस्तो प्रभाव पारेको छ भन्ने कुनै तथ्य बाहिर आएको छैन । बुद्धिजीवीले कार्टुनलाई कुन रूपमा लिएका छन् भनेर अध्ययन गर्नु आवश्यक थियो । कार्टुनले राजनीतिक, आर्थिक र सामाजिक विकृतिमाथि व्यंग्य प्रहार गरी समाजको चित्रण गर्छ भनिन्छ । पत्रकारिताको क्षेत्रमा कार्टुनले कसरी समाजको चित्रण गरिरहेको छ ? यसको खोजी आवश्यक थियो । यसले अध्ययनलाई सान्दर्भिक बनाएको छ । पत्रिकामा कार्टुनलाई कत्तिको महत्त्व दिइएको छ, बुझ्नु जरुरी भएकाले पनि अध्ययन गर्नु आवश्यक थियो । किनकी यसबारे पर्याप्त अध्ययन भइरहेको छैन ।

नेपाली पत्रकारिता क्षेत्रले हरेक राजनीतिक मोडमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । पत्रकारिताको महत्त्वपूर्ण अंग कार्टुनपत्रकारिता पनि भएकाले यसप्रकारको राजनीतिक मोडमा कार्टुनको भूमिका खोतल्न आवश्यक छ । बिनाअध्ययन कुनै पनि विषयवस्तुको व्याख्या हुने परम्परा तोडिन आवश्यक छ । कतिपयले अन्दाजको भरमा छापा पत्रकारितामा कार्टुनको भूमिका नरहने भन्न सक्छन् भने कतिले त्यही अनुपातमा भूमिका अत्यधिक हुने बताउन सक्छन् । यी दुईमध्ये कुन भनाइ सही हो भनेर थाहा पाउन पनि अध्ययन महत्त्वपूर्ण हुने विश्वास लिइएको छ ।

---

[१९] कार्टुनचित्र अध्ययन समूह । २०५९ । छापामा कार्टुन । रत्नराज्यलक्ष्मी क्याम्पस, स्नातक तह, द्वितीय वर्ष ।

## १.४ अध्ययनको उद्देश्य

कार्टुनका विषयमा केही पुस्तक छापिए पनि प्राज्ञिक अध्ययनहरू भएकै छैनन् भन्न सकिन्छ । पत्रकारिताको दृष्टिकोणबाट यसले पारेको प्रभावबारे त अहिलेसम्म कुनै अध्ययन नै हुन सकेको छैन । नेपाली पत्रकारिताको क्षेत्रमा कार्टुनको स्थान र राजनीतिक कार्टुनको अवस्था बुझ्नु यो अध्ययनको मूल उद्देश्य हो । त्यो उद्देश्य प्राप्तिका लागि अध्ययनमा निम्नानुसारको सहायक उद्देश्य राखिएको थियो ।

१) कार्टुनचित्रले नेपाली पत्रकारितामा पाएको स्थानबारे जान्नु ।

२) कार्टुन पत्रकारिताका समस्या थाहा पाउनु ।

३) कार्टुनमा आउने विविधताको अध्ययन गर्नु ।

४) कार्टुनप्रति बौद्धिक वर्गको धारणा बुझ्नु ।

## १.५ अध्ययनको विधि र क्षेत्र

अध्ययनलाई पूर्णरूपमा सफल पार्न भएसम्मको प्रयास गरिएको छ । विशेषगरी अनुसन्धान पद्धतिमा विषयवस्तु विश्लेषण, सर्वेक्षण र अन्तर्वार्ता विधि अपनाइएको थियो । विषयवस्तु विश्लेषणलाई संख्यात्मक रूपमा वर्गीकरण गरिएको थियो भने विभिन्न पेसाका पाठक तथा कार्टुनिस्टलाई सर्वेक्षण विधिमार्फत् अनुसन्धानमा सामेल गराइएको थियो । त्यस्तै सम्पादकहरू तथा बौद्धिक क्षेत्रका व्यक्तिहरूसँग अन्तर्वार्ता विधिबाट अध्ययनलाई अघि बढाइएको थियो ।

***विषयवस्तु विश्लेषण*** : यो अध्ययनका लागि राजधानीबाट प्रकाशित हुँदै आएका कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी र अन्नपूर्ण पोष्ट दैनिक छानिएका थिए । यी दैनिकहरूमा कार्टुनले राम्रो स्थान पाउँदै आएका छन् । राजधानीबाट प्रकाशित हुने अन्य नेपाली ब्रोडसिटहरूमा कार्टुनचित्र प्रकाशन नहुने भएकाले यसमा समावेश नगरिएका हुन् । उक्त पत्रपत्रिकामा छापिएका कार्टुनको विषयवस्तु विश्लेषण विधिबाट नेपाली कार्टुन पत्रकारिताको अवस्था मूल्यांकन गरिएको छ । विषयवस्तु विश्लेषणमा तीन महिनासम्म प्रकाशित सामग्रीलाई समेटिएको छ । २०६३ वैशाख १ गतेदेखि असार ३१ गतेसम्मका पत्रपत्रिकामा छापिएका कार्टुनहरू यसमा समेटिएका छन् । यो अवधिमा छापिएका कार्टुनलाई तीन वर्गमा विभाजन गरिएको छ, आर्थिक, सामाजिक र राजनीतिक । यी कार्टुनचित्रमा प्रयोग भएका भाषादेखि बनोटसम्मका विषयलाई विषयवस्तु विश्लेषणभित्र समेटिएको छ ।

***सर्वेक्षण*** *:* कार्टुनको लोकप्रियताबारे पाठकको जानकारी लिन प्रश्नावली विधि अपनाइएको थियो । प्रश्नावली विधिमार्फत् सर्वेक्षणमा १ सय २० जना काठमाडौंका पाठकलाई समेटिएको थियो । जसमा र्‍यान्डम स्याम्प्लिङमार्फत् २० प्राध्यापक, २० कामकाजी, २० संचारकर्मी, २० चिकित्सक, २० विद्यार्थी र २० इन्जिनियर समेटिएका थिए । समाजको महत्त्वपूर्ण वर्ग मानिनेहरूको प्रतिनिधित्व उपस्थित स्याम्प्लिङ्बाट हुनसक्ने भएकाले वर्गीकरणको आधारमा छनौट गरिएको थियो । त्यस्तै कार्टुनचित्रलाई पेसा बनाउँदै आएका

कार्टुनिस्टहरूसँग प्रश्नावली विधिबाट समस्याको पहिचान र समाधानका उपाय खोजिएको थियो । मूलधारको पत्रकारितामा संलग्न तथा माथि उल्लेख गरिएका सबै पत्रिकाका कार्टुनिस्टहरू यसमा समेटिएका छन् ।

***अन्तर्वार्ता विधि :*** कार्टुनबारे सम्पादकीय नीति थाहा पाउन सम्पादकहरूसँग अन्तर्वार्ता विधि अपनाइएको थियो । कार्टुनले पत्रपत्रिकामा पाउने स्थान सम्पादकीय नीतिमा भर पर्छ । त्यसैकारण अन्तर्वार्ता विधिबाट नीतिगत अवस्था बुझ्ने प्रयास भएको छ । त्यस्तै पत्रपत्रिकामा चासो राख्ने बौद्धिक वर्गलाई पनि अन्तर्वार्ता विधिमा समेटिएको थियो । उनीहरूबाट प्राप्त धारणालाई निश्चित दायराभित्र राखी वर्गीकरण गरिएको छ ।

## १.६ अध्ययनको सीमा

यो अध्ययन काठमाडौं केन्द्रित अध्ययन हो । समय अभावका कारण अध्ययन गर्न बाहिर जान सकिएन । यो अध्ययनले कार्टुन क्षेत्रको व्यापकता हुँदाहुँदै पनि मोफसललाई समेट्न सकेको छैन । दैनिक पत्रिकाबाहेक अन्य छापा माध्यमलाई पनि यो अध्ययनले समेट्दैन । साप्ताहिक पत्रिकामा कार्टुनको प्रकाशन नियमित हुने गरेका भएपनि त्यहाँ संलग्न अधिकांश कार्टुनिस्टहरू दैनिक पत्रिकामा पनि आवद्ध रहेको पाइन्छ । त्यसै आधारमा पनि साप्ताहिक पत्रिका नसमेटिदा पनि अध्ययनमा ठूलो असर नपर्ने देखिन्छ ।

## १.७ परिकल्पना

पछिल्लो समयमा नेपाली पत्रकारितामा कार्टुनले महत्त्वपूर्ण स्थान लिन सकेको छ । कार्टुनचित्र व्यावसायिक रूपमा अघि बढेको छ । हरेक पत्रपत्रिकाले कार्टुनलाई एउटा विधाका रूपमा स्वीकार गरेका छन् । यसले गर्दा कार्टुनचित्रलाई बेग्लै विधाका रूपमा समेत विकास गरिन थालेको पाइन्छ । यसैका आधारमा अध्ययनको परिकल्पना निम्नानुसार गरिएको थियो -

१) नेपाली छापामा राजनीतिक विषयवस्तुले कार्टुनचित्रमा धेरै स्थान पाएका छन् ।

२) सामाजिक विषयवस्तुमा व्यंग्य गर्ने कार्टुनिस्टहरूको संख्या न्यून छ ।

३) प्रविधिगत आधारमा कार्टुनको राम्रो विकास भएको छ ।

४) संस्थागत रूपमा कार्टुनलाई समाचारसरहको मान्यता दिन थालिएको छ ।

५) कार्टुनले पत्रपत्रिकामा पाएको स्थान ठीकै छ ।

# अध्याय दुई
## सन्दर्भ सामग्रीको पुनरावलोकन

### २.१ पुस्तकमा कार्टुन र राजनीतिक पक्ष

कार्टुनलाई समेटेर केही कार्टुनिस्टले पुस्तक प्रकाशित गरेका छन् । सबै कार्टुनिस्टको पुस्तकमा उनीहरूले बनाएका कार्टुन मात्र संकलन गरिएका छन् । पुस्तकमा कार्टुन सम्बन्धी लेख, रचना समावेश छैनन् । त्यसैले यी पुस्तकमा कार्टुनिस्टहरूले राजनीतिक कार्टुनलाई कत्तिको स्थान दिए भनेर अध्ययन गरिएको थियो ।

कार्टुनिस्ट राजेश केसीले कार्टुनको महत्त्व दर्शाउन आफूले बनाएका कार्टुनहरू समेटेर 'राजेश के.सी.को कार्टुन संग्रह भाग-१' प्रकाशित गरेका छन् । उक्त पुस्तकमा केसीले बनाएका १ सय ५६ वटा कार्टुन समावेश छन् । उनको कार्टुन संग्रहमा राजनीतिक विषयका कार्टुनको संख्या नै बढी पाइयो । हुनत नेपालमा सबैभन्दा हावी भएको क्षेत्र राजनीति हो । त्यसैले राजनीतिक कार्टुन बन्नु स्वाभाविक मान्न सकिन्छ । केसीका पुस्तकमा रहेका सबै कार्टुनलाई संख्यात्मक आधारमा वर्गीकरण गर्दा राजनीतिक ७१, सामाजिक ३५, सांस्कृतिक ४, आर्थिक ३५ र अन्य विषयका ११ वटा कार्टुन छन् । डा. अभि सुवेदीले राजेश केसीले बनाएका कार्टुनमा राजनीतिक विडम्बनाको रचना पाइने कुरा व्यक्त गरेका छन् । उनका अनुसार कार्टुनसँग अधिनायकहरू डराउँछन् , अधिकार खोसेर बस्नेहरू डराउँछन् ।

नेपाली कार्टुनमा राजनीतिक मात्र अर्थ नभएर सामाजिक, सांस्कृतिक र श्रृंगारिक अर्थ हुन्छन् भन्ने धारणा डा. अभिको छ । तर जुन ठाउँमा राजनीतिको सबभन्दा धेरै चर्चा हुन्छ, जहाँ राजनेताहरूले मानिसको भाग्य र दुर्भाग्यको ठेक्का लिन्छन्, जहाँ शिक्षा पनि राजनीतिक कार्यक्रमभित्र पर्छ त्यस्तो ठाउँमा कार्टुनले पनि त्यही विषयलाई समातेको हुन्छ । व्यक्ति, समाज र देशमा दिनहुँ घटिरहेका रमाइला, नरमाइला पक्षलाई कार्टुनमार्फत् पाठकवर्गमा प्रस्तुत गर्ने कुरा राजेशले पुस्तकमा उल्लेख गरेका छन् । कार्टुन बनाउने क्रममा केही कार्टुनले हँसाएको र केहीले आँखा रसाएको अनुभव पनि राजेशले पुस्तकमा लेखेका छन् ।

'डिकेडको कार्टुन कलेक्सन १' व्यंग्यचित्रकार धीरजकुमार दाहाल 'डिकेड' ले २०५४ साल चैत्र महिनामा व्यंग्यचित्रको संगालो निकालेका थिए । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य गरी विषयगत रूपमा कार्टुनलाई छुट्याउँदा राजनीतिक कार्टुनकै बाहुल्य रहेको पाइयो । संख्यात्मक आधारमा विभाजित गर्दा १ सय ४० वटा राजनीतिक कार्टुन, १९ वटा सामाजिक कार्टुन, १६ वटा आर्थिक कार्टुन, ६ वटा सांस्कृतिक कार्टुन र १४ वटा अन्य विषयका कार्टुन समावेश छन् । 'डिकेडको कार्टुन कलेक्सन १' नामक पुस्तक व्यंग्यचित्र संकलित पहिलो पुस्तक हो । कार्टुनले राजनीतिक, सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा देखिएका विसंगतिमाथि सटिक ढंगले प्रहार गर्ने कुरा पुस्तकमा नेता पी. एल. सिंहले उल्लेख गरेका छन् ।

त्यस्तै कार्टुनिस्ट अविन श्रेष्ठले पनि 'अविनको कार्टुन कलेक्सन भाग १' प्रकाशित गरेका छन् । २०६१ सालमा प्रकाशित उक्त पुस्तकमा हिमालय टाइम्स तथा अन्य पत्रपत्रिकामा छापिएका १ सय ४ वटा कार्टुन

संकलन गरिएको छ । यसमा पनि अन्य कार्टुनको तुलनामा राजनीतिक विषयका कार्टुनकै बाहुल्यता देखिन्छ । जसमध्ये राजनीतिक ५०, सामाजिक २२, वातावरणीय १४, आर्थिक र अन्य विषयका ९/९ वटा कार्टुन छन् । पुस्तकमा सबै विषयका कार्टुनलाई समेटिएको छ । राजनीतिक स्वार्थ, नीतिगत स्वार्थका लागि तानातानी, होडबाजीमाथि लक्षित गरेर व्यंग्य गर्न कार्टुनिस्ट सक्षम भएको कुरा पुस्तकमा अशोकमान सिंहले उल्लेख गरेका छन् । वात्स्यायनका अनुसार मनोरञ्जनात्मक शैलीमा चित्रहरूको रचना गरेर समाजलाई सचेत गराउन पकेट कार्टुनको विशेष महत्व हुन्छ ।

अर्का कार्टुनिस्ट वात्स्यायनका कार्टुनहरूको संगालो 'वात्स्यायन एन्ड हिज बार्ब्स' प्रकाशित छ । २०६३ सालमा प्रकाशित उक्त पुस्तकमा वात्स्यायनले बितेका १५ वर्षमा बनाएका राजनीतिक र सामाजिक विषयवस्तुका कार्टुन समावेश छन् । जसमध्ये राजनीतिक विषयका कार्टुन ९१ वटा छन् भने ८२ वटा सामाजिक विषयका कार्टुन छन् । पुस्तकको आवरण पृष्ठमा २०४६ सालपछिको नेपालको राजनीतिक अवस्थालाई राम्रोसँग देखाइएको छ । कार्टुनमा मानवलाई झुन्ड्याइएको छ र सैन्यबलका आधारमा राज्य र गैरराज्य पक्षबाट अधिकारको अपहरण गरिएको देखाइएको छ । पुस्तकमा समेटिएका राजनीतिक विषयवस्तुका कार्टुन उल्लेखनीय छन् । मरिसकेको संवैधानिक राजतन्त्रलाई नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले कन्टेनरबाट उठाएर बोकेको कार्टुन वात्स्यायनले राजाको सक्रिय शासनकै बेलामा बनाएका थिए । वात्स्यायनले आफ्ना राजनीतिक कार्टुनमा पुरूष पात्रलाई मात्र समावेश नगरी महिला पात्रलाई पनि उभ्याएका छन् ।

प्रोफेसर  राम कुमार पाँडेको 'सेन्स अफ ह्युमर नेप्लिज कार्टुन्स' कार्टुन विधाका लागि अर्को महत्त्वपूर्ण पुस्तक हो । वि.सं. २०५४ सालमा प्रकाशित उक्त पुस्तकमा नेपाललगायत विभिन्न मुलुकका कार्टुनको इतिहास उल्लेख गरिएको छ । त्यस्तै नेपालमा विभिन्न समयमा भएका राजनीतिक परिवर्तनमा पत्रपत्रिकामा प्रकाशित कार्टुनपनि उक्त पुस्तकमा समावेश गरिएको छ । कार्टुनिस्ट अफ नेपाल शीर्षकमा पाँडेले पायोनियर कार्टुनिस्टमा टेकवीर मुखिया(उदय), दुर्गा बराल (वात्स्यायन), बलराम थापा (बराथा), मोहन श्याम महर्जन ( खोकना), र पछिल्ला कार्टुनिस्ट भनेर उज्ज्वल कुन्दन ज्यापु (ज्यापु), धीरेशकुमार दाहाल (डिकेड), रविन पिया (पिया), कीर्तिकिशोर जोशी (किर्किस), राजबाबु शाक्य (सारव), रविन सायमी (सायमी) को नाम उल्लेख गरेका छन् । यी कार्टुनिस्टहरूले राजनीतिक विषयका कार्टुन बनाएका थिए ।

कार्टुनको क्षेत्रमा रुचि राख्ने पाठकहरूका लागि कार्टुनको विकासक्रम (विश्वमा र नेपालमा) र इतिहासबारे जानकारी दिने अभिलेखका रूपमा कुन्दन अर्यालको 'नेपाली प्रेसमा कार्टुन' लाई लिन सकिन्छ ।  राजनीतिक उथलपुथलको समयमा नेपाली कार्टुनमा परेको प्रभावका बारेमा पनि पुस्तकमा उल्लेख गरिएको छ । २०३६ साल जेठ १६ गते राजदरबारको विज्ञप्तिमार्फत् आफूलाई लागेको कुरा निर्धक्क र स्वतन्त्र रूपमा अभिव्यक्त गर्न, लेख्न छुट प्रदान गरिएको, त्यसपछि कार्टुनमा प्रखर र आक्रामक स्वरूपमा वृद्धि भएको उल्लेख गरेका छन् । मूलतः ०३६ सालको आधारभूमिमा खडा भएर नेपाली कार्टुनले संख्यात्मक विकासतर्फको यात्रा सुरु गऱ्यो । तर खासगरी २०३८ सालको आमचुनावपछिको राजनीतिक वातावरणको चहलपहलले नेपाली प्रेसको

कार्टुनलाई बढी प्रभावित पाऱ्यो । ०४२ सालको सत्याग्रहपछि नेपाली प्रेसमा कार्टुनिस्टहरूबीच सम्पादकको निर्देशनभन्दा स्वतन्त्र रूपमा कार्टुन बनाउने क्रम सुरू भएको कुन्दनको पुस्तकमा उल्लेख छ ।

## २.२ कार्टुनसम्बन्धी लेखमा राजनीतिक विषय

कार्टुनका बारेमा धेरै लेख प्रकाशित भएका छन् । तीमध्ये केही लेख मात्र राजनीतिक विषयका कार्टुनहरूसँग जोडिएका छन् । कार्टुनसम्बन्धी लेखको संख्या धेरै भए पनि राजनीतिक कार्टुनमा केन्द्रित भएर कमैमात्र लेख-रचना तयार भएका छन् वा प्रकाशनमा आएका छन् ।

पञ्चायतकालमा व्यंग्यचित्र बनाइन थाले पनि त्यतिबेला पञ्चायतको विरोधमा व्यंग्य गर्नु बन्देज थियो । बनाएका व्यंग्यात्मक चित्र प्रदर्शन गर्न पनि गाईजात्रा नै कुर्नुपर्थ्यो ।[२०]

केही समययता राजनीतिक कार्टुनका क्षेत्रमा नेपाली कलाकारहरूले छलाङ नै मारेका छन् । विश्लेषक सीकेलाल भन्छन्-'राजनीतिक कार्टुनको क्षेत्रमा नेपाली कार्टुनिस्टहरूको रचना उत्कृष्ट छ ।'

नेपालका कार्टुनिस्टहरू परिपक्व र परिमार्जित हुँदै गएका छन् । नेपाली पत्रपत्रिकामा छाउने विविध विषयहरूको प्रतिबिम्ब कार्टुनमा पनि परेको छ । पत्रपत्रिकामा राजनीतिक, सामाजिक, वातावरणीय र आर्थिक कार्टुनहरू देखापर्ने गरेका छन् । यीमध्ये पनि धेरैजसो राजनीतिक विषयसँग सम्बन्धित कार्टुन नै बढी आउँछन् । यसलाई कार्टुनिस्टहरू पनि स्वीकार गर्छन् । पत्रपत्रिकामा पनि बढी मात्रामा राजनीतिक सामग्री प्रकाशित हुन्छन् । त्यसैले कार्टुनको विषयवस्तु पनि त्यही हुन्छ । पाठक/दर्शकले पनि राजनीतिक कार्टुन नै मन पराउँछन् ।

सञ्चार ऐन संशोधनसम्बन्धी प्रस्तावित अध्यादेश जारी भएको समयमा नेपाली कार्टुनिस्टले 'सेल्फ सेन्सरसीप' गरे । कार्टुनिस्टले फुत्किने उपाय सोचेर कार्टुन बनाएका थिए, त्यो समयमा । जुनसुकै बेला जे निहुँमा जोरी खोज्न सक्ने सत्ताको नियत/चरित्रसँग भलिभाँती परिचित कार्टुनिस्टसामु संयमसँगै साहस देखाउनुपर्ने दोहोरो दायित्व आएको छ । वासु क्षितिज यसलाई नयाँ जिम्मेवारी मान्छन् । यस्तै जिम्मेवारी बोध गरेर क्षितिजले २०६२ चैतको बुधबार साप्ताहिकमा भुटानको प्रस्तावित संविधानसँग नेपाली राज्यसत्ताको तुलना गर्दै एउटा कार्टुन बनाए । त्यसको व्यंग्योक्ति थियो, 'हामी भुटानभन्दा अगाडि छौं कि पछाडि हैं ?' यही कार्टुनका कारण राज्यसंयन्त्रसँग बुधबार साप्ताहिकका सम्पादक सूर्य थापाले स्पष्टीकरण दिनुपऱ्यो ।[२१]

---

[२०] सिग्देल, सुदर्शन । २०६१ । हँसाउने कार्टुनले रूवाउँछ पनि । राजधानी इन्द्रणी, भदौ १५, पृ. ११ ।

[२१] पोखेल, पेशल । २०६२ । कार्टुनको शक्ति कार्टुनिस्टको शान । हिमाल खबरपत्रिका, असार १-१५, पृ. २८ ।

कार्टुनिस्ट रमेश विष्टका अनुसार गोरखापत्रमा धेरै सोचविचार गरेर मात्र राजनीतिक कार्टुन बनाउनुपर्छ । त्यहाँका हाकिमहरू राजनीतिक कार्टुनदेखि असाध्यै डराउँछन् । पञ्चायतकालमा कार्टुनकै कारण गोरखापत्रका केही सम्पादकहरूको जागिर जोखिममा परेको थियो ।[२२]

शाही कदमका कारण प्रजातन्त्र खतरामा परेको अवस्थामा कार्टुनिस्टहरूले प्रजातन्त्रको वकालत गर्दै जनताको अपहरित हक-अधिकारको फिर्ताको माग गरेका थिए । प्रजातान्त्रिक कित्तामा स्पष्ट अडानका साथ उभिनु भनेको कार्टुनिस्टहरूको राजनीतिक दृढता र सचेतना नै हो ।

२०६१ माघ १९ भन्दा अघिका दिनमा राजनीतिक कार्टुनबाहेक सामाजिक विषयवस्तुका कार्टुन पनि बनाउने गरिन्थ्यो । त्यो समयमा कार्टुनिस्टहरूमा सामाजिक उत्तरदायित्वको बोध बढी थियो । तर, पछिल्ला दिनमा सामाजिक उत्तरदायित्वलाई राजनीतिले ओझेलमा पारेको छ । अहिले सामाजिक विषयवस्तुको प्रस्तुतिमा कमी आएको छ । अर्थात् राजनीतिक साध्य प्राप्तिका लागि यस्ता विषयलाई साधनका रूपमा प्रयोग गर्ने काम कार्टुनिस्टहरूबाट भएको छ भन्दा असंगत ठहरिँदैन । अधिकांश कार्टुन राजनीति केन्द्रित छन् ।[२३]

राजनीतिक स्थितिका कारण पाठकले अन्य विषयका कार्टुनभन्दा राजनीतिक कार्टुन नै बढी मनपराउँछन् । यस्ता कार्टुन हेर्ने पाठक पनि विभाजित हुन्छन् । राजनीतिका कारण एउटै कार्टुन कुनै पाठकका लागि पूर्वाग्रही हुन्छ त कुनैका लागि समसामयिक र उचित लाग्छ । [२४]

---

[२२] कार्टुनिस्ट रमेश विष्टसँग वैशाख १० गते गरिएको कुराकानी ।

[२३] झा, धर्मेन्द्र । २०६२ । स्वतन्त्रताको जगेर्नामा कार्टुन । प्रेस स्वतन्त्रता संकटका एक वर्ष, पृ. १४२ ।

[२४] बराल, दुर्गा । २०५५ । व्यंग्यचित्र बनाउनु सजिलो काम होइन (अन्तर्वार्ता) । गोरखापत्र, भदौं २४ गते पृ.७ ।

# अध्याय तीन

# कार्टुनका विविध पक्ष

## ३.१ राजनीतिक कार्टुनको वर्तमान अवस्था

कार्टुनिस्टको दायित्व समाजसँग सम्बन्धित भएकाले पत्रपत्रिकामा बढी मात्रामा राजनीतिक कार्टुन आउनु स्वाभाविक हो । कार्टुनिस्टले समाजमा भएका विकृतिमाथि प्रश्न उठाएर सम्बन्धित पक्षलाई सचेत गराउने काम गर्छन् । अहिले पनि समाजमा राजनीतिक संघर्ष छ ।

समाजमा ठूलो राजनीतिक उथलपुथल भएको छ । राजनीतिक घटना घटेको छ । राजनीतिक द्वन्द्व भएको छ । जहाँ पनि राजनीति नै राजनीति छ । जुन क्षेत्रको बारेमा कार्टुन सोचे पनि राजनीतिमै आएर टुंगिने कार्टुनिस्टहरू बताउँछन् । कार्टुनिस्ट अविन भन्छन्- 'हामीकहाँ सबैभन्दा विकृत भएको क्षेत्र राजनीति हो । यसले गर्दा पनि व्यंग्यचित्र बढी राजनीतिसँग सम्बन्धित भएका हुन् ।'[२५]

कार्टुनिस्ट वात्स्यायनका अनुसार हाम्रो मुलुकमा सबैभन्दा हावी भएको विषय राजनीति हो । पाठक/दर्शकले पनि यस्तै कार्टुन रुचाउँछन् । राजनीतिक मिसनसँग आफ्नो गहिरो सम्बन्ध भएको बताउँदै उनी भन्छन्- 'मैले कार्टुन बनाउन सुरू गर्दा जनताका अधिकार अपहरित थिए, प्रेस स्वतन्त्रता कुण्ठित थियो । पत्रिकाको संख्या थोरै थियो । जति चलेका थिए, ती पनि मिसनमा थिए । त्यसैले मेरा विचार मिसनबाट निर्देशित भए । केही समयअघिको प्रजातन्त्रको मिसन अहिले लोकतन्त्रको मिसन भएको छ ।' [२६]

नेपाली पत्रिकामा राजनीतिक कार्टुन बढी आउँछन् । कार्टुन मात्र नभएर समाचार, लेख पनि राजनीतिक नै बढी हुन्छन् । अरू क्षेत्र कमै चर्चामा आउँछ । राज्यको सबै कुरा राजनीतिमै केन्द्रित भएकाले मिडियाले पनि राजनीतिक कुरा नै बढी प्रकाशमा ल्याउने सम्पादकहरू बताउँछन् । त्यसो त पाठकले पनि राजनीतिक व्यंग्य नै रुचाउँछन् । राजनीतिक कार्टुन बढी आउँदा अन्य विषयका कार्टुन छायामा पर्छन् । स्वास्थ्य, शिक्षालगायतका अन्य क्षेत्रमा प्रशस्तै विकृति र विसंगति छन् । तर पनि ती विषयमा खासै कार्टुन बनेको पाइँदैन ।

राजनीतिक अस्थिरता र तरलताका कारणले पाठकले अन्य विषयका कार्टुनभन्दा राजनीतिक कार्टुन नै बढी मन पराउने गर्छन् । यसमा सहमति जनाउँदै प्रेस काउन्सिलका अध्यक्ष राजेन्द्र दाहाल भन्छन्- 'राजनीतिबाहेक अरू कार्टुन टिक्दै टिक्दैन ।' कलाकारको दायित्व समाजसँग सम्बन्धित हुन्छ । समाजमा भएका विकृतिमाथि प्रश्न उठाएर सम्बन्धित पक्षलाई सचेत गराउने काम कलाकारको हो । सबै कलाकारले बजार हेर्छन् । समाजमा राजनीतिक संघर्ष भएका बेलामा कार्टुनिस्ट मात्र यसबाट अलग रहन सक्दैनन् ।

---

[२५] कार्टुनिस्ट अविनसँग २०६३ वैशाख २१ गते गरिएको कुराकानी ।

[२६] कार्टुनिस्ट दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी ।

त्यसैले राजनीतिक कार्टुन पत्रपत्रिकामा बढी आउँछ । हुन त राजनीतिक कार्टुनले कार्टुनिस्टलाई प्रख्यात पनि बनाउँछ ।[२७]

## ३.२ सैद्धान्तिक आधारमा कार्टुन पत्रकारिता

डेनिस म्याक्वेलले संचारका माध्यमबाट हुने उत्पादनलाई सामाजिक यथार्थसँग जोडेर अध्ययन हुनुपर्ने तर्क गरेका छन् ।[२८] कार्टुनलाई उनको सैद्धान्तिक मापदण्डमा राख्ने हो भने त्यसले समाजको प्रतिनिधित्व गरेको हुनुपर्छ । सामाजिक यथार्थलाई प्रतिबिम्बित गर्ने कार्टुनको सन्दर्भमा पनि उनले भनेजस्तै कुन पक्षको यथार्थलाई प्रतिनिधित्व गर्ने हो ? विवादमा रहनसक्छ । जस्तै कुनै कार्टुनले समाजको प्रतिबिम्ब सिर्जना त गर्ला तर त्यसले एउटा पक्षलाई मात्र नराम्रो रूपमा प्रस्तुत गरेको हुनसक्छ । राजनीतिक रूपमा 'कार्टुन' अस्त्रमात्र भएको छ छैन ? राजनीतिक पार्टी र सिद्धान्तसँग निकट पत्रकारिताको विकास २०३६ साल यता बढेकाले पक्कै पनि कार्टुनमा यस्ता दृश्यहरू समेटिएको पाइन्छ । व्यावसायिकताको प्रारम्भ भएको ०४६ पछिको कार्टुन पत्रकारितामार्फत् समाजको सही प्रतिनिधित्व भएको छ त ? विश्लेषक सीकेलालको भनाइमा 'कार्टुनले जटिल मुद्दाका विषयलाई बोधगम्य रूपमा प्रस्तुत गरिदिन्छ । साथै सामाजिक जिम्मेवारीका रूपमा पनि कार्टुनले महत्त्वपूर्ण भूमिका खेल्छ ।' [२९]

कार्टुनले सामाजिक परिवर्तन गर्न सक्छ भन्ने नलागे पनि सम्बन्धित पक्षलाई घच्घच्याउने काम गर्ने धारणा कार्टुनिस्ट अविनको छ । विकृति हटाउने कि नहटाउने भन्ने सम्बन्धित पक्षमा निर्भर रहन्छ ।[३०] वात्स्यायनकै भनाई टिप्ने हो भने, "वास्तविकता जे भएपनि अराजकता फैलन सक्ने सृजना कार्टुनिस्टले गर्दैन । कलाले प्रत्यक्षरूपले सन्देश सम्प्रेषण गर्छ । आलेख पढ्दा त्यस्तो हुदैन ।"

उदार सिद्धान्तअन्तर्गत मिडियालाई सुचना र वादविवाद/वहस गर्ने एउटा साधनका रूपमा पनि हेरिन्छ जसको काम प्रजातन्त्रलाई सहज तुल्याउने हो ।[३१] मिडियाको स्थान कार्टुनलाई दिने हो भने यहाँ थप प्रष्ट हुन्छ, राजनीतिक विकासमा कार्टुनको भूमिका कस्तो हुन्छ भन्ने ।

## ३.३ कानुन र विवादित कार्टुनहरू

छापाखाना तथा प्रकाशन ऐन २०४८ नै कार्टुनचित्रलाई आकर्षित गर्ने कानुन हो । पत्रपत्रिकामा प्रकाशित सामग्रीका बारेमा यो ऐनले छापा माध्यमको प्रतिरक्षा गरेको छ । जसअनुसार कार्टुनचित्र बनाएवापत् पत्रपत्रिका जफत वा प्रकाशन बन्द गर्न पाइदैन । संवैधानिक आधार हेर्ने हो भने पनि २०४७ को संविधानले

---

[२७] राजेन्द्र दाहालसँग २०६३ जेठ २२ गते गरिएको कुराकानी ।

[२८] McQuail, Danis. 2000. Comparing media with social reality. McQuail's Mass Communtication Theory 4th Edition , P 305 .

[२९] सीके लालसँग २०६३ साउन ४ गते गरिएको कुराकानी ।

[३०] कार्टुनिस्ट अविनसँग २०६३ वैशाख २१ गते गरिएको कुराकानी ।

[३१] वन्त, प्रत्यूष । सन् २००५ । मिडिया र उदार प्रजातन्त्र । नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन । पृ. ५८०।

मौलिक हक अन्तर्गत व्याख्या गरेका प्रावधानहरू अन्य पत्रकारिताका क्षेत्रमा झैं कार्टुनमा पनि लागू हुने देखिन्छ । यद्यपी कानुनलाई नै आधार मानेर कार्टुनको व्याख्या भएको पाइन्न ।

कार्टुन निर्माणको अभ्यास हेर्ने हो भने सामान्यतयाः कार्टुन बनाउँदा कार्टुनिस्ट आफैं संयम भएर बनाउँछन् । लेखक खगेन्द्र संग्रौलाको विचारमा समाजका अवरोध र विसंगतिमाथि प्रश्न उठाउने काम कार्टुनले गर्छ । राजाको प्रत्यक्ष शासनको समयमा राजाका विरूद्धमा वात्स्यायनले बनाएको कार्टुन पनि कानुन विपरीत भएको भन्नेहरू छन् । तर, विश्लेषक सीकेलाल उक्त कुरासँग सहमत छैनन् । उनी भन्छन्- 'नेपाली कार्टुनिस्टले सीमा उल्लंघन गरेको देखिँदैन ।' डेनमार्कमा मोहम्मद पैगम्बरको बारेमा बनेको कार्टुनले तहल्का मच्चियो । यस्ता कुरामा हाम्रा कार्टुनिस्ट अन्य मुलुकका कार्टुनिस्टभन्दा धेरै संयमित देखिन्छन् ।

कतिपय अवस्थामा कार्टुनकै कारण कार्टुनिस्टले स्पष्टीकरण दिनुपरेको र सम्पादकले मुद्दा खेप्नुपरेको छ । कार्टुनचित्र पत्रिकामा प्रकाशित भएपछि बिक्री हुने मात्र होइन, विजोग बेहोर्नुपर्ने घटना पनि बेलाबखत घट्छन् । २०३५ सालमा कार्टुनिस्ट बराथाको साप्ताहिक समीक्षामा 'गधालाई धोएर घोडा बनाउँदैछु सरकार' भन्ने आशयको कार्टुन छापिँदा तहल्का मच्चियो ।[३२]

दस महिनासम्म प्रकाशन बन्द भएको 'समीक्षा' मुद्दा जितेपछि मात्र  पुनः प्रकाशन सुरू भएको थियो । २०३५ साल वैशाख ८ गतेको समीक्षामा उक्त कार्टुनका आधारमा १२ गते पत्रिकामाथि प्रतिबन्ध लगाइएको हुनुपर्ने ठहर सम्पादकको भए पनि सरकारले प्रतिबन्ध गर्नुको कारण खोलेको थिएन । सरकारले १२ गते राति र भोलिपल्ट गरी समीक्षालाई दुईवटा पुर्जी थमाएर छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन ०३२ को धारा २२ प्रयोग गरी प्रकाशनमाथि रोक लगाइएको जनाएको थियो तर सर्वोच्च अदालतको २०३५ साल मंसिर ६ गतेको फैसलाअनुसार समीक्षामाथिको प्रतिबन्ध फुकुवा भएको थियो । अखबारलाई दस-दस महिनासम्म बन्द गराउने उक्त कार्टुन यस्तो थियो-

कार्टुनमा फेटा, लवेदा-सुरुवाल, घाँटीमा मोतीको माला आदि परम्परागत वेशभूषाले सजिएका दुईजना मानिस देखाइएको छ । एउटा मानिस अर्काका सामु निकै निहुरेको छ । निहुरेको मानिसमाथि विष्ट लेखिएको छ । बीचमा एउटा गधा देखाइएको छ । निहुरेको मानिसले गधामाथि पानी छ्यापिरहेको छ । पानीमा पुनर्गठन लेखिएको छ । तलपट्टि पानीमा धोबिखोला लेखिएको छ । त्यहीँनेर साबुनजस्तो देखिने वस्तुमा मायालु लेखिएको छ । गधाको शरीरमा मन्त्रिपरिषद् लेखिएको छ । कार्टुनको शीर्षस्थानमा लेखिएको छ- पुरानो गाथाः नयाँ नेपालको कथा । कार्टुनको क्याप्सनमा अकबर र वीरवलबीचको संवाद उल्लेख गरिएको छ । अकबर सोध्दैछन्- के गर्दैछौ, वीरबल ? जवाफमा वीरबल भन्दैछन्- गधालाई धोएर घोडा बनाउँदैछु सरकार ।[३३] (हेर्नुहोस् अनुसूची २)

[३२] कुन्दन अर्यालको 'नेपाली प्रेसमा कार्टुन' नामक पुस्तकमा उक्त कार्टुन मोहनश्याम महर्जनले बनाएको उल्लेख छ । तर राजधानी दैनिकको २०५९ भदौं १८ को अंकमा प्रकाशित 'चित्र विचित्रको व्यंग्यचित्र' नामक लेखमा ज्ञानेन्द्र विवशले उक्त कार्टुन बलराम थापाले बनाएको उल्लेख गरेका छन् । अध्ययनको क्रममा कार्टुनिस्ट मोहनश्याम महर्जनले समेत उक्त कार्टुन आफूले नबनाएको बताएका हुनाले अर्यालको पुस्तकमा उल्लेखित विवरण गलत भएको देखिन्छ ।

[३३] अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन, पृ. ७५- ७७ ।

२०४८ साल मंसिर ४ गते बुधबार, वर्ष ९, अंक १ को दृष्टि साप्ताहिकमा रविन सायमीको 'लकडी चोर न्यायाधीश' शीर्षकको कार्टुन छापिएको थियो । उक्त कार्टुनकै कारण प्रधानसम्पादक कमल कोइराला, सम्पादक नारायण ढकाल र प्रकाशक शम्भु श्रेष्ठले मुद्दा खेप्नुपर्‍यो । दृष्टिमाथि मुद्दा दायर गरिएपछि २०४८ मंसिर २४ गतेको बुधबारको अंकमा रविन सायमीकै अर्को कार्टुन छापिएको थियो । न्यायाधीश आफ्नो स्थानमा बसेको, वकिल उभिरहेको र कलम समाएर एउटा व्यक्ति कठघरामा खडा भएको पृष्ठभूमि रहेको उक्त कार्टुन अखबारको अन्तिम पृष्ठमा छापिएको थियो । कार्टुनको क्याप्सन थियो- श्रीमान् क्षमा पाऊँ, अब साँचो कुरा लेख्ने छैन । निजी क्षेत्रबाट संचालित दृष्टि साप्ताहिकका कार्टुनिस्ट रविन सायमीले बनाएको कार्टुनकै कारण सम्पादक र प्रकाशकले मुद्दा खेप्नुपर्‍यो ।[३४]

यसैगरी साप्ताहिक विमर्शका सम्पादक हरिहर विरही २०४९ साल कार्तिक २१ गतेको विमर्शमा छापिएको कार्टुनका कारण सात दिन जेल जानुपर्‍यो । उक्त पत्रिकामा कार्टुनिस्ट मोहनश्याम महर्जनले बनाएको टनकपुर सन्धिको सम्बन्धमा अदालतको धारणासम्बन्धी कार्टुन छापिएको थियो । फलस्वरूप विरहीमाथि प्रधानन्यायाधीश र सर्वोच्च अदालतको अवहेलना गरेको अभियोग लाग्यो । यसले गर्दा विरहीले सात दिन जेल सजाय र ५ सय रूपियाँ जरिवाना तिर्नुपर्‍यो । [३५]

यसरी राजनीतिक विषयमा बनाइएका कार्टुनले सम्पादक र पत्रिकाले सास्ती पाएको देखिन्छ । यसबाट कार्टुन विधा जोखिम र चुनौतीपूर्ण रहेको पनि प्रस्टै हुन्छ ।

वात्स्यायनले २०५० सालमा गोरखापत्रमा अविश्वासको प्रस्तावलाई लिएर बनाएको कार्टुनले संसद्मा हल्ला भयो र स्पष्टीकरण दिनुपर्‍यो । यसैगरी देशान्तरमा बनाएको कार्टुनका कारण अदालतको मानहानी भयो भनेर स्पष्टीकरण दिनुपरेको थियो ।[३६] वात्स्यायनले २०६२ भदौ ५ गतेको कान्तिपुरमा बनाएको घोडाको सिनो तानेको कार्टुन निकै विवादास्पद बन्यो । असहमति, गुनासो व्यक्त गर्ने कला कार्टुन भएको वात्स्यायन बताउँछन् । उक्त कार्टुन पनि उनले गुनासो व्यक्त गर्न बनाएको उनी बताउँछन् । कार्टुनको उद्देश्य सुधार गर्ने हो । कार्टुन देशको समसामयिक विषयवस्तु सुहाउँदो भएको दाबी उनी गर्छन् ।

विश्लेषक सीकेलालका अनुसार वात्स्यायनले बनाएको २०६२ भदौं ५ गतेको कार्टुन स्तरीय थियो । कतिपयले उक्त कार्टुनले सीमा नाघ्यो भनेर विरोध गरे । जुन मुद्दा राष्ट्रिय बहसमा पैदा भएको छ त्यसलाई सीमा नाघेको भन्न नमिल्ने सीकेलाल बताउँछन् । राष्ट्रिय बहसमा पैदा भएको कुरालाई वात्स्यायनले कार्टुनमा उठाएका हुन् । उक्त कुरा पहिलोपटक कार्टुनबाट आएको भए त्यसलाई गलत मान्न सकिन्थ्यो ।

सम्पादक युवराज घिमिरे र राजेन्द्र दाहाल भने उक्त कार्टुन समसामयिक भए पनि नमीठो स्वादको भएको बताउँछन् । २०६२ भदौ ५ गते वात्स्यायनले बनाएको कार्टुन कुनै पनि ढंगमा ठीक मान्न सकिने नेता नरहरि

---

[३४] कार्टुनिस्ट रविन सायमीसँग २०६२ असार २२ गते गरिएको कुराकानी ।

[३५] कार्टुनिस्ट मोहनश्याम महर्जनसँग २०६३ असार १५ गते गरिएको कुराकानी ।

[३६] कार्टुनिस्ट दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी ।

आचार्य बताउँछन् । उक्त कार्टुन सटिक थियो । रिसइवीले गर्दा मात्र कार्टुनमा विवाद उठेको हो । २०६१ माघ १९ मा नै संविधान मरिसकेको थियो । त्यसलाई वात्स्यायनले कार्टुनमार्फत् प्रस्तुत गरेका हुन् ।

राजाको शासन कालकै समयमा कान्तिपुरमा प्रकाशित वात्स्यायनले बनाएको समाचारवाचक र सैनिक पोसाकमा भानु स्मारकलगायतका कार्टुनका कारण स्पष्टीकरण दिनुपऱ्यो । राजधानीका कार्टुनिस्ट उत्तम नेपालले सुरक्षा निकायबाट टेलिफोन चेतावनी पाए ।

यसैगरी २०६२ सालमा चैत १७ गते बुधबार साप्ताहिकमा प्रकाशित वासु क्षितिजको प्रजातन्त्र कहाँ छ महाराज ? शीर्षकको कार्टुन निकै चर्चामा रह्यो ? उक्त कार्टुन छापेका कारण बुधबार साप्ताहिकका सम्पादक सूर्य थापा सात पटकसम्म स्थानीय प्रशासनमा तारेख खेप्न बाध्य भए । संकटकालको अवधिमा प्रकाशित कार्टुनका कारण प्रशासनको हप्कीदप्की सहनुपऱ्यो ।

## ३.४ कार्टुन र व्यावसायिक समस्या

सुरूको अवस्थामा कार्टुनिस्टहरूलाई त्यति सम्मान पनि थिएन । कार्टुनिस्टहरूका अनुसार उनीहरूको अवस्था प्रेसको टाइपिस्टसरह हुन्थ्यो । पत्रकार मानिँदैनथ्यो । तर, आज कार्टुनिस्टको काम सम्पादकको भन्दा कम महत्त्वपूर्ण हुँदैन भन्ने धारणा विकसित भएर गएको कार्टुनिस्टहरू आफै बताउँछन् ।

नेपाली कार्टुनचित्रलाई व्यावसायिकतातिर उन्मुख गराउन ‘साप्ताहिक मञ्च’को महत्त्वपूर्ण देन छ । नेपालमा पहिलोपटक साप्ताहिक मञ्चले कार्टुनिस्टलाई अन्य रिपोर्टरसरह पारिश्रमिक दिन थालेको हो ।[३७] तर, कुन मितिबाट कार्टुनिस्टहरूले पारिश्रमिक पाउन थालेका हुन् भन्ने प्रस्ट उल्लेख छैन ।

आज पनि यो पेसा विभिन्न समस्याबाट मुक्त हुन सकेको छैन । अरूको निर्देशनअनुसार रेखाचित्र कोर्ने कार्टुनिस्टहरूले गर्दा कार्टुनको मर्म फितलो हुने गरेको छ ।

कार्टुनिस्ट दुई किसिमका छन् । एकातिर यथार्थ समसामयिक र सिर्जनशील ढंगले कार्टुन कोर्ने कार्टुनिस्ट छन् भने अर्कातिर प्राविधिक शैलीले रेखा कोर्ने कार्टुनिस्ट मात्र छन् । तर, पत्रपत्रिकामा यी दुवैथरीलाई समान रूपमा हेरिन्छ । यसले गर्दा पत्रकारितामा अन्याय गरेको ठहरिने कार्टुनिस्टहरू बताउँछन् ।

पहिले पत्रिकाहरू एउटा राजनीतिक मिसन लिएर संचालित थिए । व्यावसायिक पत्रकारिता नभएकाले उनीहरूको आर्थिक अवस्था पनि राम्रो थिएन । सुरूमा कार्टुननिस्टले कार्टुन तयार गरेवापत् पारिश्रमिक पाउँदैनथे । पारिश्रमिक नपाइने भएकाले काममा निरन्तरता नहुने कार्टुनिस्टहरू बताउँछन् । यसले गर्दा पहिलेका केही कार्टुनिस्टहरू यो विधाबाट अलग भइसकेका छन् । दुर्गा बरालले ०४६ सालभन्दा अगाडि बनाएका सबै कार्टुन सबै सहयोगस्वरूप निःशुल्क बनाएका थिए ।[३८]

हासने प्रतिष्ठानका उपाध्यक्ष प्रोफेसर रामकुमार पाँडे संसारभर महत्त्व दिइने कार्टुनलाई नेपाली अखबारका सम्पादकहरूले भने बुझ्न नसकेको बताउँछन् । जापानलगायत अन्य मुलुकमा पूरै पानाभरि कार्टुन प्रकाशित

[३७] राना, भीम जिज्ञासु । २०५६ । व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क, माघ, पृ. ९ ।

[३८] कार्टुनिस्ट दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी ।

गरिन्छ । पाँडेको अनुसार नेपालमा भने पत्रिकाको लागि भनेर छापिँदैन, 'यसो छापौं न' भन्ने हेतुले मात्र कार्टुन छाप्ने गरेको पाइन्छ । कार्टुनका बारेमा पर्याप्त ज्ञान नभएर पनि यसो भएको हुनसक्छ । त्यसो त यहाँ दक्ष व्यंग्यचित्रकारको पनि अभाव छ । ललितकला क्याम्पसमा पनि कोर्समा कार्टुन समावेश गरिएको छैन । पत्रकारिता भित्रै पनि व्यंग्यचित्रको विशिष्टता हुनुपर्छ ।

२०४६ सालपछि पत्रकारितामा व्यावसायिकता देखिएको छ र लगानीकर्ताहरू यस क्षेत्रमा आकर्षित भएका छन् । कार्टुनिस्टलाई राम्रै पारिश्रमिक दिन सक्ने अवस्थामा पुगेका छन् । कार्टुनिस्टलाई अहिले पहिलेको जस्तो निःशुल्क कार्टुन बनाउनुपर्ने अवस्था छैन । तर पनि कार्टुनमा जुन मेहनत समय र साधन कलाकारले खर्च गर्छ त्यसअनुरूप उसको पारिश्रमिक पर्याप्त हुन नसकेको गुनासो कार्टुनिस्टहरूको छ । अध्ययनका क्रममा समेटिएका अधिकांश कार्टुनिस्टले आर्थिक रूपमा पूर्ण सन्तुष्ट नभएको उल्लेख गरेबाट पनि यो क्षेत्रमा व्यावसायिकता नआएको पुष्टि हुन्छ ।

व्यावसायिकतामाथि असर पार्ने अन्य तत्वहरू पनि छन् । जस्तो कार्टुन चोरी । त्यसैले कपी राइटको आवश्यकता भएको कार्टुनिस्टहरू बताउँछन् । नक्कल गरेर वा थाहै नदिई कार्टुन छाप्नेजस्ता क्रियाकलापहरू भएको देखिन्छ, नेपाली छापामा । केही कार्टुनिस्टले चर्चित भारतीय पत्रिकामा छापिएका कार्टुन चित्रबाट सिको गरिएको कार्टुन पनि बनाउने गरेका छन् । कसैले थिम -आसय हुबहु र कसैले स्केच नै नक्कल गरेका छन् । (हेर्नुहोस् अनुसूची २)

## ३.५ सामाजिक दृष्टिकोणमा कार्टुन

सिद्धान्ततः कुनै पनि कार्टुनिस्टले कार्टुनमार्फत् समाजमा भएका विकृति र विसंगतिमाथि प्रहार गरेको हुन्छ । कार्टुनले दिएको सन्देश प्रत्यक्ष ग्रहण गर्ने पाठक समाजकै हुन् । यसले गर्दा कार्टुनिस्टहरू समाजप्रति बढी जिम्मेवार हुनुपर्ने मानिन्छ । अहिले कार्टुनप्रति बढी कौतूहल, उत्सुकता र प्रतिक्रिया जनाउने प्रवृत्ति पाठकहरूमा बढेको पाइन्छ । पत्रपत्रिकाका कार्टुनको विषयमा पाठक प्रतिक्रिया छापिनु त्यसकै उदाहरण हो । यसले कार्टुनिस्टलाई सम्मानको दृष्टिले हेर्न थालिएको प्रस्ट हुन्छ । कार्टुनिस्टहरूका अनुसार उत्कृष्ट कार्टुनका लागि उनीहरूले घटनाको समीक्षा गरेपछि मात्र कार्टुन बनाउनु सान्दर्भिक हुन्छ । कार्टुनमा गहिरो जानकारी र विश्लेषण हुनुपर्छ । तर, यस्ता हास्यव्यंग्यले कसैको मानहानी वा चरित्रहत्या गर्नुहुँदैन । कानुनतः त्यसलाई दण्डनीय मानिएको छ ।

## ३.६ सेन्सरसीपको असर (शाही शासनमा सेन्सरसीप र कार्टुन)

सरकार र माओवादीबीच द्वन्द्व चर्किंदैं जाँदा संकटकालसम्म लगाउनुपर्ने स्थिति आएपछि त्यस्तो राजनीतिक अवस्थाले पत्रकारितामा पारेको प्रभावको छाया कार्टुनमा देखिन थाल्यो । माओवादीले ४ महिना लामो युद्धविराम भंग गरी दाङ र स्याङ्जाका सैन्य केन्द्रहरूमा हमला गरेपछि नेपालमा २०५८ मंसिर ११ गते

संकटकालको घोषणा भयो । माओवादीलाई दबाउने क्रममै २०५८ मंसिर ११ गते राजपत्रमा सूचना प्रकाशित गरी ६ महिनाको समयावधिका लागि माओवादीलाई प्रत्यक्ष रूपमा फाइदा मिल्ने खालका कुनै पनि प्रकारको अन्तर्वार्ता, लेख र समाचारहरूको प्रकाशन गर्न नपाइने व्यवस्था लागू भयो । छापाखाना तथा प्रकाशन ऐन २०४८ को दफा १५ (१) लाई आधार बनाएर यो सूचना जारी गरिएको थियो, त्यसबाट कार्टुन विधा पनि अछुतो रहेन ।

संकटकालको भोलिपल्ट २०५८ मंसिर १२ गते कान्तिपुरमा संकटकालको विषयमा विशेष सम्पादकीय आएको थियो । उक्त दिन कार्टुन पनि संकटकालको विषयमा बनाएका थिए, कार्टुनिस्ट राजेश केसीले । उनले कार्टुनमा पात्रहरूको संवादलाई देखाएका थिए ।

हेर....तँ भनेको अनिकाल, तैंले खान पाइस् भने खानाको काल अनि धेरै खाइस् भने चैं संकटकाल ..... बुझिस् त !

तर यो अवधिमा नेपाली पत्रिकाका कार्टुनिस्टले साहसका साथ कार्टुन बनाएको पाइँदैन । यसअघि बढी मात्रामा राजनीतिक कार्टुन पत्रिकामा देखिने गरेपनि यो समयमा अन्य विषयका कार्टुन बढी सिर्जना भए । त्यसैका आधारमा भन्न सकिन्छ, कार्टुनिस्टलाई पनि कार्टुन बनाउन केही मात्रामा बन्देज गरिएको थियो ।

यसैगरी २०६१ माघ १९ को शाही कदमका कारण प्रजातन्त्र त संकटमा पर्‍यो नै प्रेस स्वतन्त्रता र मानवाधिकारजस्ता विषयहरू पनि दयनीय अवस्थामा पुगे । प्रजातन्त्रको आधार मानिने अभिव्यक्ति तथा प्रकाशन स्वतन्त्रतामाथि यस अवधिमा राज्यद्वारा कठोरतापूर्वक प्रहार गर्ने काम भयो । पत्रपत्रिकामा प्रकाशित र एफएम रेडियोमा प्रसारित सामग्रीहरूका कारण यिनमाथि राज्यको तर्फबाट भौतिक, कानुनी र मानसिक हमला गर्ने काम गरियो ।[३९]

२०६१ माघ १९ पछि राजधानीबाट प्रकाशित हुने पत्रपत्रिकामा कार्टुन र कार्टुनिस्टहरूको सक्रियता महत्वपूर्ण रहेको पाइयो । माघ १९ पछिको त्रास र अन्यौल नेपाली कार्टुनिस्टहरूका लागि पनि अपवाद बन्न सकेन । अभिव्यक्तिका प्रायः सबै स्रोत बन्द थिए । फोन, इन्टरनेटसमेत एकादेशका कथा बनेका थिए । संचारमाध्यममा सेन्सर गर्न पुगेका सैनिक अधिकारीहरूले कार्टुनिस्टहरूलाई अलग्गै भने, होस पुर्‍याउनु नि । सम्पादक, प्रकाशकहरूबाट पनि सतर्क हुने सुझाव आएपछि व्यंग्यचित्रकारहरूसामु खुम्चिनुबाहेक अर्को विकल्प थिएन । आफ्नो कारणले पत्रिका र सम्पादकले दुःख नपाऊन् भनेरै आफू खुम्चिएको कार्टुनिस्टहरूले बताए तर उनीहरूको व्यंग्यचेतले धेरै दिन सुस्ताउन मानेन । उनीहरूले एक डेढ हप्ताभित्रै विभिन्न बिम्ब, प्रतीक र सामाजिक विषयवस्तुमार्फत् राजनीतिक विसंगति तथा प्रतिगमनको खिल्ली उडाउन थाले ।

२० माघको जनआस्था साप्ताहिकमा प्रकाशित रविन सायमीको 'परेवाको युग फर्किएको' सन्देशयुक्त कार्टुन १९ माघलाई उल्याउने पहिलो कार्टुन थियो ।[४०] रविनका अनुसार उक्त कार्टुन पत्रिकाको अफिसमै भएका सैनिक अधिकारीले सेन्सर गर्ने मौकै पाएनन् । यस आधारमा हेर्ने हो भने अन्य कलमजीवी र फोटो

---

[३९] झा, धर्मेन्द्र । २०६२ । स्वतन्त्रताका जगेर्नामा कार्टुन । प्रेस स्वतन्त्रता संकटका एक वर्ष, पृ. १३८ ।

[४०] पोखेल, पेशल । २०६२ । कार्टुनको शक्ति कार्टुनिस्टको शान । हिमाल खबरपत्रिका, असार १-१५, पृ. २७ ।

पत्रकारको तुलनामा कार्टुनिस्टहरूको विरोधात्मक अभिव्यक्तिको स्वर कडा र सशक्त रूपमा प्रस्फुटित भयो ।[४१] प्रत्येक अवस्था उनीहरूका सिर्जनाका विषय बने । कलमले जति लेख्न सकेन वा जति प्रभाव बिस्तार गर्न सकेन कार्टुनका चित्रहरूले तुलनात्मक रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे । यो कालखण्ड (२०६१ माघ १९ देखि २०६२ माघसम्मको अवधि) नेपाली कार्टुनको इतिहासमा सम्भवतः सर्वाधिक महत्त्वपूर्ण कालखण्ड प्रमाणित भएको छ । एक वर्षको अवधिमा कार्टुनले प्रजातन्त्र र अभिव्यक्ति स्वतन्त्रताका पक्षमा उल्लेख्य सेवा पुऱ्याएका छन् ।

यो समयमा प्रकाशित कार्टुनहरूको अध्ययनका आधारमा विश्लेषण गर्दा सर्वाधिक महत्वपूर्ण पक्ष हो, तिनमा पाइएको राजनीतिक सशक्तता । यसअघि पनि कार्टुनिस्टहरूले आफ्ना सिर्जनामार्फत् राजनीतिक चेतनाको प्रसार नगरेका होइनन् तर, यसपटक प्रजातन्त्रलाई मिसन बनाएर अझ बढी गुणस्तरीयता देखियो र राजनीतिक चेतना अझ टड्कारो रूपमा देखापऱ्यो ।

तत्कालीन सत्ता र त्यसका समर्थकहरूले वकालत गर्न थालेको ‘राष्ट्रवादी शिक्षा र त्यसले पढाउने राष्ट्रवादको पाठसँग सम्बन्धित कार्टुन २०६२ जेठ २२ गतेको कान्तिपुरमा दुर्गा बरालले बनाएका थिए । यसैगरी समय साप्ताहिकमा अविनले कुन चाहिँ प्रजातन्त्र दिवस ? २००७ सालको, ०४६ को कि अहिलेको ? भन्दै राजाद्वारा घोषित एक्काइसौं शताब्दीको प्रजातन्त्रको धज्जी उडाएर कार्टुन बनाएका थिए । सूचनासञ्जाललाई ठप्प पारेका बेला राजेश केसीले नोकिया, इरिक्सन, मोटोरोला.... बेच्नेलाई धार्नीको पैंतालीस भन्ने कार्टुन कान्तिपुरमा बनाए ।

रमेश विष्टले प्रेसलाई शय्यामा सुताइएको कार्टुन बनाएका थिए, साप्ताहिक विमर्शमा आएका सैनिक अधिकारीले आपत्ति जनाए । त्यो ठाउँ खाली जान्छ भनेर धेरै छलफल गरेपछि अन्ततः कार्टुन रोकिएन ।[४२]

## ३.७ विदेशी संचारमाध्यममा नेपाली कार्टुनको चर्चा

संकटकालमा नेपाली कार्टुनले ठूलो भूमिका खेलेको पाइन्छ । फलस्वरूप विदेशी पत्रपत्रिकाले नेपाली कार्टुनले संकटकालमा देखाएको साहसको प्रशंसा गर्दै लेखेका थिए । नेपाली कार्टुनिस्टहरूले शाही शासनमा गरेको साहस र चातुर्यको *एसोसियट प्रेस, टाइम्स अफ इण्डिया, द स्टेट्समेन* लगायतका भारतीय संचारमाध्यमले प्रशंसा गरे । ११ मार्चको ताइपेई टाइम्सले लेखेको छ- ‘संवाददाताले भन्न नसकेका कुरा नेपाली कार्टुनिस्टले भन्छन् ।’ २० फरवरीको डेक्कन हेराल्डको *फरेन पानोरामा*मा प्रकाशित नेपालसम्बन्धी एउटा विश्लेषणको शीर्षक थियो, ‘सेन्सरसीपको समयमा हँस्यौली र व्यंग्य’ मिडियामा सेन्सर लगाएको बेलामा पनि नेपाली पत्रपत्रिकामा प्रकाशित कार्टुनिस्टले साहसका साथ कार्टुन बनाएको *एसोसियट प्रेसले* (मार्च १०, २००५) लेखेको छ ।

---

[४१] झा, धर्मेन्द्र । २०६२ । स्वतन्त्रताका जगेर्नामा कार्टुन । प्रेस स्वतन्त्रता संकटका एक वर्ष, पृ. १३८।

[४२] कार्टुनिस्ट रमेश विष्टसँग २०६३ वैशाख १० गते गरिएको कुराकानी ।

यसैगरी *द स्टेट्सम्यान* (मार्च २००५) पत्रिकाले हाँस्नु राम्रो औषधि हो शीर्षक दिएर नेपाली कार्टुनका बारेमा लेखेको छ । नेपालको राजनीतिक अवस्था उथलपुथल भएको बेलामा पनि कार्टुनिस्टले कार्टुनमार्फत् राजनीतिक अवस्थाका बारेमा पुऱ्याएको योगदानको कदर गरेको छ । *स्टेट्सम्यानमा* अगाडि लेखिएको छ- सयौं वर्षअघिदेखि गरिबीमा पिल्सिरहेको, राणा शासनको निरंकुशतामा जकडिरहेको र दस वर्ष पहिलेदेखि माओवादी समस्यामा परेर झन्डै ११ हजार जनता मरिसकेको र भौतिक पूर्वाधार ध्वस्त भइरहेको र रोगीहरूको संख्या दिनहुँ बढिरहेको अवस्थामा पनि कार्टुनिस्टहरू पत्रिकामार्फत् हास्यव्यंग्य दिन प्रयासरत छन् । उदासीनता र भाग्यवादसँगै नेपाली पत्रपत्रिकाले राजाको प्रत्यक्ष शासनमा मिडियामा लगाइएको सेन्सरसीपमाथि कडा व्यंग्यचित्र प्रहार गरेका छन् ।[४३]

नेपाली कार्टुनिस्टहरूको व्यंग्यचेतलाई विदेशी टिप्पणीकारहरूले त्यत्तिकै स्याबासी भने दिएका होइनन् । त्यस समयमा संकटकाल, प्रतिबन्ध, नियन्त्रणका अप्ठ्याराहरू भोग्दाभोग्दै पनि नेपाली कार्टुनिस्टहरूले हिम्मत हारेका थिएनन् । उनीहरूले कुनै न कुनै रूपमा जनताको बोली बोलिरहेका थिए र विसंगति देखिएको ठाउँमा कार्टुनमार्फत् प्रहार गरेका थिए तर भारतको संकटकालमा सत्तापक्षको दिक्दारलाग्दो व्यवहार छल्न लक्ष्मण देश छोडेर मरिसस पुगेका थिए । शंकर्स विक्लीमार्फत् तहल्का मच्चाएका के. शंकर पिल्लेले पनि 'तानाशाही शासनमा कोही हाँस्नै सक्दैन' भन्दै पीडाबोधसहित आफ्नो प्रकाशन नै बन्द गरे ।[४४] पछिल्लो संकटकालमा नेपाली कार्टुनिस्टले प्रजातन्त्रलाई मिसन बनाएर कार्टुनचित्र बनाएका थिए ।

---

[४३] www.rajeshkc.com

[४४] सीके लालसँग २०६३ साउन ४ गते गरिएको कुराकानी ।


# अध्याय चार

## सामग्री विश्लेषण

### ४.१ पत्रपत्रिकामा कार्टुन

नेपाली छापामा कार्टुनको उपयोगिताबारे विषयवस्तु विश्लेषण गरिएको थियो । जसका लागि छापा पत्रकारितामा नेतृत्वदायी भूमिका खेलिरहेका पाँच ब्रोडसीट दैनिक छानिएका थिए । राजधानीबाट प्रकाशित नेपाली ब्रोडसिट दैनिकको संख्या ६ छ । 'र्‍यान्डम' विधिबाट छान्दा तीमध्ये गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी र अन्नपूर्ण पोष्ट अध्ययनमा परे । विषयवस्तु विश्लेषण तीन महिना प्रकाशित पत्रिकाको कार्टुनका आधारमा गरिएको थियो । यो अध्ययनले २०६३ साल वैशाख १ गतेदेखि असार ३१ गतेसम्म प्रकाशित कार्टुनहरूलाई मात्र समेटेको छ । अध्ययनमा छनौट भएका पत्रिकामध्ये पनि चारवटामा मात्र कार्टुन प्रकाशित हुने गरेको पाइयो । सरकारी मुखपत्रका रूपमा रहँदै आएको गोरखापत्रमा यो अवधिमा एउटै पनि कार्टुन छापिएन । राजा सक्रिय रूपमा शासनमा रहँदा गोरखापत्रमा कार्यरत कार्टुनिस्ट रमेश विष्टलाई निकालिएको थियो ।[४५] जनआन्दोलन- २ पछि पनि गोरखापत्रमा कार्टुन प्रकाशन भने अवरुद्ध रहँदै आएको छ । अध्ययनमा समेटिएका अन्य दैनिकहरूले नेपाली ब्रोडसीट अखबारको नेतृत्व गर्दै आएका छन् । र, यी अखबारहरू नेपालका सबैभन्दा बढी संख्यामा छापिने पत्रिका हुन् ।

**चार्ट १**




**स्रोतः सामग्री विश्लेषण अध्ययन**

तीन महिनाको अवधिमा कान्तिपुर दैनिकमा सबैभन्दा बढी ७५ वटा कार्टुन प्रकाशित भए । त्यस्तै नेपाल समाचारपत्रले ७०, राजधानी दैनिकले ६९ तथा अन्नपूर्ण पोष्टले ५८ कार्टुन प्रकाशित गरे । यस आधारमा पनि कार्टुनको महत्वलाई पत्रपत्रिकाले बुझेको भन्न सकिन्छ । सरदरमा सबै पत्रिकाले कार्टुनलाई नियमित

---

[४५] कार्टुनिस्ट रमेश बिष्टसँग २०६३ वैशाख १० गते गरिएको कुराकानी ।

रूपमा छाप्दै आएको देखाउँछ । त्यस्तै कार्टुनले पत्रपत्रिकाको साजसज्जा र विषवस्तुलाई जोडदार रूपमा उठाउँदै आएको छ भन्ने कुरा यो अध्ययनले देखाएको छ ।

यो अवधिमा छापिएका कुल २ सय ७२ कार्टुनमध्ये २ सय ५५ वटा श्यामश्वेत कार्टुन थिए भने बाँकी १७ वटा रंगीन । छापिएका सबै रंगीन कार्टुन सम्पादकीय कार्टुनमात्र छन् । प्रायः रंगीन कार्टुनहरू सामाजिक विषयका हुने गर्छन् । यस्ता कार्टुन पत्रिकामा हप्ताको एकपटक वा कहिलेकाही छापिन्छन् ।

तर पकेट कार्टुन समसामयिक र नियमित हुन्छन् । यो अवधिमा कान्तिपुरमा नौवटा रंगीन कार्टुन छापिएका थिए भने राजधानीमा छापिएको रंगीन कार्टुनको संख्या सात थियो । अन्नपूर्ण पोष्टमा एउटै पनि रंगीन कार्टुन छापिएन । अन्नपूर्ण पोष्टले सम्पादकीय कार्टुन प्रकाशन गर्ने नगरेकाले पनि यसप्रकारको कार्टुन नछापिएको हुनसक्छ । अर्को दैनिक नेपाल समाचारपत्रमा एउटामात्र रंगीन कार्टुन छापिएको थियो ।

कार्टुनिस्ट राजेश केसीका अनुसार कार्टुन रंगीनभन्दा श्यामश्वेत नै राम्रो देखिन्छ । क्यारिकेचर भने रंगीन राम्रो हुन्छ । दिनहुँ आउने पकेट कार्टुन नेपालमा मात्र नभै विश्वमा जहाँ पनि श्यामश्वेत नै हुन्छन् । तर, नेपालमा हप्तामा एकपटक आउने सम्पादकीय कार्टुन भने रंगीन हुन्छ । ठूलो आकारको भएकाले यस्तो भएको हो । तर पहिले-पहिले सम्पादकीय कार्टुन पनि श्यामश्वेत नै प्रकाशित हुन्थ्यो । अर्का कार्टुनिस्ट देवेनका भनाइमा रंगीनको तुलनामा श्यामश्वेत कार्टुनमा चित्र स्पष्ट देखिने भएकाले श्यामश्वेत कार्टुनको मात्रा अधिक हुने गरेको हो ।


## ४.२ कार्टुनका विषयगत प्राथमिकता

विषयवस्तु विश्लेषणका लागि कार्टुनलाई तीन वर्गमा विभाजन गरिएको थियो । वर्ग विभाजन कार्टुनको प्रस्तुति, चित्र बनोट, कार्टुनमा प्रयोग भएका शब्दावलीका आधारमा गरिएको थियो । राजनीतिक विषय, दलका नेता, वा तीनका भनाइलाई प्रतिबिम्बित गर्ने एवं कार्टुनलाई राजनीतिक कार्टुनका रूपमा लिइएको थियो । तीनलाई 'राजनीतिक वर्ग' भित्र समेटेर अध्ययन गरिएको थियो । त्यस्तै आर्थिक विषयवस्तु जस्तै महँगी, चन्दा, शुल्क वृद्धि आदि विषयवस्तुहरू आर्थिकभित्र समेटिएको थियो । यद्यपि यी विषयहरू कतै राजनीतिक वा कतै सामाजिक जस्ता देखिए पनि तिनको प्रकृति बढी आर्थिक केन्द्रित रहने हुनाले 'आर्थिक वर्ग' भित्र समेटिएको थियो । त्यस्तै गैरराजनीतिक र गैरआर्थिक विषयवस्तुहरूलाई 'सामाजिक वर्ग' भित्र समेटिएको थियो ।

विषयवस्तुको विश्लेषणमार्फत् पत्रपत्रिकाले दिने प्राथमिकतालाई हेर्दा सबैभन्दा बढी स्थान राजनीतिक कार्टुनले नै लिने गरेको पाइयो । त्यसपछि भने सामाजिक र आर्थिक कार्टुनले ठाउँ पाउँदै आएको देखिन्छ । यो अवधिमा चारवटा दैनिकमा कुल २७२ वटा कार्टुन छापिएका थिए । तीमध्ये सबैभन्दा धेरै अर्थात् राजनीतिक कार्टुन १ सय ७९ वटा छापिएका छन् । त्यस्तै सामाजिक कार्टुनको संख्या राजनीतिक कार्टुनको एक तिहाई ५९ र आर्थिक विषयवस्तुको कार्टुन संख्या ३४ छ । छापिएका कार्टुनमध्ये ६५ प्रतिशत राजनीतिक, २२ प्रतिशत सामाजिक र १३ प्रतिशत आर्थिक विषयवस्तुका छन् । आर्थिक विषयवस्तु

तुलनात्मक रूपमा सामाजिक विषयवस्तुसँग नजिक हुन्छ । यस आधारमा आर्थिक क्षेत्रका कार्टुनलाई सामाजिकसँग जोड्दा पनि ३५ प्रतिशतमात्र रहन आई राजनीतिक कार्टुनकै बाहुल्य देखिन्छ ।

**चार्ट २**




**स्रोतः सामग्री विश्लेषण अध्ययन**

यीमध्ये कान्तिपुरमा ५४ वटा राजनीतिक कार्टुन छापिएका छन् भने राजधानीमा ५१, नेपाल समाचारपत्रमा ३७ र अन्नपूर्ण पोष्टमा ३७ वटा राजनीतिक विषयवस्तुका कार्टुन छापिएका छन् ।

त्यसैगरी सामाजिक कार्टुन छाप्नेमा नेपाल समाचारपत्र अगाडि देखापरेको छ । उक्त पत्रिकाले यो अवधिमा २५ वटा सामाजिक विषयवस्तुका कार्टुन छापेको छ । कान्तिपुरले सामाजिक विषयवस्तुका १५ वटा र अन्नपूर्ण पोष्टले १२ वटा कार्टुन छापेको छ । त्यसो त अध्ययनका क्रममा अन्नपूर्ण पोष्टका सम्पादक श्री आचार्यले सामाजिक कार्टुनलाई सबैभन्दा बढी प्राथमिकता दिने गरेको बताएका थिए ।[४६] तर, उनको भनाइ र प्रकाशित कार्टुनबीच भिन्नता देखियो । अध्ययनको क्रममा श्री आचार्यले अरू विषय भन्दा सामाजिक विषयका कार्टुनलाई प्राथमिकता दिने बताएका थिए । त्यस्तै राजधानी दैनिकले सातवटा सामाजिक विषयवस्तुलाई कार्टुनमार्फत् पस्केको छ ।


सबैभन्दा कम कार्टुनको विषयवस्तु बनेको आर्थिक क्षेत्रबारे राजधानीले सबैभन्दा धेरै ११ वटा कार्टुन छापेको छ । त्यस्तै अन्नपूर्ण पोष्टले नौवटा, समाचारपत्रले आठ र कान्तिपुरले छ वटा आर्थिक विषयवस्तुलाई लिएर कार्टुन छापेका छन् । आर्थिक विषयवस्तुहरूमा पनि विशेषगरी यो अवधिमा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, स्कूल फिमा भएको बढोत्तरी, माओवादीको चन्दा प्रकरण, खाद्यान्न संकटजस्ता विषयले स्थान पाएका थिए । यी विषयवस्तुहरूले सामाजिक यथार्थतालाई झल्काएकै हुन्छन् तर क्षेत्रगत किटानीका आधारमा आर्थिक पक्ष हावी हुने हुनाले पनि यी विषयरूलाई सामाजिकबाट भिन्न गराइएको हो ।

[४६] श्री आचार्यसँगको २०६३ कात्तिक ६ गते गरिएको कुराकानी ।

## ४.३ कार्टुनमा राजनीतिक दल र राजा

सिद्धान्ततः जो सत्तामा छ, त्यसकै विषयमा कार्टुन बढी छापिन्छ । किनकि राजनीतिक नेतृत्वले गर्ने कुनै पनि निर्णय वा गतिविधिले मुलुकलाई दिशाबोध गरिरहेको हुन्छ । त्यसैले पनि उनीहरूको गतिविधिमाथि प्रेसको निगरानी रहन्छ । यो अवधिमा छापिएका एक सय ७९ वटा राजनीतिक कार्टुनमध्ये सबैभन्दा बढी कार्टुन सरकार-माओवादी वार्ता, सेना, माओवादी नेता प्रचण्ड, प्रशासन आदिप्रति लक्षित थिए । यसको संख्या ८१ थियो । त्यसैगरी ५९ वटा कार्टुन सत्तासीन नेपाली कांग्रेसलाई लक्षित गरेर छापिएका थिए भने सत्ता साझेदार दल नेकपा (एमाले) को विषयमा २० कार्टुन प्रकाशित छन् । त्यस्तै नेपाली कांग्रेस प्रजातान्त्रिकलाई लक्ष्य गर्दै १५ वटा कार्टुन प्रकाशित थिए भने राजालाई लक्षित गर्दै चारवटा कार्टुन छापिएका थिए ।

**चार्ट ३**




**स्रोतः सामग्री विश्लेषण अध्ययन**

नेपालको इतिहासमा कहिल्यै राजामाथि कार्टुनचित्र छापिएका थिएनन् । तर यो अवधिमा आएर राजामाथि पनि व्यंग्य गरिएका कार्टुन छापिने क्रम सुरू भयो । नेपाली कांग्रेसका नेता नरहरि आचार्यको भनाइमा, ' २०६१ माघ १९ पछि नै राजा कार्टुनमा छाउन थालेका हुन् । त्यो सब राजाको आफ्नै गतिविधिका कारण भएको हो ।' नरहरिको भनाइमा सहमति जनाउँदै कार्टुनिस्ट अविन भन्छन्- 'राजाको कदम गलत थियो, त्यसैले यसको विरोध भयो । जहाँ विकृति हुन्छ, त्यहाँ कार्टुनिस्ट सजग हुन्छन् ।' माघ १९ पछि नै नेपालको राजसंस्थाको विषयमा कार्टुन छापिन थालेको हो । छापिएका अधिकांश कार्टुनमध्ये सबैभन्दा चर्चित र विवादास्पद कार्टुन बन्न पुग्यो कान्तिपुर दैनिकमा प्रकाशित एउटा सम्पादकीय कार्टुन । २०६२ भदौ ५ गते छापिएको उक्त कार्टुनले संवैधानिक राजतन्त्रलाई मरेको घोडाका रूपमा प्रस्तुत गरेको छ । उक्त घोडालाई नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले 'कन्टेनर' बाट काँधमा राखेर फर्काइरहेको देखाइएको छ ।[४७] (हेर्नुहोस् कार्टुन अनुसूची २)

---

[४७] यो कार्टुन यति विवादित बन्यो कि सरकारी मुखपत्र गोरखापत्रले कार्टुन छापिएकै भोलिपल्ट २०६२ भदौं ६ गते 'राजसंस्थाको गरिमा विरुद्धको कार्टुन छाप्नु घोर आपत्तिजनक' शीर्षकमा एंकर समाचार नै छाप्यो । समाचारमा 'संवैधानिक राजतन्त्रको अवहेलना गर्ने, घृणा, द्वेष फैलाउने काम यसले गरेको छ, संसारको कुनै पनि राष्ट्राध्यक्षलाई यसरी घृणा गर्न पाइन्न' भनी उल्लेख छ । त्यस्तै कार्टुन छापिएकै भोलिपल्ट कान्तिपुर दैनिकमा उक्त विषयलाई लिएर पाठक प्रतिक्रिया छापिएको थियो । एक हप्तापछि भदौं १३ गतेको कान्तिपुरमा पनि त्यही कार्टुनलाई लिएर पाठक प्रतिक्रिया छापिएको थियो ।

## ४.४ लैंगिक दृष्टिकोणमा कार्टुन

नेपाली समाज पितृसत्तात्मक भएकाले हुनसक्छ, कार्टुनका विषयवस्तुमा चित्रित हुने पात्रहरू पुरुष नै धेरै हुन्छन् । छिटफुट रूपमा राजनीतिमा सक्रिय केही महिलाको विषयलाई व्यंग्य गर्दै कार्टुनहरू नकोरिने होइनन् तर यो अध्ययनको अवधिमा राजनीतिमा संलग्न महिला केन्द्रित कार्टुन खासै प्रकाशित भएका छैनन् ।

वैशाख १ गतेदेखि असार मसान्तसम्मका चार दैनिक अखबारमा कुल दुई सय ७२ वटा कार्टुन प्रकाशित थिए । तीमध्ये एक चौथाइ कार्टुनमा मात्र महिला पात्र देखाइएको थियो । राजनीतिक तहमा महिला भएपनि ६९ वटा कार्टुनमा मात्र महिला पात्र समावेश भएका थिए । तर पनि कार्टुनमा महिलालाई मुख्य पात्रका रूपमा उभ्याइएको छैन । तीन महिनाको अवधिमा सबैभन्दा बढी महिला पात्रलाई नेपाल समाचारपत्र र राजधानी दैनिकमा देखाइएको पाइयो । यी दुवै पत्रिकामा प्रकाशित कार्टुनमध्ये २०/२० वटामा महिलालाई देखाइएको थियो । त्यस्तै अन्नपूर्ण पोष्टमा १७ वटा र कान्तिपुरमा १२ वटा कार्टुनमा महिलालाई देखाइएको थियो । कान्तिपुरमा वात्स्यायनले बनाएका प्रायः कार्टुनमा महिला पात्रलाई सहभागी गराइएको पाइयो ।

दिनहुँ आउने पकेट कार्टुनमा भने महिला पात्रलाई कम समावेश गरिएको थियो । आखिर किन महिलालाई कार्टुनमा कम समावेश गरिन्छ भन्ने जिज्ञासा राख्दा कार्टुनिस्ट राजेश केसी भन्छन्- 'श्रीमान् भ्रष्टाचारी भएमा मात्र मैले महिला पात्रलाई समावेश गर्ने गरेको छु । किनकि श्रीमतीले श्रीमान्लाई खराब काम गर्नबाट रोक्न, सुधार्न सक्छिन् ।' राजेशले कार्टुनमा महिला पात्र समावेश गर्न हिच्किचाउनुको पछाडि पनि कारण छ । पाँच वर्षअघि राजेशले महिला पात्रलाई समावेश गरेको कार्टुनलाई लिएर टेलिभिजनमा वकिल र पत्रकार महिलाले ठूलो बहस गरेका थिए । उक्त कार्टुनमा उनले देखाउन खोजेको भन्दा विपरीत रूपमा वकिल र पत्रकारले बुझेको राजेश बताउँछन् । त्यही घटनाले गर्दा उनले महिला पात्रलाई कार्टुनमा कमै समावेश गर्ने गरेका छन् ।

केही समयअघि कार्टुनिस्ट राजुबाबु शाक्य 'सारब' ले माधव नेपाल उप-प्रधानमन्त्री हुँदा बनाएको कार्टुन परिस्थितिसँग ठ्याक्कै मिलेको बताउँछन् । कार्टुनमा माधव नेपालकी श्रीमतीले 'पि.ए. भाञ्जा-भाञ्जीको सट्टा मलाई नै बनाउनुहोस्' भनेर देखाइएको थियो । नभन्दै त्यसको २-४ दिनभित्रै उप-प्रधानमन्त्री माधव नेपालले आफ्नी श्रीमतीलाई मन्त्रालयमा पी.ए. नियुक्त गराएका थिए । [४८]

---

केहीले त्यसलाई राम्रो मानेका थिए भने केहीले नराम्रो मानेर पाठक प्रतिक्रिया पठाएका थिए । कार्टुन छापिएपछि संचारमन्त्री टंक ढकालले पत्रकार सम्मेलन गरी कान्तिपुरलाई कारवाही गर्ने धम्की दिएका थिए । यसपछि कार्टुन प्रकाशित गरेको वहानामा कान्तिपुरमाथि कारवाही गर्न गम्भीरतापूर्वक कानुनी प्रक्रिया बढाइरहेको भन्ने सरकारी भनाइको साहित्यिक संघसंस्था तथा स्रष्टाहरूले आलोचना गरेका थिए । कान्तिपुरका सम्पादक नारायण वाग्लेलाई प्रमुख जिल्ला अधिकारीले बयानका लागि बोलाए । त्यहाँ उनले स्पष्टीकरण मात्र दिएको बताए । कानुन मन्त्रालयका अधिकृतले लिखित बयान मागेका थिए तर वाग्लेले लिखित बयान दिने उपयुक्त ठाउँ नभएकाले दिएनन् । उनले स्पष्टीकरण दिने काम मात्र भएको बताए । त्यसपछि प्रेस काउन्सिलले पनि कान्तिपुरसँग स्पष्टीकरण माग्यो । संविधानमा उल्लेख भएको स्वतन्त्रता अनुसार नै कार्टुनचित्र प्रकाशित गरेका हौं भन्ने जवाफ प्रेस काउन्सिललाई दिएको वाग्ले बताउँछन् । कार्टुन छापिएको समयमा आफू पोखरामा भएको बताउने दुर्गा बराललाई फोनबाट अन्जान व्यक्तिले धम्काएका थिए । अब तेरो जागिर गयो, किन यस्तो कार्टुन बनाइस् भनेका थिए । ( स्रोत : राजसंस्थाको गरिमा विरुद्धको कार्टुन छाप्नु घोर आपत्तिजनक - गोरखापत्र २०६२ भदौं ६ गते पृ. १ । , पाठक प्रतिक्रिया, कान्तिपुर भदौं ६ र १३ गते पृ. ६ ।, कान्तिपुरलाई कारवाहीको धम्कीप्रति स्रष्टाको आपत्ति, कान्तिपुर २०६२ भदौं १४ गते, पृ. २ । , नारायण वाग्लेसँग २०६३ भदौं १० गते गरिएको कुराकानी तथा दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी )

[४८] कार्टुनिस्ट सारवसँग २०६३ भदौं २० गते गरिएको कुराकानी ।

यसैगरी अर्का कार्टुनिस्ट अविन भने आफ्नो कार्टुनमा सन्तुलित रूपमा महिला र पुरूष पात्रलाई देखाउने गरेको बताउँछन् । उनी भन्छन्- कार्टुन त्यस्तो व्यक्तिको बनाइन्छ, जसले समाजमा विकृति, विसंगति गर्छन् । त्यो काम बढी मात्रामा पुरूषबाटै हुने गरेको छ । त्यसैले पनि पुरूषकै कार्टुन बढी आएको हो ।

अध्ययन अवधिमा केही पत्रिकामा प्रकाशित कार्टुनमा छाएका महिला पात्रलाई वर्ल्ड कप, खाना बनाउने, महँगी आदि विषयमा मात्र प्रस्तुत गरिएको छ ।

समाजशास्त्री कृष्ण भट्टचनको भनाइमा, 'कार्टुनिस्टहरू सबै पुरुष छन् । त्यसैले महिलाप्रति उनीहरूको पूर्वाग्रह हुने गरेको हो । नत्र धर्ना, जुलुसजस्ता विषयलाई लिएर तयार हुने कार्टुनमा महिलाको सक्रिय सहभागिता भए पनि कार्टुनमा देखाइँदैन ।'

गाईजात्राका समयमा कार्टुन बनाउने केही सीमित महिलाबाहेक महिला कार्टुनिस्ट छैनन् भन्ने बताउँदै कार्टुनिस्ट सारब भन्छन्-'राम्रा कार्टुनिस्ट बन्ने क्षमता नेपाली महिला कलाकारहरूमा छ तर उनीहरू त्यति साहसी छैनन् ।'

## ४.५ कार्टुनको भाषा

कुल २ सय ७२ वटा कार्टुन प्रकाशित भएको यो अवधिमा कार्टुनको भाषास्तरलाई तीन भागमा वर्गीकृत गरेर अध्ययन गरिएको थियो । प्रयोग भएका शब्दावलीहरूलाई उच्चस्तर, मध्यमस्तर र निम्नस्तर गरी तथ्यांकीकृत गरिएको थियो ।[४९] जसअनुसार यो अवधिमा उच्चस्तरीय भाषा प्रयोग भएका कार्टुनको संख्या २४ थियो भने मध्यम एक सय ६७ र निम्न ८१ वटा थिए । यसलाई प्रतिशतमा राख्दा मध्यमस्तरीय भाषा ६१ प्रतिशत, निम्नस्तरीय ३० प्रतिशत र उच्च स्तरीय नौं प्रतिशत हुन आउँछ ।

गिरिजाप्रसाद कोइरालाका बारेमा एउटा कार्टुन आएको थियो । उनी अस्पतालमा हुँदा घरमा फोन आएको थियो । फोन उठाउने व्यक्तिले प्रमज्यू घरमा होइसिन्न सपथ ग्रहण गर्न अस्पताल गइस्या छ भनेको देखाइएको थियो । कार्टुनमा यस्तो भाषा प्रयोग भएमा यसलाई उच्चस्तरीय भाषा मानिएको थियो । यसैगरी तिमीले भन्यौं भन्ने जस्ता भाषा प्रयोग भएको कार्टुनको भाषालाई मध्यमस्तरीयको संज्ञा दिइएको थियो । तेरो हैसियत के छ ? भन्ने भाषा प्रयोग भएका कार्टुनको भाषालाई निम्नस्तरीय मानिएको थियो ।


तीन महिनाको अवधिमा कान्तिपुरमा प्रकाशित कार्टुनमा सबैभन्दा बढी अर्थात् नौ वटामा उच्चस्तरीय भाषाको प्रयोग भएको पाइयो । यसैगरी राजधानीमा छ वटा, नेपाल समाचारपत्रमा पाँच वटा र अन्नपूर्ण पोष्टमा चार वटा थिए । त्यस्तै कार्टुनमा मध्यमस्तरीय भाषा प्रयोग गर्नेमा पनि कान्तिपुर नै अगाडि देखियो ।

[४९] लामिछाने, यादव र बेगेन्द्र सुब्बा । २०६२ । नेपाली व्याकरण र रचना, पृष्ठ २०५-२०७ । नेपाली व्याकरणका आधारमा भाषा तीन प्रकारका हुन्छन् । उच्च आदरार्थी, मध्यम आदरार्थी र निम्न आदरार्थी । यसैका आधारमा कार्टुनमा प्रयोग भएका भाषालाई विभाजन गरिएको हो । कार्टुनमा प्रयोग भएको भाषाले निम्न वा तल्लो तहको हो भन्ने जनाएमा त्यसलाई निम्नस्तरीय कार्टुन मानिएको थियो । त्यस्तै कार्टुनमा तिमी, उनी जस्ता शब्द प्रयोग भएमा त्यसलाई मध्यमस्तरीय भाषाको संज्ञा दिइएको थियो । निम्नस्तरीय भाषाको तुलनामा मध्यमस्तरीय भाषा उच्च तहको हुन्छ । त्यस्तै कार्टुनमा माथिल्लो स्तरको भाषा जस्तै तपाईं, उहाँ जस्ता शब्द प्रयोग भएमा त्यसलाई उच्चस्तरीय भाषा मानिएको थियो ।

अध्ययन अवधिमा कान्तिपुरले ५० वटा कार्टुनमा मध्यमस्तरीय भाषाको प्रयोग गरेको पाइयो । नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टमा ४०/४० वटा कार्टुनमा मध्यमस्तरको भाषा पाइयो भने राजधानीमा ३६ वटा मात्र प्रयोग भएको पाइयो । निम्नस्तरको भाषा प्रयोग गर्नेमा राजधानी दैनिक अगाडि देखियो । राजधानीमा २६ वटा निम्नस्तरको भाषा पाइयो । यसैगरी नेपाल समाचारपत्रमा २५, कान्तिपुरमा १६, अन्नपूर्ण पोष्टमा १४ वटा कार्टुनमा निम्नस्तरको भाषा प्रयोग गरिएको थियो ।

कार्टुनिस्ट स्वयंलाई कार्टुनमा कस्तो भाषा प्रयोग भएको छ भनेर प्रश्न गरिएको थियो । कार्टुनमा मध्यमस्तरीय भाषाको प्रयोग भएको बताउनेहरू अधिक थिए । ८३ प्रतिशत कार्टुनिस्टले मध्यमस्तरीय भाषाको प्रयोग हुने गरेको जनाए । त्यस्तै १७ प्रतिशतले उच्चस्तरीय भाषाको प्रयोग कार्टुनमा गरेको मत जाहेर गरे । निम्नस्तरीय भाषाको प्रयोग भएकोमा एउटैले पनि जवाफ दिएनन् । तर विषयवस्तु विश्लेषण गर्ने क्रममा कार्टुनमा निम्नस्तरीय भाषाको पनि प्रयोग भएको पाइयो । कार्टुनिस्टले निम्नस्तरीय भाषालाई पनि मध्यमस्तरीय भाषाको संज्ञा दिएको पुष्टि यसबाट हुन्छ ।

**चार्ट ४**




**स्रोतः सामग्री विश्लेषण अध्ययन**

निम्नस्तरीय भाषा कार्टुनमा प्रयोग नगर्ने बताउने कार्टुनिस्टहरूको भनाइलाई आधार मान्ने हो भने कार्टुनको भाषा मध्यमस्तरीय नै हुन्छ । उनीहरूको यो भनाइ विषयवस्तु विश्लेषणबाट निस्केको परिणामले पनि पुष्टि गर्छ ।

# अध्याय पाँच

## परिणाम


### ५.१ पाठक सर्वेक्षणको परिणाम

छापा माध्यममा प्रकाशित हुने कार्टुनको लोकप्रियता बुझ्न नियमित पाठकहरूलाई अध्ययनमा समेटिएको थियो । सर्वेक्षणका लागि विभिन्न क्षेत्रबाट नमुना छनौट गरिएको थियो । अध्ययनमा महिला तथा पुरूषको सहभागिता समानुपातिक रूपमा चयन गरिएको थियो । सर्वेक्षणमा एकसय २० सहभागी थिए जसमध्ये २० चिकित्सक, २० इन्जिनियर, २० पत्रकार, २० प्राध्यापक, २० जागिरे[५०] र २० विद्यार्थीलाई सर्वेक्षणमा प्रत्यक्षरूपमा प्रश्नावली भराइएको थियो । सर्वेक्षणमा सहभागीहरूको 'र्‍यान्डम स्याम्प्लिङ' [५१] विधिबाट छनौट गरिएको थियो । संकलित तथ्यांकको प्रशोधन गर्दा हरेक वर्गका फरक-फरक मतलाई पनि उत्तिकै महत्त्वका साथ विभाजन गरिएको थियो जसबाट पेसाकर्मीले दिने फरक धारणा बुझ्न सकियोस् भन्ने थियो । सर्वेक्षणमा २३ प्रश्न गरिएका थिए । तीमध्ये अध्ययनको प्रयोजनका लागि १८ र भरिएका विवरणको सत्यता मापन गर्न पाँचवटा राखिएका थिए । (हेर्नुहोस् अनुसूची १) । त्यस्तै कार्टुनिस्ट, सम्पादक तथा बौद्धिक वर्गसँग अन्तर्वार्तामार्फत् कार्टुनका विविध पक्षबारे जानकारी लिइएको थियो ।

### ५.२ कार्टुनको लोकप्रियता

अध्ययनमा पत्रकारिताका अन्य विधासँग कार्टुनको आकर्षणको तुलनाका लागि प्रश्न गरिएको थियो । सहभागीहरूमध्ये ४५ प्रतिशतले पत्रपत्रिका पढ्दा सबैभन्दा पहिले कार्टुनमा ध्यान पुग्ने गरेको बताए ।

**चार्ट ५**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

---

[५०] सरकारी र निजी क्षेत्रसँग आवद्ध रही काम गर्दै आएका व्यक्तिहरूलाई यसमा समेटिएको छ ।

[५१] र्‍यान्डम स्याम्पलिङ त्यस्तो विधि हो, जसमा समग्रमा सम्बद्ध प्रत्येक एकाइहरू नमूना छनौटमा छनौट हुनसक्ने सम्भावना रहन्छ । प्रत्येक एकाइको छनौट एक-अर्कामा स्वतन्त्र रूपमा गरिन्छ । समग्रतालाई प्रतिनिधित्व गर्ने एकाइ नै र्‍यान्डम स्याम्पलिङ हो । Kerlinger, Fred N. 2004. Foundations of Behavioral Research . 2nd edition, p 118 .


यसले कार्टुनचित्रको लोकप्रियता सबैभन्दा अधिक रहेको पुष्टि गरेको छ । कार्टुनपछि समाचारमा ध्यान पुगेको बताउने पाठक ३७ प्रतिशत छन् । त्यस्तै तस्बिरमा १० प्रतिशत र सम्पादकीयमा ८ प्रतिशतले आफूलाई आकर्षित गर्ने गरेको बताए ।

अध्ययनमा सहभागी जागिरेहरूले पनि अखबारमा प्रकाशित सामग्रीमध्ये अधिक मात्रामा कार्टुन नै मन पराउने गरेको पाइयो । जागिरेमध्ये ६९ प्रतिशतले कार्टुनचित्र मन पराउने गरेको जनाए भने समाचार मन पराउने २१ प्रतिशत थिए । यसैगरी सम्पादकीय र तस्बिर मन पराउने जागिरे ५/५ प्रतिशत रहेको पाइयो । जागिरेजस्तै विद्यार्थीको रुचि पनि कार्टुनमा नै धेरै रहेको पाइयो । ४९ प्रतिशत विद्यार्थीले अखबारमा प्रकाशित हुने अन्य विषयको तुलनामा कार्टुन मन पराउने गरेका पाइयो । ३४ प्रतिशत समाचार मन पराउने, १४ प्रतिशत सम्पादकीय मन पराउने थिए भने तस्बिर मन पराउने ३ प्रतिशत विद्यार्थी थिए ।

अध्ययनमा समावेश गरिएका पत्रकारहरूले भने जागिरे र विद्यार्थीले भन्दा भिन्न मत जाहेर गरे । पत्रकारहरूले सबैभन्दा बढी समाचार मन पराउने गरेको जनाए । सहभागी पत्रकारमध्ये ४६ प्रतिशतले समाचार मन पराउँदा रहेछन् भने २८ प्रतिशतले कार्टुन मन पराउने रहेछन् । सम्पादकीय र तस्बिर मन पराउने पत्रकारको संख्या बराबर थियो- १३/१३ प्रतिशत । अध्ययनमा समावेश गरिएका प्राध्यापकहरूको रुचि पनि पत्रकारको रुचिसँगै मिलेको पाइयो । प्राध्यापकहरूले पनि अधिक मात्रामा समाचार नै मन पराउने रहेछन् । समाचार मन पराउने प्राध्यापकहरू ४७ प्रतिशत थिए भने त्यसको आधा जति (२४ प्रतिशत) ले मात्र कार्टुन मन पराएका थिए । सम्पादकीय र तस्बिर हेर्ने प्राध्यापकहरू क्रमशः १९ र १० प्रतिशत थिए ।

पत्रकार र प्राध्यापकभन्दा चिकित्सकले भिन्न मत जाहेर गरे ।

**चार्ट ६**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

उनीहरूको रुचि विद्यार्थी र जागिरेसँग मिलेको पाइयो । अध्ययनमा समावेश गरिएका चिकित्सकमध्ये ४० प्रतिशतले कार्टुन बढी मन पर्ने जनाए । त्यसैगरी ३३ प्रतिशत चिकित्सकको ध्यान समाचारमा जाने गरेको पाइयो भने २० प्रतिशतको रुचि सम्पादकीयमा र ७ प्रतिशतको रुचि तस्बिरमा पाइयो । माथि उल्लिखित

पाठकको रुचिलाई हेर्ने हो भने अहिलेको अवस्थामा कार्टुनको माग बढ्दो छ । र, कार्टुनले ख्याति कमाउँदैछ । यसको पछाडि कारण हुनसक्छ, सानो चित्रको भरमा कार्टुनले धेरै अर्थ दिनु ।

नेपालमा मुख्यतया दुई प्रकारका कार्टुन प्रकाशित हुँदै आएका छन् । तीमध्ये एउटा सम्पादकीय कार्टुन हो भने अर्को पकेट कार्टुन हो । सम्पादकीय कार्टुन ठूलो आकारमा कहिलेकाहीँ छापिन्छ भने पकेट कार्टुन दैनिक रूपमा प्रायः एक कोलममा अटाउँछ । यी दुईबीचको लोकप्रियताबारे सोधिएको प्रश्नमा ३१ प्रतिशतले सम्पादकीय कार्टुन मनपर्ने बताए भने ६९ प्रतिशतले पकेट कार्टुनलाई आफ्नो रुचिको कार्टुन भएको उल्लेख गरे । यसबाट पकेट कार्टुनको लोकप्रियता अधिक देखियो ।

विशेषगरी पकेट कार्टुन धेरै मन पराउनेहरू विद्यार्थी थिए । सहभागी विद्यार्थीमध्ये ७५ प्रतिशतले पकेट कार्टुन मन पराउने जनाए । सहभागीमध्ये २५ प्रतिशत विद्यार्थीको रुचिमा भने सम्पादकीय कार्टुन थियो । त्यस्तै सहभागी पत्रकारमध्ये ५८ प्रतिशतले पकेट र ४२ प्रतिशतले सम्पादकीय कार्टुन बढी लोकप्रिय हुने जनाए । त्यस्तै प्राध्यापकहरूको रुचिमा पनि भिन्नता देखियो । उनीहरूले पकेट कार्टुनको तुलनामा सम्पादकीय कार्टुन मन पराउने गरेको जनाए ।

सहभागी प्राध्यापकहरू मध्ये ५७ प्रतिशतले सम्पादकीय र ४३ प्रतिशतले पकेट कार्टुनमा आफ्नो रुचि देखाएका छन् । तर, प्राविधिक क्षेत्र इन्जिनियरिङमा आबद्धहरूले सम्पादकीय कार्टुनप्रति त्यति रुचि देखाएको पाइएन । सहभागी इन्जिनियरहरूमध्ये शत प्रतिशतले नै पकेट कार्टुनप्रति आफ्नो रुचि भएको जनाए भने सम्पादकीय कार्टुनमा एकजनाले पनि रुचि देखाएनन् । त्यस्तै चिकित्सकहरू पनि इन्जिनियरकै लाइनमा देखिए । ५ प्रतिशत सहभागीले मात्र सम्पादकीय कार्टुन मन पर्ने बताए भने बाँकी ९५ प्रतिशत चिकित्सकले पकेट कार्टुन हेर्न र पढ्नमै मज्जा आउने जनाए । जागिरेमध्ये ६१ प्रतिशतले पकेट र ३९ प्रतिशतले सम्पादकीय कार्टुन मन पराउँदा रहेछन् ।


## ५.३ कार्टुनचित्र हेर्नुको कारण

सबैका माझ कार्टुन उत्तिकै प्रख्यात छ । त्यसैले अखबारमा प्रकाशित कार्टुनचित्र पाठक/दर्शकले हेर्नुका पछाडिको कारण बुझ्न प्रश्न गरिएको थियो । सहभागीहरूमध्ये सबैभन्दा बढी अर्थात् ५५ प्रतिशतले रमाइलोका लागि कार्टुन हेर्ने गरेको जनाए । ४१ प्रतिशतले जानकारीका लागि कार्टुन हेर्ने गरेको जनाए । यसबाहेक त्यत्तिकै कार्टुन हेर्नेहरू ४ प्रतिशत थिए ।

अध्ययनमा सहभागी प्राध्यापकमध्ये सबैभन्दा धेरैले रमाइलोका लागि कार्टुन हेर्ने गरेको पाइयो जो ६२ प्रतिशत थिए । यसैगरी जानकारीकै लागि कार्टुन हेर्ने प्राध्यापकहरू ३८ प्रतिशत थिए । प्राध्यापकको रुचिसँग विद्यार्थीको रुचि पनि मिल्ने रहेछ । रमाइलोका लागि कार्टुन हेर्ने विद्यार्थी ५९ प्रतिशत थिए । कार्टुनचित्रमार्फत् जानकारी पाउने मत जाहेर गर्ने ३७ प्रतिशत रहेका थिए भने त्यत्तिकै कार्टुन हेर्नेको संख्या ४ प्रतिशत थियो । पत्रकारको धारणा पनि प्राध्यापक र विद्यार्थीसँग मिल्दोजुल्दो पाइयो । रमाइलोका लागि

कार्टुनचित्र हेर्ने पत्रकार ५७ प्रतिशत थिए भने जानकारीका लागि हेर्ने ३६ प्रतिशत थिए । त्यस्तै ७ प्रतिशतले त्यत्तिकै कार्टुनचित्र हेर्ने गरेको जनाए । प्राध्यापक, पत्रकार र विद्यार्थीको जस्तै विचार अध्ययनमा सहभागी जागिरेहरूको पनि पाइयो । रमाइलोका लागि कार्टुनचित्र हेर्ने जागिरे ५३ प्रतिशत थिए । यसैगरी ४३ प्रतिशतले कार्टुनचित्रबाट जानकारी पाउने गरेको जनाए भने ४ प्रतिशतले कार्टुनचित्र त्यत्तिकै हेर्ने गरेको बताए ।

**चार्ट ७**




**स्रोतः पाठक सर्वेक्षण २०६३**


प्राध्यापक, पत्रकार, विद्यार्थी तथा जागिरेको विचार भन्दा प्राविधिक पेसामा आबद्ध इन्जिनियरको विचार भिन्न देखियो । अध्ययनमा सहभागी इन्जिनियरमध्ये जानकारी लिन कार्टुन हेर्नेको संख्या अधिक पाइयो । ५५ प्रतिशतले जानकारी प्राप्त गर्नका लागि कार्टुन हेर्ने गरेको बताए भने ४५ प्रतिशत इन्जिनियरले रमाइलोका लागि मात्र कार्टुन हेर्ने गरेका रहेछन् । चिकित्सा क्षेत्रमा संलग्न रहेकामध्ये सबैभन्दा बढीले कार्टुन हेरेर रमाइलो लिने बताए । ५३ प्रतिशत चिकित्सकले कार्टुन हेरेर रमाइलो पाउने गरेका रहेछन् । यसैगरी कार्टुनचित्रबाट जानकारी पाउनेको संख्या ४० प्रतिशत रहेको थियो । ७ प्रतिशत चिकित्सकले भने कार्टुनचित्र हेर्नुका पछाडि कुनै कारण नरहेको जनाए ।

## ५.४ विषयगत आधारमा कार्टुनको लोकप्रियता

अखबारमा खासगरी तीन किसिमका कार्टुन प्रकाशित हुने गरेको पाइन्छ । विषयगत आधारमा अध्ययन गर्दा पाठकलाई अखबारमा प्रकाशित कुन कार्टुन बढी मन पर्दोरहेछ भनेर बुझ्नु अध्ययनको उद्देश्य थियो । पाठकको रुचि बुझ्नका लागि कार्टुनलाई राजनीतिक, सामाजिक र आर्थिक गरी तीन भागमा विभाजन गरिएको थियो । हुनत राजनीतिक, सामाजिक र आर्थिक विषयवस्तु एक-अर्कासँग मेल खाने विषयवस्तु हुन् । त्यसैले यी तीन विषयको वर्गीकरण गर्दा जुन विषयमा बढी कार्टुन केन्द्रित छ त्यसैलाई आधार बनाइएको थियो ।

सहभागीहरूमध्ये सबैभन्दा बढीले राजनीतिक, आर्थिक र सामाजिक विषयका कार्टुन मनपर्छ भन्ने धारणा व्यक्त गरे । सबै विषयको कार्टुन बन्नुपर्छ भन्ने ४२ प्रतिशत थिए । यसैगरी ३८ प्रतिशतले राजनीतिक कार्टुन रुचाउने गरेको पाइयो भने १९ प्रतिशतले सामाजिक कार्टुन मन पराउँदा रहेछन् । आर्थिक कार्टुन मन पराउने एक प्रतिशत मात्र थिए ।

**चार्ट ८**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

सहभागी प्राध्यापकमध्ये सबैभन्दा अधिकले राजनीतिक कार्टुन मन पराउने रहेछन् । ५७ प्रतिशतले राजनीतिक कार्टुन रुचाउने गरेको पाइयो भने सबै विषयका कार्टुन रुचाउने प्राध्यापकहरू ४३ प्रतिशत थिए । सहभागी प्राध्यापकहरूले सामाजिक र आर्थिक विषयका कार्टुन भने मन नपराउँदा रहेछन् । यद्यपि, उनीहरूले सबै विषयको बन्नुपर्छ भनेका थिए । यसभित्र सामाजिक र आर्थिक कार्टुन पनि पर्छन् । तर पनि सामाजिक र आर्थिक कार्टुनमा छुट्टै मत भने जाहेर गरेनन् । यसैगरी प्राध्यापकजस्तै पत्रकारले पनि बढी मात्रामा राजनीतिक कार्टुन नै मन पराउने गरेको पाइयो ।

राजनीतिक कार्टुन र सबै विषयका कार्टुन मन पराउने पत्रकारको संख्या बराबर थियो । ४०/४० प्रतिशतले राजनीतिक कार्टुन र सबै विषयका कार्टुन मन पराउँदा रहेछन् । सामाजिक र आर्थिक कार्टुन मन पराउने पत्रकारहरू क्रमशः १७ र ३ प्रतिशत थिए । सामाजिक र आर्थिक विषयका कार्टुनको प्रतिशत जोड्दा पनि राजनीतिक कार्टुनकै बाहुल्य देखिन्छ । पत्रकारकै हाराहारीमा विद्यार्थीहरू देखिए । ४३ प्रतिशत विद्यार्थीले सबै कार्टुनमा रुचि भएको बताए भने ३८ प्रतिशतले राजनीतिक कार्टुनमा मात्र रुचि भएको बताए । सामाजिक कार्टुन मन पराउने विद्यार्थी १५ प्रतिशत थिए । साथै ४ प्रतिशतले आर्थिक कार्टुन मन पराउने रहेछन् । यसैगरी जागिरेमध्ये ३२ प्रतिशतले सबै विषयका कार्टुन मनपर्ने बताए । राजनीतिक र सामाजिक कार्टुन मन पराउनेहरू २९/२९ प्रतिशत थिए । १० प्रतिशत जागिरेको रुचि आर्थिक कार्टुनमा रहेछ ।


सबैभन्दा भिन्न देखिए, प्राविधिक पेसाका इन्जिनियरहरू । उनीहरूले अधिक मात्रामा सामाजिक विषयका कार्टुन रुचाउने रहेछन् । सामाजिक कार्टुन मन पराउनेहरू ४६ प्रतिशत थिए । ३६ प्रतिशतले सबै विषयका

कार्टुन बन्नुपर्छ भनेका थिए । त्यस्तै राजनीतिक कार्टुन मन पराउने इन्जिनियरहरू १८ प्रतिशत थिए । चिकित्सकमध्ये धेरैले सबै विषयका कार्टुन मन पराउने गरेको पाइयो । सबै विषयका कार्टुन मन पराउने ४२ प्रतिशत थिए । राजनीतिक कार्टुन मन पराउने ३३ प्रतिशत र सामाजिक कार्टुन मन पराउने २५ प्रतिशत चिकित्सक थिए । आर्थिक कार्टुनमा भने एउटै चिकित्सकले पनि आफ्नो मत जाहेर गरेनन् ।

## ५.५ कार्टुनको गुणस्तर

प्रकाशित कार्टुनमध्ये सबै पाठकका नजरमा गुणस्तरीय हुन्छन् भन्न सकिन्न । यसैलाई मध्यनजर गरेर पाठकको दृष्टिमा कति प्रतिशत कार्टुन राम्रा र कति नराम्रा रहेछन् भनेर बुझ्ने प्रयास गरेका थियौं । सहभागीमध्ये अधिकले अर्थात् ५६ प्रतिशतले अखबारमा प्रकाशित कार्टुन ठीकै हुने गरेको धारणा राखे । त्यस्तै ३८ प्रतिशतले कार्टुन राम्रा भएको बताए । अथवा ९४ प्रतिशत पाठकले कुनै न कुनै रूपमा कार्टुन राम्रा हुने बताए । यसैगरी प्रकाशित कार्टुन स्तरहीन हुने गरेको एक प्रतिशतले जनाए भने अन्यमा ५ प्रतिशतले आफ्नो मत जाहेर गरे ।

**चार्ट ९**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

इन्जिनियरमध्ये सबैभन्दा बढीले कार्टुन राम्रा हुने गरेको बताए । ६७ प्रतिशतले कार्टुन राम्रा हुने जनाए भने ३३ प्रतिशतले ठीकै हुने गरेको बताए । यसैगरी स्तरहीन र अन्यमा भने एउटै इन्जिनियरले पनि आफ्नो मत जाहेर गरेनन् अर्थात् शतप्रतिशत इन्जिनियरको नजरमा कुनै न कुनै रूपमा कार्टुन राम्रा रहेछन् । इन्जिनियर र पत्रकारको धारणा एउटै पाइयो । सहभागी पत्रकारमध्ये ४९ प्रतिशतले कार्टुन राम्रा हुने बताए भने ४५ प्रतिशतले ठीकै हुने गरेको बताए । यसैगरी ३/३ प्रतिशत पत्रकारले अन्य र स्तरहीन कार्टुन हुने गरेको बताए । इन्जिनियर र पत्रकारको भन्दा छुट्टै मत चिकित्सकको देखियो । ७८ प्रतिशतले कार्टुन ठीकै लाग्ने गरेको बताए भने २२ प्रतिशत चिकित्सकले राम्रो हुने बताए । अर्थात् शतप्रतिशत चिकित्सकको विचारमा पनि अखबारमा प्रकाशित कार्टुन राम्रा रहेछन् । चिकित्सकको विचारसँग विद्यार्थीको विचार मिलेको पाइयो ।


६४ प्रतिशत विद्यार्थीले कार्टुन ठीकै लाग्ने बताए । ३६ प्रतिशतले राम्रा हुने जनाए । विद्यार्थीकै जस्तै मत जागिरेको पाइयो ।

जागिरेमध्ये ६३ प्रतिशतले कार्टुन ठीकै हुने गरेको मत जाहेर गरे भने ३७ प्रतिशतले राम्रा हुने बताए । प्राध्यापकमध्ये ५७ प्रतिशतले कार्टुन ठीकै हुने धारणा राखे । ४३ प्रतिशत प्राध्यापकले कार्टुन राम्रा हुने जनाए । यसैगरी स्तरहीन र अन्यमा भने एउटै प्राध्यापकले पनि मत जाहेर गरेनन् । यसबाट स्पष्ट हुन्छ कि स्तरहीन कार्टुनको संख्या न्यून छ । सरदरमा कार्टुन राम्रा बन्ने गरेको पाइयो ।

## ५.६ वास्तविकता र कार्टुन

अखबारमा प्रकाशित भएका कार्टुन वास्तविकतामा आधारित छन् या काल्पनिक छन् भनेर बुझ्नका लागि प्रश्न गरिएको थियो । सहभागीमध्ये अधिकले अखबारमा प्रकाशित हुने गरेका कार्टुन वास्तविकतामा आधारित भएको जवाफ दिए । ८५ प्रतिशतले वास्तविक भएको बताए भने १४ प्रतिशतले काल्पनिक भएको बताए । एक प्रतिशतले मात्रै नैतिकहीन कार्टुन प्रकाशित हुने गरेको मत जाहेर गरे ।

**चार्ट १०**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

इन्जिनियरमध्ये सबैभन्दा बढीले कार्टुन वास्तविक भएको जवाफ दिए । कार्टुन वास्तविकताको नजिक भएको बताउनेहरू ९० प्रतिशत थिए । यसैगरी १० प्रतिशतले काल्पनिक हुने जनाए । इन्जिनियरको नजरमा एउटै कार्टुन पनि नैतिकहीन भएको पाइएन । पत्रकारको विचार पनि इन्जिनियरकै जस्तो देखियो । पत्रकारमध्ये ८८ प्रतिशतले वास्तविक र १२ प्रतिशतले काल्पनिक कार्टुन भएको जनाए । त्यस्तै विद्यार्थीमध्ये ८७ प्रतिशतले वास्तविक, ९ प्रतिशतले काल्पनिक र ४ प्रतिशतले नैतिकहीन कार्टुन भएको मत जाहेर गरे । जागिरेमध्ये धेरैले कार्टुनले वास्तविक चित्रण गर्ने गरेको बताए । ८३ प्रतिशतले वास्तविक र १७ प्रतिशतले काल्पनिक हुने गरेको जवाफ दिए । चिकित्सकको विचार पनि जागिरेको जस्तै पाइयो । सहभागीमध्ये सबैभन्दा बढीले कार्टुन वास्तविकताको नजिक हुने बताए । ८२ प्रतिशत चिकित्सकले वास्तविक र १८ प्रतिशतले काल्पनिक हुनेमा


मत जाहेर गरे । यसैगरी ७१ प्रतिशत प्राध्यापकले वास्तविक र २९ प्रतिशतले कार्टुन काल्पनिक हुने गरेको बताए । अखबारमा वास्तविकतामा आधारित कार्टुन नै प्रकाशित हुने यसबाट पुष्टि हुन्छ ।

## ५.७ पत्रपत्रिकामा कार्टुनको स्थान

अखबारमा प्रकाशित कार्टुनले पाएको स्थान थाहा पाउन अध्ययन गरेका थियौं । सहभागीमध्ये अधिकले अर्थात् ५० प्रतिशतले ठीकै स्थान पाएको मत जाहेर गरे । यसैगरी ३४ प्रतिशतले राम्रो र १३ प्रतिशतले कम स्थान पाएको बताए । ३ प्रतिशतले भने थाहा नभएको बताए ।

प्राध्यापकमध्ये सबैभन्दा बढी ६४ प्रतिशतले अखबारमा कार्टुनले ठीकै स्थान पाएको मत जाहेर गरे । यसैगरी २९ प्रतिशतले राम्रो स्थान पाएको बताए भने ७ प्रतिशत प्राध्यापकले कार्टुनले पाएको स्थान कम भएको बताए । थाहा छैन भन्नेमा एउटै प्राध्यापकले पनि मत जाहेर गरेनन् । इन्जिनियरको धारणा पनि प्राध्यापकसँग मिलेको पाइयो । ५६ प्रतिशत इन्जिनियरले ठीकै स्थान पाएको बताए । यसैगरी ३३ प्रतिशतले राम्रो स्थान र ११ प्रतिशतले कार्टुनले अखबारमा कम स्थान पाएको जनाए ।

**चार्ट ११**




**स्रोतः पाठक सर्वेक्षण २०६३**


इन्जिनियर र प्राध्यापकको भन्दा बेग्लै रुचि चिकित्सकहरूमा पाइयो । अखबारमा कार्टुनले राम्रो स्थान पाएको छ भन्ने चिकित्सकको प्रतिशत अधिक देखियो । ५१ प्रतिशतले राम्रो स्थान पाएको जनाए भने ३३ प्रतिशतले ठीकै स्थान पाएको जनाए । यसैगरी कम स्थान पाएको र थाहा छैन भन्ने चिकित्सक ८/८ प्रतिशत थिए । चिकित्सकको जस्तै विचार जागिरेको पनि पाइयो । सहभागीमध्ये ४२ प्रतिशत जागिरेले अखबारमा कार्टुनले राम्रो स्थान पाएको बताए । ३७ प्रतिशतले ठीकै र २१ प्रतिशत जागिरेले कार्टुनले कम स्थान पाएकोमा आफ्नो मत जाहेर गरे । जागिरको भन्दा भिन्नै धारणा पत्रकारको रहेको थियो । ४५ प्रतिशत पत्रकारले कार्टुनले ठीकै स्थान पाएको बताए भने ४१ प्रतिशतले राम्रो स्थान पाएको जनाए । अर्थात् कुनै न कुनै रूपमा कार्टुनले राम्रो स्थान पाएको बताउने पत्रकार ८६ प्रतिशत थिए । त्यस्तै १४ प्रतिशत पत्रकारले

कार्टुनले अखबारमा कम स्थान पाएको मत जाहेर गरे । पत्रकारको जस्तै विचार विद्यार्थीहरूको पाइयो । ४४ प्रतिशत विद्यार्थीले ठीकै स्थान पाएको जनाए भने ३२ प्रतिशतले राम्रो स्थान पाएको जनाए । यसैगरी १६ प्रतिशतले कम स्थान पाएको र ८ प्रतिशत विद्यार्थीले थाहा नभएको धारणा व्यक्त गरे ।

## ५.८ पत्रिका बिक्रीमा कार्टुनको भूमिका

पत्रिकाको आकर्षण बढाउन कार्टुनले ठूलो भूमिका खेल्ने हुनाले यसले महत्त्वपूर्ण स्थान पाएको हो । पत्रिकाको बिक्री त्यसको आकर्षणमा भरपर्ने भएकाले कार्टुनले पत्रिकाको सर्कुलेसन पनि बढाउँछ भन्ने धारणा वरिष्ठ कार्टुनिस्ट वात्स्यायन राख्छन् ।[५२] कार्टुनको भूमिका जटिल पनि छ । कार्टुनिस्टहरूका अनुसार एउटा राम्रो कार्टुनले खिसी गर्ने, जिस्काउने, कुतकुती लाउने, खबरदारी गर्ने, सपार्ने, शिक्षा दिने, हप्काउने, तर्साउने, रुवाउने, हँसाउने र विस्मित गराउने काम एकैसाथ गरिरहेको हुन्छ । कार्टुनले पत्रिकाको बिक्रीमा कस्तो भूमिका निर्वाह गरेको हुन्छ भनेर पाठकको विचार बुझेका थियौं । अध्ययनमा सहभागीमध्ये ६९ प्रतिशतले एकदमै आवश्यक भएको बताए । त्यसको एकतिहाइले अर्थात् १९ प्रतिशतले कार्टुन अलिअलि आवश्यक भएको बताए अर्थात् ८८ प्रतिशत पाठकको विचारमा कार्टुन आवश्यक भएको देखियो । १२ प्रतिशतले अखबार बिक्रीका लागि कार्टुन आवश्यक नभएको मत जाहेर गरे ।

**चार्ट १२**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

यसैगरी चिकित्सकमध्ये सबैभन्दा बढीले अखबारका लागि कार्टुन एकदमै आवश्यक भएको जनाए । एकदमै आवश्यक भएको बताउने ९१ प्रतिशत थिए भने अलिअलि आवश्यक भएको बताउने चिकित्सक ९ प्रतिशत थिए । चिकित्सकको जस्तै विचार पत्रकारको पनि रहेको पाइयो । ८६ प्रतिशत पत्रकारले कार्टुन एकदमै आवश्यक भएको जनाए भने १४ प्रतिशतले अलिअलि आवश्यक भएको जवाफ दिए अर्थात् शतप्रतिशत पत्रकारको नजरमा कुनै न कुनै रूपमा कार्टुन अखबारमा आवश्यक भएको देखियो । त्यस्तै जागिरेले पनि अखबारका लागि कार्टुन एकदमै आवश्यक छ भन्नेमा नै धेरै मत जाहेर गरे । एकदमै आवश्यक ७९ प्रतिशत

---

[५२] कार्टुनिस्ट दुर्गा बरालसँग २०६३ असार १८ गते गरिएको कुराकानी ।


र अलिअलि आवश्यक छ भन्ने २१ प्रतिशत थिए । जागिरे र प्राविधिक पेसामा संलग्न इन्जिनियरको विचार उस्तै-उस्तै पाइयो । इन्जिनियरमध्ये ७८ प्रतिशतले एकदमै आवश्यक भएको जनाए भने २२ प्रतिशतले अलिअलि आवश्यक भएको बताए । विद्यार्थीमध्ये पनि सबैभन्दा बढीले अखबारका लागि कार्टुन एकदमै आवश्यक भएको विचार राखे । ६४ प्रतिशतले एकदमै आवश्यक भएको जनाए भने ३६ प्रतिशतले अलिअलि आवश्यक भएको जनाए ।

अध्ययनमा सहभागीमध्ये धेरैजसोले अखबारका लागि कार्टुन एकदमै आवश्यक भएको बताए । यसबाट प्रस्टै हुन्छ कि कार्टुनले खेलेको भूमिका महत्त्वपूर्ण छ । साथै कार्टुनले पत्रिकाको आकर्षण बढाउनुका साथै सर्कुलेसन पनि बढाएको हुन्छ भन्ने पुष्टि गर्न सकिन्छ ।

## ५.९ पूर्वाग्रहको अवस्था

अखबारमा प्रकाशित हुने कार्टुन कत्तिको पूर्वाग्रही छन् भनेर बुझ्नका लागि पाठकलाई प्रश्न गरिएको थियो । सहभागीमध्ये कतिले पत्रिकाको नामै तोकेर पूर्वाग्रही कार्टुन प्रकाशित गर्छन् भनेका छन् । त्यस्तै सरकार नियन्त्रित पत्रिका र राजनीतिक पार्टीले प्रकाशित गरेका पत्रिकामा पूर्वाग्रही कार्टुन प्रकाशित हुन्छन् भन्ने जवाफ पनि दिएका छन् । अध्ययनमा सहभागीमध्ये सबैभन्दा धेरैले पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेको बताए । पूर्वाग्रही कार्टुन छन् भन्ने ५२ प्रतिशत थिए । १० प्रतिशतले छैनन् भन्ने जवाफ दिए भने ३८ प्रतिशतले याद नभएको धारणा राखे ।

**चार्ट १३**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

पत्रकारमध्ये सबैभन्दा बढीले पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेको मत जाहेर गरे । ६४ प्रतिशत पत्रकारले पूर्वाग्रही कार्टुन प्रकाशित भएका छन् भन्ने जवाफ दिए । छैनन् भन्ने जवाफ दिनेहरू ७ प्रतिशत थिए । २९ प्रतिशत पत्रकारले याद नभएको मत जाहेर गरे । विद्यार्थीको विचार पनि पत्रकारसँग मिल्दोजुल्दो पाइयो । विद्यार्थीमध्ये अधिकले अखबारमा पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेको बताए । उनीहरूमध्ये ५९ प्रतिशतले पूर्वाग्रही छन्, ५ प्रतिशतले छैनन् र ३६ प्रतिशतले याद नभएको जनाए । यसैगरी प्राध्यापकहरूले पनि

पूर्वाग्रही छन् भन्नेमै बढी मत जाहेर गरे । ५० प्रतिशतले छन्, ७ प्रतिशतले छैनन् र ४३ प्रतिशतले याद नगरेको बताए ।

अध्ययनमा संलग्न चिकित्सकहरूको विचार भने अरूभन्दा बेग्लै रहेको पाइयो । चिकित्सकमध्ये सबैभन्दा बढीले याद नभएको मत जाहेर गरे । याद नभएको बताउने ५६ प्रतिशत थिए । त्यस्तै पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेका छन् भन्ने ४४ प्रतिशत थिए । इन्जिनियरको धारणा पनि चिकित्सकसँग मिलेको पाइयो । इन्जिनियरमध्ये अधिकले पूर्वाग्रही कार्टुन भए नभएको याद नगरेकोमा मत जाहेर गरे । ४९ प्रतिशतले याद नगरेको बताए । ३८ प्रतिशत इन्जिनियरले पूर्वाग्रही छन् र १३ प्रतिशतले कार्टुन पूर्वाग्रही छैनन् भन्ने जवाफ दिए ।


जागिरेको विचार चिकित्सक र इन्जिनियरसँग मिलेको पाइएन । जागिरेमध्ये अधिकले पूर्वाग्रही कार्टुन हुने गरेको बताए । ४५ प्रतिशतले पूर्वाग्रही कार्टुन छन् भन्ने मत जाहेर गरे । १५ प्रतिशतले छैनन् र ४० प्रतिशत जागिरेले याद नगरेको बताए ।

कार्टुनिस्ट वात्स्यायन दुर्गा बरालका अनुसार कार्टुनिस्ट सधैं प्रतिपक्ष हुनुपर्छ र सत्तामा जो छ उसको गल्ती-कमजोरी औंल्याइदिनुपर्छ । राजनीतिको कारण एउटै कार्टुन कुनै पाठकका लागि पूर्वाग्रही हुन्छ त कुनैका लागि समसामयिक र उचित लाग्छ । आफूले सत्तामा रहने कसैलाई पनि बाँकी नराखेको दावी उनी गर्छन् ।

## ५.१० कार्टुनमा समाजको चित्रण

कार्टुनिस्टले समाजमा भएका विकृति, विसंगतिमाथि कार्टुन बनाएर सम्बन्धित पक्षलाई घच्घच्याउने काम गरेका हुन्छन् भनिन्छ । यस्ता कार्टुनले समाजको कस्तो चित्रण गर्छन् त ? भन्ने प्रश्न अध्ययनको क्रममा गरिएको थियो । समाजको सही चित्रण गरेको छ भन्नेको संख्या बढी पाइयो ।

**चार्ट १४**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

७१ प्रतिशतले समाजको सही चित्रण, ४ प्रतिशतले गलत, १९ प्रतिशतले खासै चित्रण गर्दैन र ६ प्रतिशतले थाहा नभएको जवाफ दिए ।

सहभागी इन्जिनियरमध्ये कार्टुनले समाजको सही चित्रण गरेको भन्ने बताउनेको प्रतिशत धेरै रह्यो । ८७ प्रतिशतले सही चित्रण गरेको बताए । १३ प्रतिशतले थाहा नभएको जवाफ दिए । गलत र खासै चित्रण गर्दैन भन्नेमा एउटै इन्जिनियरले पनि मत जाहेर गरेनन् । इन्जिनियरकै जस्तै धारणा जागिरेको पनि रहेको पाइयो । ७५ प्रतिशत जागिरेले कार्टुनले सही चित्रण, २० प्रतिशतले खासै चित्रण गर्दैनन् र ५ प्रतिशतले थाहा छैन भन्ने बताए ।


यसैगरी पत्रकारहरूले पनि सही चित्रणमै सबैभन्दा बढी भोट दिए । ७३ प्रतिशतले सही चित्रण हुने गरेको बताए । १७ प्रतिशत पत्रकारले खासै चित्रण गर्दैनन्, ७ प्रतिशतले गलत र ३ प्रतिशतले थाहा नभएको जवाफ दिए । त्यस्तै प्राध्यापकको विचार पनि पत्रकारको जस्तै रहेको पाइयो । प्राध्यापकमध्ये अधिकले सही चित्रण हुने गरेका बताए । ७१ प्रतिशतले सही चित्रण र २९ प्रतिशतले खासै चित्रण नगरेको भन्ने जवाफ दिए । विद्यार्थीमध्ये ६४ प्रतिशतले सही चित्रण, २० प्रतिशतले खासै चित्रण गर्दैनन्, १२ प्रतिशतले थाहा छैन र ४ प्रतिशतले गलत चित्रण हुने गरेको बताए । चिकित्सकको विचार पनि सबैसँग मिलेको पाइयो । चिकित्सकमध्ये ५३ प्रतिशतले सही र ३१ प्रतिशतले खासै चित्रण गर्दैनन् भन्ने जवाफ दिए । त्यस्तै गलत र थाहा नभएको बताउने चिकित्सक ८/८ प्रतिशत थिए ।

सर्वेक्षणको परिणामलाई आधार मान्ने हो भने अहिले बन्ने गरेका कार्टुनले वास्तविक समाजको सही चित्रण गरेका छन् ।

## ५.११ कार्टुन र सामाजिक परिवर्तन

कार्टुनिस्टले कार्टुनको माध्यमबाट समाजमा भएका विकृति र विसंगतिमाथि प्रहार गर्छन् । कार्टुनले दिएको सन्देशलाई प्रत्यक्ष ग्रहण गर्ने पाठक समाजकै हुन् । त्यसैले कार्टुनिस्ट समाजप्रति बढी जिम्मेवार

**चार्ट १५**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

हुनुपर्छ । कार्टुनले समाजमा जनमत निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्ने लेखक खगेन्द्र संग्रौला स्विकार्छन् । यसैगरी समाजशास्त्री कृष्ण भट्टचन भन्छन्- 'कार्टुनहरू समाजप्रति समर्पित छन्, समाजमा विरोधाभाष भएमा सुधार ल्याउने काम कार्टुनले गर्छन् ।'

पाठकको धारणा बुझ्नका लागि कार्टुनले सामाजिक परिवर्तनमा कस्तो भूमिका खेल्छ भनेर सोधिएको प्रश्नमा धेरैले प्रभावकारी भूमिका निर्वाह गरेको बताए । ९० प्रतिशतले प्रभावकारी, एक प्रतिशतले अप्रभावकारी, ६ प्रतिशतले थाहा छैन र ३ प्रतिशतले अन्यमा आफ्नो मत जाहेर गरे ।


सहभागी प्राध्यापकमध्ये शतप्रतिशतले नै प्रभावकारी भूमिका निर्वाह गर्ने बताए । अर्थात् सहभागी सबै प्राध्यापकले कार्टुनले सामाजिक परिवर्तनमा प्रभावकारी भूमिका खेल्ने जनाए । पत्रकारमध्ये अधिकले कार्टुनले खेल्ने भूमिका प्रभावकारी भएको बताए । ९४ प्रतिशतले प्रभावकारी, ३/३ प्रतिशत पत्रकारले थाहा छैन र अन्य भन्ने जवाफ दिए । यसैगरी चिकित्सकको विचार पनि पत्रकारको जस्तै रहेको थियो । सामाजिक परिवर्तनमा कार्टुनले प्रभावकारी भूमिका निर्वाह गर्छ भन्ने चिकित्सक ९१ प्रतिशत र ९ प्रतिशतले अन्यमा आफ्नो मत जाहेर गरे । जागिरेमध्ये ८५ प्रतिशतले प्रभावकारी र १५ प्रतिशतले अन्य भूमिका खेल्ने बताए । त्यस्तै विद्यार्थीमध्ये ८४ प्रतिशतले कार्टुनले सामाजिक परिवर्तनमा प्रभावकारी भूमिका खेल्ने गरेको बताए भने १६ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए । अन्य र अप्रभावकारी भूमिका हुनेमा एउटै विद्यार्थीले पनि भोट दिएनन् । यसैगरी प्राविधिक पेसामा संलग्न इन्जिनियरमध्ये ६२ प्रतिशतले प्रभावकारी, २५ प्रतिशतले अन्य र १३ प्रतिशतले अप्रभावकारी भूमिका निर्वाह गर्ने बताए ।

माथिका आधारमा हेर्ने हो भने सामाजिक परिवर्तनमा कार्टुनले प्रभावकारी भूमिका खेल्नेमै सबैभन्दा बढी मत रहेको पाइयो । यसैले भन्न सकिन्छ सामाजिक परिवर्तनमा कार्टुनचित्रले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् ।

## ५.१२ कार्टुन र राजनीतिक परिवर्तन

विषयवस्तु विश्लेषण हेर्ने हो भने अखबारमा धेरैजसो राजनीतिक विषयका कार्टुन नै प्रकाशित हुने गरेको पाइन्छ । देशमा सबैभन्दा विकृति भएको क्षेत्र नै राजनीति भएकाले पनि राजनीतिक विषयका कार्टुनको मात्रा बढी हुने कार्टुनिस्ट वासु क्षितिजको भनाइ छ । त्यस्तै डेढ दशकयता राजनीतिक कार्टुनका क्षेत्रमा नेपाली कलाकारहरूले छलाङ नै मारेको बताउँछन्, विश्लेषक सीकेलाल । उनी भन्छन्-'राजनीतिक कार्टुनको क्षेत्रमा नेपाली कार्टुनिस्टहरूको रचना कमसेकम दक्षिण एसियामा कसैभन्दा कम छैनन् ।' देशमा विभिन्न समयमा राजनीतिक परिवर्तन हुँदै आएको छ । राजनीतिक परिवर्तनका समयमा कार्टुनचित्रको भूमिका कस्तो हुन्छ ? भन्ने प्रश्नको जवाफमा ५७ प्रतिशतले राम्रो, ३६ प्रतिशतले अलिअलि, ४ प्रतिशतले कत्ति पनि नहुने र ३ प्रतिशतले अन्य भन्ने बताएका छन् ।

**चार्ट १६**





**स्रोत: पाठक सर्वेक्षण २०६३**

सर्वेक्षणमा सहभागी चिकित्सकमध्ये ७३ प्रतिशतले राजनीतिक परिवर्तनमा कार्टुनले राम्रो भूमिका हुने बताए। त्यस्तै, २७ प्रतिशतले अलिअलि भूमिका हुने गरेको जवाफ दिए। जागिरेको विचार पनि चिकित्सकको जस्तै पाइयो। जागिरेमध्ये ६५ प्रतिशतले राम्रो भूमिका हुने गरेको बताए। त्यस्तै ३० प्रतिशतले भने अलिअलि हुने गरेको जवाफ दिए। ५ प्रतिशत जागिरेले अन्यमा आफ्नो मत जाहेर गरे। पत्रकारमध्ये ५९ प्रतिशतले राम्रो, ३१ प्रतिशतले अलिअलि भन्ने जवाफ दिए। उनीहरूमध्ये ७ प्रतिशतले राजनीतिक परिवर्तनमा कार्टुनको कत्ति पनि भूमिका हुँदैन भन्ने जवाफ दिए। ३ प्रतिशत पत्रकारले भने स्पष्ट जवाफ दिएनन्।

यसैगरी प्राध्यापकमध्ये ५७ प्रतिशतले राम्रो हुने गरेको बताए। ४३ प्रतिशतले भने अलिअलि भन्ने जवाफ दिए। इन्जिनियरको विचार भने अरूको भन्दा भिन्न रहेको पाइयो। इन्जिनियरमध्ये सबैभन्दा बढीले अर्थात् ४५ प्रतिशतले अलिअलि, ३३ प्रतिशतले राम्रो र २२ प्रतिशतले कत्ति पनि भूमिका हुँदैन भन्ने जवाफ दिए। अर्थात् ७८ प्रतिशत सहभागीले कुनै न कुनै रूपमा भए पनि कार्टुनको प्रभावकारिता स्वीकार गरेका छन्। इन्जिनियरको भन्दा बेग्लै धारणा विद्यार्थीको रह्यो। ५२ प्रतिशत विद्यार्थीले राजनीतिक परिवर्तनमा कार्टुनको भूमिका राम्रो हुने गरेका बताए। त्यस्तै ४० प्रतिशतले अलिअलि र ८ प्रतिशत विद्यार्थीले अन्य भूमिका हुने बताए।

**चार्ट १७**




**स्रोत: पाठक सर्वेक्षण २०६३**

अध्ययनमा मूलधारको पत्रकारितामा रही कार्टुनचित्र बनाइरहेका दसजना कार्टुनिस्टलाई अन्तर्वार्ता विधिबाट राजनीतिक परिवर्तनमा कार्टुनले खेल्नसक्ने भूमिकाबारे सोधिएको थियो । सहभागीमध्ये ८५ प्रतिशत कार्टुनिस्टले राजनीतिक परिवर्तनमा कार्टुनले भूमिका खेल्ने बताए । यसैगरी खेल्दैन भन्ने १५ प्रतिशत मात्र थिए । कार्टुनले सहयोगी भूमिका खेल्ने बताएका थिए । कार्टुनले सम्बन्धित पक्षको आँखा खोलिदिन्छ, सुधार गर्ने नगर्ने कुरा सम्बन्धित व्यक्तिमा भर पर्छ । यसैगरी कार्टुनले प्रत्यक्ष रूपमा बिग्रदै गएको परिस्थितिलाई सुधार्ने काम गर्छ भन्ने जवाफ पनि कार्टुनिस्टले दिएका थिए ।

यसैगरी अध्ययनमा सहभागी कार्टुनिस्टलाई राजनीतिक मिसनका लागि कार्टुनले कस्तो भूमिका रह्यो ? भनेर प्रश्न गरिएको थियो । ५० प्रतिशतले सशक्त भूमिका खेलेको बताए । त्यस्तै ४२ प्रतिशतले ठीकै भूमिका खेलेको जनाए । अर्थात् कुनै न कुनै रूपमा भूमिका खेलेको बताउनेहरू ९२ प्रतिशत थिए । ८ प्रतिशतले मात्र अन्यमा आफ्नो मत जाहेर गरे । राजनीतिक हिसाबले कार्टुनको दुरुपयोग भएको केही कार्टुनिस्टले बताए । माथिका आधारमा हेर्दा राजनीतिक परिवर्तनमा कार्टुनले ठूलो भूमिका खेलेको थियो भन्न सकिन्छ ।

## ५.१३ विषयवस्तुप्रति पाठकको सुझाव

अध्ययनमा सहभागीमध्ये धेरैले अखबारमा पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेको बताए । यसैका आधारमा अखबारका कस्ता विषयवस्तुका कार्टुन प्रकाशित हुनुपर्छ भन्ने पाठकसँग प्रश्न गरिएको थियो । ३४ प्रतिशतले सामाजिक कार्टुन, २८ प्रतिशतले राजनीतिक, २० प्रतिशतले आर्थिक र १८ प्रतिशतले अन्य विषयमा कार्टुन बनाउनुपर्छ भन्ने मत जाहेर गरे ।


विद्यार्थीमध्ये सबैभन्दा बढीले सामाजिक कार्टुन बन्नुपर्छ भन्ने जवाफ दिए । ४० प्रतिशतले सामाजिक, ३१ प्रतिशतले राजनीतिक, १६ प्रतिशतले आर्थिक र १३ प्रतिशतले अन्य विषयका कार्टुन बन्नुपर्छ भन्ने मत जाहेर गरे । विद्यार्थीको जस्तै विचार चिकित्सकको पनि पाइयो । ३७ प्रतिशतले सामाजिक, २५ प्रतिशतले राजनीतिक र १७ प्रतिशत चिकित्सकले आर्थिक विषयका कार्टुन बन्नुपर्छ भनेका थिए । यसैगरी स्वास्थ्यलगायत अन्य विषयमा पनि कार्टुन बन्नुपर्छ भन्ने धारणा राख्ने चिकित्सकहरू २१ प्रतिशत थिए । इन्जिनियरमध्ये राजनीतिक र अन्य विषयमा कार्टुन बन्नुपर्छ भन्नेहरू २९/२९ प्रतिशत थिए ।

यसैगरी २४ प्रतिशतले सामाजिक र १८ प्रतिशत इन्जिनियरले आर्थिक विषयका कार्टुन बन्नुपर्छ भन्ने बताए । पत्रकारमध्ये ३० प्रतिशतले सामाजिक, २८ प्रतिशतले राजनीतिक, २२ प्रतिशतले आर्थिक र २० प्रतिशतले अन्य विषयका कार्टुन बन्नुपर्छ भन्ने धारणा राखे ।

प्राध्यापकको विचार भने अरूको भन्दा भिन्न रह्यो । सबैभन्दा बढीले राजनीतिक विषयमा कार्टुन बन्नुपर्छ भने । ३० प्रतिशत प्राध्यापकले राजनीतिक, २७ प्रतिशतले सामाजिक, २३ प्रतिशतले आर्थिक र २० प्रतिशतले अन्य विषयका कार्टुन बन्नुपर्छ भन्ने मत जाहेर गरे । जागिरेको विचार भने प्राध्यापकको भन्दा भिन्न रहेको पाइयो । जागिरेमध्ये अधिकले सामाजिक विषयका कार्टुन बनाउनुपर्छ भन्ने जवाफ दिए । ३५ प्रतिशतले

सामाजिक, २८ प्रतिशतले राजनीतिक, २२ प्रतिशतले आर्थिक र १५ प्रतिशत जागिरेले अन्य विषयका कार्टुन बन्नुपर्छ भन्ने मत जाहेर गरे ।

**चार्ट १८**





**स्रोतः पाठक सर्वेक्षण २०६३**

अध्ययनमा कार्टुनको प्रस्तुती राम्रो हुनका लागि केमा ध्यान दिनुपर्छ भनेर पाठकसँग प्रश्न गरिएको थियो । सर्वेक्षणमा सहभागीमध्ये धेरैले सबै पक्ष अर्थात् चित्र, शब्द र विषयवस्तुमा भन्ने जवाफ दिए । सबै भन्नेहरू ४५ प्रतिशत थिए । त्यस्तै विषयवस्तुमा ध्यान दिनुपर्छ भन्ने ४४ प्रतिशत थिए । चित्र र शब्दमा ध्यान दिनुपर्छ भन्नेहरू क्रमशः आठ र तीन प्रतिशत थिए ।

विद्यार्थीमध्ये अधिकले सबैमा ध्यान दिनुपर्ने बताए । ६५ प्रतिशतले सबै भन्ने जवाफ दिए । यसैगरी ३५ प्रतिशतले विषयवस्तु भन्ने जवाफ दिए । विद्यार्थीको जस्तै धारणा इन्जिनियरको पनि पाइयो । इन्जिनियरमध्ये ५० प्रतिशतले सबै भन्ने जवाफ दिए भने ५० प्रतिशतले विषयवस्तुमा आफ्नो मत जाहेर गरे । चित्र र शब्दमा एउटैले पनि चिन्ह लगाएनन् । जागिरेको विचार भने विद्यार्थी र इन्जिनियरको भन्दा बेग्लै रहेको थियो । जागिरेमध्ये धेरैले विषयवस्तुमा ध्यान दिएमा राम्रो कार्टुन हुने बताए । ६१ प्रतिशत जागिरेले विषयवस्तु भन्ने जवाफ दिए । २४ प्रतिशतले सबै, १० प्रतिशतले चित्र र ५ प्रतिशतले शब्दमा केन्द्रित हुनुपर्ने जनाए ।

**चार्ट १९**




**स्रोतः पाठक सर्वेक्षण २०६३**


चिकित्सकको विचार पनि जागिरेसँग मिल्दोजुल्दो रहेको थियो । चिकित्सकमध्ये ४६ प्रतिशतले विषयवस्तुमा ध्यान दिएमा उत्कृष्ट कार्टुन बन्ने जवाफ दिए । ३६ प्रतिशतले सबै र १८ प्रतिशतले चित्रमा ध्यान दिनुपर्ने बताए । शब्दमा भने एउटैले पनि जवाफ दिएनन् । पत्रकारको धारणा भने चिकित्सकको भन्दा छुट्टै रहेको थियो । पत्रकारमध्ये धेरैले सबैमा ध्यान दिएमा राम्रो कार्टुन हुने मत जाहेर गरे । ४७ प्रतिशतले सबै भन्ने जवाफ दिए । त्यस्तै ३८ प्रतिशतले विषयवस्तुमा ध्यान दिनुपर्ने बताए । ९ प्रतिशतले शब्दमा र ६ प्रतिशत पत्रकारले चित्रमा ध्यान दिनु आवश्यक भएको जनाए । प्राध्यापकमध्ये ४४ प्रतिशतले सबैमा ध्यान दिनुपर्ने बताए । ३१ प्रतिशतले विषयवस्तु र २५ प्रतिशतले चित्रमा ध्यान दिनुपर्ने जनाए । शब्दमा ध्यान दिनुपर्नेमा एउटै प्राध्यापकले पनि आफ्नो मत जाहेर गरेनन् ।

कार्टुनिस्ट स्वंयको विचार बुझ्नका लागि कार्टुन राम्रो बनाउन के गर्नुपर्छ भनेर प्रश्न गरिएको थियो । सहभागीमध्ये ५० प्रतिशतले सीप सिर्जनशीलता र माध्यम बलियो हुनुपर्नेमा मत दिए । त्यस्तै ४२ प्रतिशतले दक्ष जनशक्ति तयार गर्नुपर्ने जवाफ दिए । राम्रो कार्टुन बनाउनका लागि तालिमको आवश्यकता पर्छ भन्ने कार्टुनिस्ट ८ प्रतिशत थिए ।

## ५.१४ कार्टुनमा शब्द प्रयोग

अध्ययनका क्रममा कार्टुनचित्रमा शब्दको आवश्यकता कति रहन्छ भनेर सोधिएको थियो । सर्वेक्षणमा सहभागीमध्ये आधाभन्दा धेरैले विषयवस्तुअनुसार हुने बताए । ६० प्रतिशतले कार्टुनचित्रमा शब्दको प्रयोग विषयवस्तुमा निर्भर रहने जनाए । यसैगरी ३२ प्रतिशतले आवश्यक हुने बताए । अनावश्यक र अन्य भन्ने ४/४ प्रतिशत थिए ।

**चार्ट २०**





**स्रोत: पाठक सर्वेक्षण २०६३**

विद्यार्थीमध्ये धेरैले कार्टुनचित्रमा शब्दको प्रयोग गर्ने कुरा विषयवस्तुमा भर पर्ने बताए । ७३ प्रतिशतले विषयवस्तुअनुसार हुने जनाए । त्यस्तै २३ प्रतिशत विद्यार्थीले आवश्यक र ४ प्रतिशतले अनावश्यक हुने बताए । यसैगरी विद्यार्थीको जस्तै धारणा इन्जिनियरको पनि पाइयो । ६२ प्रतिशत इन्जिनियरले विषयवस्तुअनुसार कार्टुनचित्रमा शब्दको जरुरी हुने बताए । यसैगरी आवश्यक छ भन्ने २५ प्रतिशत र

अन्यमा १३ प्रतिशतले मत जाहेर गरे । प्राध्यापकमध्ये ६० प्रतिशतले विषयवस्तुअनुसार हुने बताए । शब्द प्रयोग आवश्यक र अनावश्यक हुन्छ भन्नेको संख्या भने बराबर रहेको पाइयो । २०/२० प्रतिशत प्राध्यापकहरूले आवश्यक र अनावश्यक हुने बताए । पत्रकारमध्ये ५९ प्रतिशतले विषयवस्तुमा भर पर्ने बताए । ३४ प्रतिशतले आवश्यक र ७ प्रतिशतले अन्य भन्ने जवाफ दिए । अनावश्यक हुनेमा भने कसैले पनि चिन्ह लगाएनन् । जागिरेको विचार पनि सबैसँग मिल्दोजुल्दो पाइयो । जागिरेमध्ये ५८ प्रतिशतले विषयवस्तुअनुसार हुने जनाए । त्यस्तै ३७ प्रतिशतले शब्दको आवश्यक रहने जनाए । ५ प्रतिशत जागिरेले अन्य भन्ने जवाफ दिए । तर सहभागी चिकित्सकको विचार भने सबैको भन्दा भिन्न रहेको पाइयो । चिकित्सकमध्ये अधिकले कार्टुनचित्रमा शब्दको प्रयोग आवश्यक भएको बताए । ७३ प्रतिशतले आवश्यक, २७ प्रतिशत चिकित्सकले विषयवस्तुमा भर पर्ने जनाए ।

अखबारमा प्रकाशित कार्टुनमध्ये केहीमा शब्दको प्रयोग हुन्छ त केहीमा हुँदैन । कार्टुनमा प्रयोग भएका शब्द कस्ता लाग्छन् भनेर प्रश्न गर्दा सहभागी आधाभन्दा बढीले ठीक छन् भन्ने जवाफ दिएका थिए । ७५ प्रतिशले ठीक छन् भनेका थिए । यसैगरी अन्यमा १२ प्रतिशत र याद नभएकोमा १० प्रतिशतले मत

**चार्ट २१**




**स्रोतः पाठक सर्वेक्षण २०६३**


जाहेर गरे । अनावश्यक छन् भन्ने सहभागी ३ प्रतिशत मात्र थिए ।

प्राध्यापकमध्ये धेरैले अर्थात् ९३ प्रतिशतले ठीक छन् भन्ने जवाफ दिएका थिए । यसैगरी अन्यमा ७ प्रतिशतले मत जाहेर गरे । प्राध्यापकको जस्तै विचार प्राविधिक पेसाका इन्जिनियरको पनि पाइयो । ८९ प्रतिशतले कार्टुनमा ठीक शब्दको प्रयोग हुँदै आएको जनाए । ११ प्रतिशत इन्जिनियरले याद नभएको बताए । जागिरेमध्ये ८५ प्रतिशतले कार्टुनमा प्रयोग भएका शब्दहरू ठीक भएको बताए । १० प्रतिशतले अन्य र ५ प्रतिशत जागिरेले याद नगरेको जवाफ दिए । त्यस्तै पत्रकारमध्ये ६७ प्रतिशतले ठीक भएको जनाए । २३ प्रतिशतले भने अन्यमा आफ्नो मत जाहेर गरे । ७ प्रतिशतले अनावश्यक र ३ प्रतिशतले याद नगरेको जवाफ दिए । विद्यार्थीमध्ये पनि धेरैले कार्टुनमा प्रयोग भएका शब्द ठीक भएको जनाए । ६० प्रतिशतले ठीक,

३२ प्रतिशतले याद नभएको बताए । यसैगरी ४/४ प्रतिशतले अनावश्यक र अन्यमा आफ्नो मत जाहेर गरे । चिकित्सकमध्ये ४६ प्रतिशतले ठीक भएको जवाफ दिए । अनावश्यक, याद नभएको र अन्यमा मत जाहेर गर्नेको संख्या बराबरी रहेको पाइयो । अनावश्यक, याद नभएको र अन्यमा मत जाहेर गर्ने चिकित्सकहरू १८ प्रतिशत थिए ।

## ५.१५ लोकप्रियताको कसीमा कार्टुनिस्टहरू

**चार्ट २२**




**स्रोतः पाठक सर्वेक्षण २०६३**

सहभागीहरूलाई उनीहरूको मनपर्ने कुनै एक कार्टुनिस्टको नाम लेख्न भनिएको थियो । सर्वेक्षणमा सहभागीहरूले लेखेकै आधारमा सबैभन्दा बढी लोकप्रिय कार्टुनिस्टमा दुर्गा बराल अर्थात् वात्स्यायन रहन पुगे भने सहभागीमध्ये ५५ जनाले उनको नाम मनपर्ने कार्टुनिस्टमा जाहेर गरेका थिए । राजेश केसीलाई मन पराउने सहभागीको संख्या ३६ र रविन सायमीलाई मन पराउनेको संख्या १५ थियो । त्यस्तै वासु क्षितिजलाई ५ जनाले मन पराउने जनाए । अन्य ७ जना कार्टुनिस्टलाई ९ जना सहभागीले लोकप्रिय भनेर उल्लेख गरेका छन् ।


# अध्याय छ

# कार्टुनप्रति बौद्धिक क्षेत्रको धारणा

## ६.१ कार्टुनप्रति बौद्धिक वर्गको धारणा

यो अध्ययनमा पत्रकारिता बुझेका बुद्धिजीवीहरू, नेता, समाजशास्त्री, लेखक, प्रोफेसर, सम्पादक आदिसँग अन्तर्वार्ता विधिमार्फत् कार्टुनबारे सोधिएको थियो । यसमा बीसजना छानिएका थिए । सहभागीमध्ये ५० प्रतिशतले अखबारमा कार्टुनले राम्रो स्थान पाएको बताए । ३० प्रतिशतले अहिले पाएको स्थान कम भएको जवाफ दिए । यसैगरी २० प्रतिशतले ठीकै भन्ने बताए । अर्थात् कुनै न कुनै रूपमा राम्रो स्थान पाएको भन्नेहरू ७० प्रतिशत थिए ।

**चार्ट २३**




**स्रोतः मिडिया सर्वेक्षण २०६३**

यसैगरी उनीहरूलाई राजनीतिक परिवर्तनमा कार्टुनले कस्तो भूमिका खेल्छ भनेर प्रश्न गर्दा सहभागीमध्ये ८० प्रतिशतले राम्रो भूमिका खेल्ने गरेको बताए । भने अलिअलि भूमिका खेलेको बताउनेहरू २० प्रतिशत मात्र थिए । अर्थात् कुनै न कुनै रूपमा राजनीतिक परिवर्तनमा कार्टुनको भूमिका रहने धारणा शतप्रतिशत रहेको पाइयो । विश्लेषक सीकेलाल भन्छन्-'संकटकालको अवधिमा कार्टुनिस्टहरूले निकै महत्त्वपूर्ण भूमिका खेले । संवाददाता, स्तम्भकार वा कतिपय सम्पादकले शाब्दिक रूपमा भन्न नसकेका कुराहरूलाई कार्टुनिस्टले सांकेतिक रूपमा भन्न सके । यसपछि कार्टुनको महत्त्व झनै बढेर गयो । एउटा राम्रो कार्टुनले सूर्योदय भएको आभाष गराउँछ ।'


सीकेलालको भनाइसँग सहमत हुँदै लेखक खगेन्द्र संग्रौला भन्छन्- 'राजीनितिक मिसनका लागि कार्टुनले प्रभावकारी भूमिका खेलेका छन् । राजाले शासन हातमा लिएपछि आमपाठकको ध्यान कार्टुनमा जान थाल्यो । कार्टुनिस्टले एक किसिमले जोखिम नै उठाए । उनीहरूले जोखिम उठाउनु भनेको नागरिकको हकमा बोल्नु हो । कार्टुनले समाजको घटनाक्रमलाई सधैं पछ्याएको छ । पाठकलाई आफ्नो अधिकारको बारेमा सचेत

गराएको छ। कार्टुनले थोरै स्थान, थोरै समयमा दिनभरि आनन्द दिन्छ। त्यसैले कार्टुनलाई चमत्कार मान्छन्, खगेन्द्र।

## ६.२ सम्पादकीय सोचमा कार्टुनको स्थान

कार्टुनलाई पत्रपत्रिकामा नियमित रूपमा समावेश गर्नु आवश्यक छ कि छैन भनेर दस जना सम्पादकसँग प्रश्न गरिएको थियो। सहभागी सम्पादकमध्ये अधिकले अखबारमा कार्टुन नियमित रूपमा समावेश गर्नु आवश्यक भएको बताए। नियमित रूपमा कार्टुन दिनुपर्छ भन्ने सम्पादक ९० प्रतिशत थिए। त्यस्तै नियमित समावेश नगरे पनि केही फरक पर्दैन भन्ने सम्पादक जम्मा १० प्रतिशत थिए। यसलाई आधार मान्ने हो भने धेरै सम्पादकको नजरमा कार्टुन एकदमै आवश्यक भएको पाइयो। कार्टुनको महत्त्व बढेकाले नै हिमालले पनि यसलाई कभर स्टोरीका रूपमा दिएको हिमालका तत्कालीन सम्पादक राजेन्द्र दाहाल बताउँछन्। अहिले कार्टुनको क्षेत्र व्यापक हुँदै गएको छ।

**चार्ट २४**




**स्रोतः मिडिया सर्वेक्षण २०६३**

२०६१ साल माघ १९ गतेपछिका केही दिनमा समाचारदातालाई जस्तै कार्टुनिस्टलाई पनि अप्ठ्यारो पर्‍यो। कतिपय अवस्थामा बनाएर छाप्न ठिक्क पारेको कार्टुन अस्वीकृत भएको थियो त्यसैले कार्टुनिस्टलाई स्वतन्त्र र स्वायत्त वातावरणमा कार्टुन बनाउन दिनुपर्छ। यसो भएमा मात्र उनीहरूले उत्कृष्ट कार्टुन बनाउन सक्छन्। समय साप्ताहिकका सम्पादक युवराज घिमिरे भन्छन्- 'माघ १९ पछि कार्टुनले पायोनिर भूमिका खेलेका छन्।'

कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेका अनुसार केही अवस्थामा पत्रकारिताका अन्य विधाले प्रस्तुत गर्न नसक्ने कुरा कार्टुनले अभिव्यक्त गरेको हुन्छ। त्यो सुविधा कार्टुनलाई छ। शब्दको हिसाबले पनि कार्टुनमा मौलिकता पाइन्छ। तुलनात्मक रूपमा कार्टुन स्वच्छ नहुने दावी उनी गर्छन्। कार्टुनले एउटा पक्षलाई व्यंग्य गरेकै हुन्छ। समाजको अंग मानिने कार्टुनले सर्वसाधारणलाई सोच्न बाध्य बनाइदिन्छ।

कार्टुनिस्ट सम्पादकजत्तिकै स्वतन्त्र हुने धारणा काठमाडौं पोष्टका सम्पादक प्रतीक प्रधानको छ । अहिलेको अवस्थामा कार्टुनको महत्त्व बढेको छ । राजनीतिक परिवर्तनमा कार्टुनले सकारात्मक भूमिका खेलेका थिए । त्यसैले पनि कार्टुनलाई पत्रपत्रिकामा स्थान दिइनु उचित हुन्छ । कार्टुन समसामयिक र अर्थपूर्ण हुनु पनि उत्तिकै जरुरी छ ।


गोरखापत्रका सम्पादक उद्धव उपाध्यायका अनुसार थोरै शब्दबाट मासलाई आकर्षित गर्ने कला कार्टुन हो । गोरखापत्र सबैको पत्रिका भएकाले यसमा कार्टुन पनि राजनीतिक विषयका भन्दा अन्य विषयका नै बढी मात्रामा आउँछन् । किन त भन्ने जिज्ञासामा उद्धव भन्छन्- हामीले कसैको पक्ष लिनु छैन र विपक्षमा बोल्नु पनि छैन । अहिले गोरखापत्रमा कार्टुन नभए पनि पछि कार्टुनलाई निरन्तरता दिने योजना रहेको उद्धव बताउँछन् ।

कार्टुनले पाठकलाई जानकारी दिनेमात्र नभएर पत्रिकाको साजसज्जा पनि बढाउँछ । यसो हुँदाहुँदै पनि कतिपय अवस्थामा महत्त्वपूर्ण समाचार आएमा कार्टुनलाई हटाउनुपर्ने बाध्यता भएको सम्पादकहरू बताउँछन् । अहिलेका कार्टुनको स्तर उच्च छ ।

## ६.३ भाषा सम्पादन

कार्टुनमा कार्टुनिस्टहरूले लेखेको शब्द जस्ताको तस्तै प्रकाशित हुन्छ भन्ने छैन । सबै अखबारका सम्पादकलाई कार्टुनमा शब्द सम्पादन गर्नुहुन्छ कि गर्नुहुँदैन भनेर सोधिएको थियो । सम्पादकमध्ये ५० प्रतिशतले शब्द परिवर्तन नगर्ने बताए ।

**चार्ट २५**




**स्रोतः मिडिया सर्वेक्षण २०६३**

त्यस्तै ३० प्रतिशतले कहिलेकाहीँ गर्ने जनाए भने २० प्रतिशत सम्पादकले गर्ने जवाफ दिए । अर्थात् कुनै न कुनै रूपमा सम्पादन गर्ने बताउने सम्पादक ५० प्रतिशत थिए । सम्पादन गर्ने बताउने सम्पादकहरूले कार्टुन र शब्दको मेल नभएमा कार्टुनिस्टको सहमतिमा मात्र गर्ने जवाफ दिए । सम्पादकको भनाइ र कार्टुनिस्टको

भनाइसँग कत्तिको मेल खान्छ भनेर अध्ययनमा बुझ्न खोजिएको थियो । कार्टुनिस्टलाई सम्पादकले कार्टुनमा प्रयोग भएका शब्द परिवर्तन गर्छन् कि गर्दैनन् भनेर प्रश्न गरिएको थियो । सहभागीमध्ये ५८ प्रतिशतले कहिलेकाहीँ सम्पादकले कार्टुनमा प्रयोग भएका शब्द परिवर्तन गर्ने बताए । ४२ प्रतिशत कार्टुनिस्टले भने गर्दैनन् भन्ने जवाफ दिए । सम्पादकको भनाइ र कार्टुनिस्टको भनाइ केही हदसम्म भए पनि एकरूपता पाइयो । कार्टुनमा शब्द हेरफेर गर्नुपरेमा कार्टुनिस्टको सहमतिमा गर्ने गरेको अधिकांश सम्पादक बताउँछन् । यसैगरी कार्टुन बनाउँदा कतिपय सम्पादकले कार्टुनिस्टलाई सल्लाह दिएर कार्टुन बनाउँछन् । कार्टुन बनाउन सल्लाह दिने कार्टुनिस्टको संख्या थाहा पाउन प्रश्न गरिएको थियो । सम्पादकमध्ये ७० प्रतिशतले कार्टुनिस्टलाई कुनै सल्लाह नदिने बताए । १५ प्रतिशतले विशेष परिस्थितिमा मात्र छलफल गरिने बताए भने १५ प्रतिशत सम्पादकले छलफलबाटै कार्टुन बनाउन लगाउने जनाए । समय साप्ताहिकका सम्पादक युवराज घिमिरे कार्टुनिस्टलाई स्वतन्त्र वातावरणमा कार्टुन बनाउन दिएमा मात्र उत्कृष्ट कार्टुन बन्ने बताउँछन् । तर सबैमा यो लागू नहुन सक्छ । विशेष अवस्थामा कार्टुन बनाउँदा कार्टुनिस्टसँग छलफल गरिन्छ । कार्टुनिस्टलाई आइडिया दिइन्छ । कार्टुनिस्टलाई कार्टुन बनाउन आफ्नो तर्फबाट कुनै किसिमको प्रेसर नदिने गरेको सम्पादकहरू बताउँछन् ।

कार्टुनको स्तर सुधार्न कसको भूमिका रहन्छ भनेर कार्टुनिस्टसँग प्रश्न गरिएको थियो । सबैभन्दा बढी अर्थात् ७० प्रतिशतले कार्टुनिस्टको भूमिका रहने बताए । त्यस्तै सम्पादकको भूमिका रहने बताउने २४ प्रतिशत थिए । ६ प्रतिशत कार्टुनिस्टले मात्र कार्टुनको स्तर वृद्धिको लागि प्रकाशकको हात रहने मत जाहेर गरे । त्यसो त कार्टुनको स्तर वृद्धिका लागि कार्टुनिस्टको मुख्य भूमिका र अरूको सहायक भूमिका मात्र रहने कार्टुनिस्टहरूले बताएका थिए ।

कार्टुनले चाहेजति विकास गर्न सकेको छैन भन्ने गुनासो गर्ने कार्टुनिस्ट पनि नभएका होइनन् । आखिर कार्टुनको विकासमा बाधा पुर्‍याउने तत्व के रहेछ त भनेर जान्न खोजिएको थियो । सहभागीमध्ये ६७ प्रतिशतले आर्थिक समस्याले गर्दा बाधा भएको जनाएका थिए । अन्यमा २५ प्रतिशतले मत जाहेर गरे । त्यस्तै ८ प्रतिशतले सम्पादकले गर्दा कार्टुन विकासमा बाधा पुर्‍याएको जवाफ दिए । साप्ताहिक पत्रिकामा पार्टीअनुसार सरकारको विरोध भएमा बनाएको कार्टुन नछापिने काम सम्पादकबाट भएको कार्टुनिस्टहरूले बताएका थिए । त्यसले गर्दा विकासमा बाधा पुगेको जनाए । यसैगरी कार्टुनिस्ट वात्स्यायनका अनुसार कार्टुनिस्टले खर्च गरेको सीप, लगनअनुसारको पारिश्रमिक दिने परिपाटीको विकास भैसकेको छैन । तर कार्टुनिस्ट राजेश केसीले कुनै बाधा नभएको जनाउँदै बरू अवसर भएको जवाफ दिएका थिए ।

# अध्याय सात

# निचोड

## ७.१ राजनीतिक कार्टुन

नेपाली कार्टुन पत्रकारिताको वर्तमान अवस्था त्यति खराब छैन । कुनै बेला टाइपिस्टसरहको दर्जा पाएका कार्टुनिस्टहरू अहिले सम्पादकसरहको अवस्थामा कार्यरत छन् । कार्टुन आफैंमा पनि महत्वपूर्ण क्षेत्र बनेको छ, विधागत पत्रकारितामा । विषयवस्तु विश्लेषणबाट होस् वा पाठक सर्वेक्षणबाट र अन्तर्वार्ताबाट कार्टुनको महत्वलाई अध्ययनले अझ प्रस्ट बनाएको छ ।

कार्टुनले पाठकलाई हँसाइ-हँसाइ चेतनशील बनाउँछ । दुःखमा पनि हसाउन सक्नु कार्टुनको विशेषता हो । पत्रपत्रिकामा नियमित कार्टुन प्रकाशित हुन्छन् । कार्टुनले राजनीतिक, सामाजिक एवं आर्थिक पक्ष चित्रण गर्छन् । यसले समाजमा भएका विकृतिलाई चित्रमार्फत् प्रहार गर्छ र सम्बन्धित पक्षको आँखा खोलिदिने काम गर्छ । यति हुँदाहुँदै पनि विकृतिको नाममा कसैप्रति पूर्वाग्रही हुनसक्ने सम्भावना उत्तिकै रहन्छ ।

नेपाली पत्रकारितामा कार्टुन अब आवश्यकताका रूपमा स्थापित भइसकेको छ । काठमाडौंबाट नियमित रूपमा निस्किरहेका झण्डै दसवटा साना-ठूला दैनिकमध्ये आधाभन्दा बढीमा नियमित रूपमा कार्टुनहरू छापिन्छन् । यसैगरी राजधानीबाट नियमित रूपमा निस्किरहेका कतिपय साप्ताहिकहरूमध्ये बजारमा देखिने धेरैजसोमा नियमितरूपमा कार्टुन छापिदै आएका छन् । नेपाली कार्टुनको पछिल्लो पुस्ताको लामो अन्तरालपछि भए पनि अहिले नयाँ पुस्ता देखापरेको छ ।

सरदरमा सबै पत्रिकाले कार्टुनलाई समानुपातिक रूपमा छाप्दै आउनुलाई कार्टुनप्रेमीका दृष्टिले सकारात्मक मान्न सकिन्छ । अर्कोतर्फ कार्टुनले पत्रपत्रिकाको साजसज्जा र विषवस्तुलाई जोडदार रूपमा उठाउँदै आएको छ । यस आधारमा पनि कार्टुनको महत्व पत्रपत्रिकाले बुझेको भन्न सकिन्छ । विषयवस्तु विश्लेषणले कार्टुन पत्रकारितामा बढी राजनीतिक प्रभाव रहेको देखिएको छ ।

पत्रपत्रिकाले दिने प्राथमिकतामा सबैभन्दा बढी स्थान राजनीतिक विषयका कार्टुनले नै लिने गरेको पाइयो । त्यसपछि सामाजिक र आर्थिक विषयका कार्टुनले ठाउँ पाउँदै आएको देखिन्छ । सिद्धान्ततः जो सत्तामा छ, त्यसकै विषयमा कार्टुन बढी छापिन्छ । किनकि राजनीतिक नेतृत्वले गर्ने कुनै पनि निर्णय वा गतिविधिले मुलुकलाई दिशाबोध गरिरहेको हुन्छ । त्यसैले पनि उनीहरूको गतिविधिमाथि प्रेसको निगरानी रहन्छ । यो अवधि ( २०६३ वैशाख १ गतेदेखि असार ३१ गतेसम्म ) मा छापिएका एक सय ७९ वटा राजनीतिक विषयका कार्टुनमध्ये सबैभन्दा बढी कार्टुन सरकार-माओवादी वार्ता, सेना, माओवादी नेता प्रचण्ड, प्रशासन आदिप्रति लक्षित थिए । राजनीतिक दलका साथै राजालाई लक्षित गर्दै कार्टुनहरू छापिएका छन् , यो अवधिमा ।

नेपालको इतिहासमा कहिल्यै राजामाथि कार्टुनचित्र छापिएका थिएनन् । तर यो अवधिमा आएर राजामाथि पनि व्यंग्य गरिएका कार्टुन छापिन सुरू भयो । कार्टुनिस्ट अविन भन्छन्- ‘जहाँ विकृति हुन्छ, त्यहाँ कार्टुनिस्ट

सजग हुन्छन् ।' त्यसैको प्रतिबिम्ब थियो, राजामाथिको कार्टुन । २०६१ माघ १९ पछि नै नेपालको राजसंस्थाको विषयमा कार्टुन छापिन थालेको हो । छापिएका अधिकांश कार्टुनहरूमध्ये सबैभन्दा चर्चित र विवादास्पद कार्टुन बन्न पुग्यो, कान्तिपुर दैनिकमा प्रकाशित एउटा सम्पादकीय कार्टुन । २०६२ भदौ ५ गते छापिएको उक्त कार्टुनले संवैधानिक राजतन्त्रलाई मरेको घोडाका रूपमा प्रस्तुत गरेको छ । उक्त घोडालाई नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले 'कन्टेनर'बाट काँधमा राखेर फर्काइरहेको देखाइएको छ । उक्त कार्टुनले विवादमात्र ल्याएन कार्टुनमा प्रयोग भइरहेका भाषा कुन रूपमा अघि बढेको छ भन्ने खोजको विषय पनि बनायो ।

त्यसैले यो अध्ययनमा कार्टुनमा प्रयोग भएका शब्दावलीहरूलाई उच्चस्तर, मध्यमस्तर र निम्नस्तर गरी तथ्यांकीकृत गरिएको थियो । विषयवस्तु विश्लेषणले मध्यमस्तरीय भाषाको अत्याधिक प्रयोग हुने गरेको देखाएको छ । स्वभाविक रूपमा पनि कार्टुन बढी नकारात्मक टिप्पणीतिर उद्यत रहने यसले पुष्टी गर्छ । कार्टुनिस्टहरूका भनाईलाई आधार मान्दा पनि कार्टुनको भाषा मध्यमस्तरीय हुनेगर्छ । भाषा पनि कार्टुनको लोकप्रियता जाँच्ने आधार हुनसक्छ । तर, शब्दबिनाका कार्टुनहरू पनि कम लोकप्रिय छैनन् ।

कार्टुन कति लोकप्रिय छ भन्ने तथ्यलाई अध्ययनमा गरिएको सर्वेक्षणले पनि सार्वजनिक गरेको छ । सर्वेक्षणमा सहभागीमध्ये सबैभन्दा धेरैले कार्टुनले आफ्नो ध्यान खिच्ने बताएका थिए । लोकप्रियताको कसीमा खरो उत्रिनुको पछाडि के कारण छ भन्ने चासो सबैमा हुन्छ नै । सर्वेक्षणका धेरै सहभागीले रमाइलोको लागि कार्टुन हेर्ने गरेका रहेछन् । त्यसपछिका ठूलो समूहले भने जानकारीको लागि कार्टुन हेर्ने गरेको बताएका छन् । यसबाट कार्टुन मनोरञ्जन र सूचनामूलक सामग्री भएको पुष्टि भएको छ । यस आधारमा पत्रकारिता क्षेत्रमा कार्टुनको दायरा फराकिलो हुँदैछ भन्न सकिन्छ ।

विषयवस्तुका आधारमा पाठकहरूको रुचि फरक-फरक रहेको पाइयो । अध्ययनमा सहभागी पाठकहरूले राजनीतिक, आर्थिक र सामाजिक विषयका कार्टुनलाई नै प्राथमिकतामा राखे । अझ यी तीनवटा एक अर्कासित कुनै न कुनै आधारमा सम्बन्धित हुने भएकाले पनि पाठकहरूले सबैलाई उत्तिकै महत्व दिएको देखिन्छ । सबै विषयका कार्टुन मनपराउने सहभागीपछि धेरैजसोले राजनीतिक कार्टुन नै मन पराउने गरेको पाइयो । यसको कारण हुनसक्छ, राजनीतिक कार्टुन समसामयिक हुनु । राजनीतिक कार्टुन हेर्ने पाठक पनि अधिक थिए । देशमा राजनीतिक उथलपुथल भएकाले पनि पाठकलाई राजनीतिक कार्टुन हेर्न बढी रुचि लागेको हुनुपर्छ ।

सहभागीमध्ये अधिकांशले कार्टुनले समाजको चित्रण सही रूपमा गरेको जनाउनाले पनि कार्टुनप्रति पाठक सकारात्मक रहेछन् भन्ने पुष्टि गर्छ । तर, सहभागीहरूले कतिपय अवस्थामा कार्टुन पूर्वाग्रही हुने पनि औंल्याएका छन् । जसबाट कार्टुन पत्रकारिता सम्पूर्ण रूपमा राम्रो छ भन्ने दाबी गर्न सकिँदैन ।

कार्टुनले सामाजिक परिवर्तनमा प्रभावकारी भूमिका खेल्नेमा सहभागीहरूले उत्साहजनक मत दिनुबाट पनि कार्टुन पत्रकारिताप्रति सामाजिक सोच सकारात्मक रहेको देखाएको छ । सामाजिक परिवर्तनको सन्दर्भमा अध्ययनमा समेटिएका पाठक र समाजशास्त्रीको सोचाईमा समानता पाइएको छ ।

राजनीतिक परिवर्तन कुनै एउटा वर्ग वा समूहले मात्र गर्न सक्दैन । त्यसका लागि सबैको भूमिका रहन्छ । यस्तो परिवर्तनका लागि कार्टुनिस्टहरूको भूमिका पनि महत्वपूर्ण हुनसक्ने आधारमा प्रश्न गरिएको थियो । सर्वेक्षणका सहभागीमध्ये आधाभन्दा धेरैले राजनीतिक परिवर्तनमा कार्टुन पत्रकारको भूमिका महत्वपूर्ण हुने धारणा राखे । यो धारणा जनआन्दोलन दुईमा कार्टुनिस्टहरूले खेलेको भूमिकासँग तुलना गर्ने हो भने पनि उनीहरूको योगदान प्रष्ट हुन्छ । जनआन्दोलन दुईमा कार्टुनको व्यापक प्रयोग गरिएको थियो । लोकतान्त्रिक आन्दोलनमा छापामा प्रकाशित भइसकेका कार्टुनहरूलाई ठूला आकारमा छापेर सभा र जुलुसमा लगिन्थ्यो । जनमत सिर्जना गर्न कार्टुनको भूमिका कति रहन्छ भन्ने कुरालाई यो आन्दोलनले जवाफ दिनसकेको छ । कार्टुनिस्टहरू पनि राजनीतिक परिवर्तनमा कार्टुनको भूमिका महत्वपूर्ण हुने बताउँछन् । अध्ययनमा सहभागी अधिकांश कार्टुनिस्टले राजनीतिक परिवर्तनमा कार्टुनले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका थिए । उनीहरूकै भनाईमा, 'कार्टुनले सम्बन्धित पक्षको आँखा खोलिदिन्छ, सुधार गर्ने नगर्ने कुरा सम्बन्धित व्यक्तिमा भर पर्छ ।' अध्ययनले देखाए अनुसार निचोडलाई बुँदागत रूपमा हेर्दा :-

- कार्टुन पत्रकारिताको महत्व बढ्दो छ । त्यसैले यो दिन प्रतिदिन लोकप्रिय हुँदै गएको छ
- पत्रपत्रिकाले नियमित रूपमा कार्टुनलाई प्रमुख पृष्ठमा स्थान दिन थालेका छन्
- पाठकको ध्यान पत्रिका हेर्दा सबैभन्दा पहिले कार्टुनमा पर्ने रहेछ
- पत्रपत्रिकामा राजनीतिक कार्टुनकै बाहुल्य छ । सत्तामा जो रहन्छ उसकै कार्टुन बढी आउने गर्छ
- कार्टुनिस्टले गलत काम गर्ने कसैलाई पनि बाँकी राख्दैनन् । राजाले पनि गलत काम गरेकाले २०६१ माघ १९ पछि कार्टुनमा छाउन थाले
- कार्टुनमा बढी मात्रामा मध्यमस्तरीय भाषाको प्रयोग हुँदै आएको छ
- पत्रिकामा आउने कार्टुन वास्तविकतामा आधारित रहेछन्
- कार्टुनले राजनीतिक परिवर्तनमा प्रभावकारी भूमिका खेलेका छन्
- अहिले बन्ने गरेका कार्टुनको स्तर सुधारको क्रममा छन् ।

## ७.२ सुझाव

अध्ययनले नेपाली कार्टुन पत्रकारिता उज्यालोतर्फ गइरहेको संकेत गरेको छ । जसलाई सुखद् मान्न सकिन्छ । अझै पनि व्यावसायिक प्रसंगहरूमा कमजोरी नदेखिएका होइनन् , पक्षगत भएको आरोप नलागेको पनि होइन । तर, तिनलाई समाधान गर्दै लैजान सके नेपाली कार्टुन पत्रकारिताले अझै उन्नति गर्न सक्ने देखिन्छ । पाठकको अपेक्षामा सामाजिक कार्टुनको माग अधिक छ । तर त्यही पाठकको रुचि भने राजनीतिक कार्टुनतिर रहेको यथार्थ पनि अध्ययनले बाहिर ल्याएको छ । यसकारण राजनीतिक, सामाजिक वा आर्थिक विषयका कार्टुनहरू समानुपातिक रूपमा प्रकाशन गर्नु राम्रो हुन्छ । सम्पादकीय नीति पनि कार्टुनप्रति सकारात्मक

रहेको अवस्थामा यसलाई व्यवहारमा लागू गराउन कुनै कठिनाई हुने देखिन्न । कार्टुनमा दुईवटा कुराको संयोजन हुनु आवश्यक छ । रेखाचित्र र रंगको संयोजन जसलाई सेमी पेन्टिङ भनिन्छ । यसले गर्दा कार्टुन राम्रो देखिन्छ । कार्टुन शिक्षामूलक पनि हुनपर्छ ।

पाठक सर्वेक्षण, विषयवस्तु विश्लेषण, सम्पादक र बौद्धिक क्षेत्रको धारणाका आधारमा कार्टुन पत्रकारिताको विकासका लागि निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :-

- राम्रो कार्टुन बनाउन शब्द, चित्र र विषयवस्तुप्रति कार्टुनिस्ट जानकार हुनु आवश्यक छ
- राजनीतिक परिवर्तनमा कार्टुनले महत्वपूर्ण भूमिका खेल्ने भएकाले सही राजनीतिक निकासका पक्षमा मात्र कार्टुनचित्रहरू बनाइनुपर्छ
- सामाजिक क्षेत्र वा राजनीतिक क्षेत्रलाई सजग बनाउने वा आलोचनात्मक दृष्टिकोणबाट कार्टुनिस्टहरूले हेर्नु उचित हुन्छ । राजनीतिक आग्रह वा पूर्वाग्रह हुनु राम्रो होइन
- कार्टुनले अहिले पाएको स्थान राम्रो छ, त्यसलाई निरन्तरता दिनु उपयुक्त हुन्छ
- कार्टुनमा प्रयोग हुने भाषा भरसक स्तरीय हुनुपर्छ
- कार्टुनहरू वास्तविकतामा आधारित नभई काल्पनिकतामा बगेमा समाजमा त्यसको प्रभाव राम्रो हुँदैन, आचारसंहितामा बाँधिएर कार्टुन बनाउनुपर्छ
- समयक्रम र प्रविधिअनुरूप कार्टुनचित्रको गुणस्तर विकासमा ध्यान पुऱ्याउनु आवश्यक छ
- कार्टुनमा कपीराइट राख्नु आवश्यक भएको छ ।

## सन्दर्भ सामग्रीहरू


अग्रहरि, सीताराम । २०५४ । विकृति हुन्जेल कार्टुनिस्टको भविष्य उज्ज्वल छ । गोरखापत्र, जेठ २४ । पृ. ७ ।

अर्याल, कुन्दन । २०५८ । नेपाली प्रेसमा कार्टुन । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

अर्याल, कुन्दन । २०६३ । पुस्तक समीक्षा, वात्स्यायन एण्ड हिज बार्ब्स । मिडिया अध्ययन १ । पृ. ३१४- ३१९ ।

आचार्य, नेत्र । २०६३ । कला बौद्धिकताभन्दा माथिको विषय । कान्तिपुर । असार ११ । पृ. ७ ।

आचार्य, नेत्र । २०६३ । वात्स्यायनको व्यंग्यवाण । कान्तिपुर । साउन ६ । पृ. ७

श्रेष्ठ, अविन । २०६१ । अविनको कार्टुन कलेक्सन भाग १ । काठमाडौं : हास्यव्यंग्य समाज, नेपाल ।

२०६३ । कार्टुनका रविन । दृष्टि ।

कान्तिपुर संवाददाता । २०६२ । कान्तिपुरलाई कारबाहीको धम्कीप्रति स्रष्टाको आपत्ति । कान्तिपुर । भदौ १५ । पृ.२

केसी, राजेश । २०६० । राजेश केसीको कार्टुन संग्रह भाग - १ । काठमाडौं : रत्नपुस्तक भण्डार ।

गिरी, विदुर । २०५१ । कार्टुनचित्रको क्षेत्रमा बाढी । साधना २६:७२-७५ ।

घिमिरे, रोचक । २०५७ । हास्यव्यंग्यको विकासमा नेपाली पत्रपत्रिकाको योगदान । मधुपर्क ३७३:२७-२९ ।

घिमिरे, उपासना । २०६१ । नेपाली छापामा कार्टुनको स्थान । रत्नराज्यलक्ष्मी क्याम्पस, स्नातकोत्तर तह, पहिलो वर्ष ।

जिज्ञासु, भीम राना । २०५८। व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र । मधुपर्क ३६५:५-९

झा, धर्मेन्द्र । सन् २००६ । स्वतन्त्रताको जगेर्नामा कार्टुन । प्रेस स्वतन्त्रता संकटका एक वर्ष । पृ.१३७-१४४ ।

दाहाल, ऋषिकेश, उपासना घिमिरे, शरद अधिकारी, वासुदेव तिमिल्सिना । २०५८ । नेपाली छापामा कार्टुनचित्र अध्ययन समूह । रत्नराज्यलक्ष्मी क्याम्पस, स्नातक तह, दोस्रो वर्ष ।

दाहाल, धीरेशकुमार । २०५४ । डिकेडको कार्टुन कलेक्सन १ । काठमाडौं : मंगलादेवी छात्रवृत्ति कोष ।

देउराली संवाददाता । २०५५ ।  कन्टेनरमा फोहोर होइन, फोहोरमा कन्टेनर फालिएको छ । देउराली ।

देवकोटा, ग्रीष्मबहादुर । २०५१ । नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास । पृ. १४२ । काठमाडौं : साझा प्रकाशन ।

पाँडे, रामकुमार । २०५७ । नेपाली व्यंग्यचित्रको इतिहासः एक विहङ्गावलोकन । नेपाल समाचारपत्र । साउन ३२, पृ. ४ ।

पुस्तक समीक्षा २०६१ । कार्टुन संगालो । समय वर्ष, १ अंक २१ । भदौ १८-२४ पृ. ५२

पोखेल, पेशल । २०६२ । कार्टुनको शक्ति कार्टुनिस्टको शान । हिमाल १५:०५ । असार १-१५ । पृ. २६-३३ ।

पृथ्वी, वातावरण, जीवन र अविन । २०५५ । हिमालय टाइम्स, जेठ २७, पृ.३ ।

बराल, दुर्गा । २०५५ । व्यंग्यचित्र बनाउनु सजिलो काम होइन । गोरखापत्र, भदौ २४, पृ.७ ।

बराल, दुर्गा । सन् २००६ । वात्स्यायन एण्ड हिज बार्ब्स । काठमाडौं : फाइन प्रिन्ट ।

बराल, दीपक । २०५८ । छापामा कार्टुन, निरीह अतीत, गतिशील वर्तमान र सुनौलो भविष्य । हिमालय टाइम्स । असोज २२, पृ. ५ ।

विष्ट, रमेश । २०५७ । विकृति रहेसम्म व्यंग्यचित्रको अस्तित्व छ । एभरेस्ट मिरर, पृ. १७ ।

मास्के, सुसन । २०५१ । कार्टुनिस्ट सारबसित केही क्षणहरू । अस्मिता, ३१:१४-१५ ।

लुईंटेल, सोम । २०४९ । प्रकाश, १८ फागुन, पृ. ४ ।

वाग्ले, अनन्तप्रसाद । २०६१ । इतिहासका तस्बिर । कान्तिपुर कोसेली । असोज २, पृ. ३ ।

२०६३ । वात्स्यायनका हस्ताक्षर । कान्तिपुर । असार १८, पृ. १६ ।

विवश, ज्ञानेन्द्र । २०५९ । चित्र-विचित्रको व्यंग्यचित्र । राजधानी, इन्द्रेणी । पृ. ५ ।

शर्मा, केदार । २०६१ । प्रजातन्त्रले फस्टाएको संचार । नेपाल ४:३१ । साउन ३ । पृ.४० ।

स्पेसटाइम संवाददाता । २०६१ । सधैं प्रतिपक्ष । स्पेसटाइम । भदौ १३, पृ. ४

शार्दूल, सरोज । २०६१ । अविन । दृष्टि । भदौ २९, पृ.४ ।

सिग्देल, सुदर्शन । २०६१ । हँसाउने कार्टुनले रूवाउँछ पनि । राजधानी, इन्द्रेणी, भदौ १५, पृ.११ ।

सीकेलाल । २०६२ । अप्ठ्यारो समयको सजिलो कला । हिमाल १५:०५। असार १-१५ । पृ. ३४- ३७ ।

2004. Abin's Cartoon Collection . Infotiser, September .

2006. Batsyana's Gift Of Laughter & Satire. City Post, 26 June.

Manandhar Razen. 1997. Abindra hits earth and environment with cartoons. 6 June.

Manandhar Razen. 2004 . Humour in things. The Himalayan Times, 4 September.
2004. Abin's Cartoon Collection . Infotiser, September .
Panday Ram Kumar. 1997. Sense Of Humour Series , Nepalese Cartoons . Kathmandu: Ratna Pustak. April.

www.abin.com.np

www.ekantipur.com

www.phalano.com

www.rajeshkc.com

**पत्रपत्रिका** (२०६३ वैशाख १ गतेदेखि असार ३१ गतेसम्म)

१. अन्नपूर्ण पोस्ट

२. कान्तिपुर दैनिक

३. नेपाल समाचारपत्र

४. राजधानी दैनिक

## अध्ययनका क्रममा भेटिएका व्यक्तिहरू

१. अविन श्रेष्ठ, कार्टुनिस्ट, समय साप्ताहिक

२. उत्तम नेपाल, कार्टुनिस्ट, राजधानी दैनिक

३. उद्धव उपाध्याय, सम्पादक, गोरखापत्र दैनिक

४. श्री आचार्य, सम्पादक, अन्नपूर्ण पोष्ट दैनिक

५. कुन्दन अर्याल, पत्रकार

६. कृष्ण भट्टचन, समाजशास्त्री

७. खगेन्द्र संग्रौला, लेखक

८. चित्रलेखा यादव, उप-सभामुख

९ दुर्गा बराल (वात्स्यायन), कार्टुनिस्ट, कान्तिपुर दैनिक

१०. देवेन्द्र पाण्डे (देवेन), कार्टुनिस्ट, नेपाल साप्ताहिक

११. धीरेशकुमार दाहाल (डिकेड), कार्टुनिस्ट

१२. नरहरि आचार्य, नेता, नेपाली कांग्रेस

१३. नारायण वाग्ले, सम्पादक, कान्तिपुर दैनिक

१४. पुष्करलाल श्रेष्ठ, सम्पादक, नेपाल समाचारपत्र दैनिक

१५. प्रतीक प्रधान, सम्पादक, द काठमाण्डु पोस्ट

१६. मोहनश्याम महर्जन, कार्टुनिस्ट

१७. युवराज घिमिरे, सम्पादक, समय साप्ताहिक

१८. रामकुमार पाँडे, प्रोफेसर

१९. राजेश केसी, कार्टुनिस्ट, कान्तिपुर दैनिक

२०. राजुबाबु शाक्य (सारब), कार्टुनिस्ट

२१. रमेश विष्ट, कार्टुनिस्ट, साप्ताहिक विमर्श

२२. रविन सायमी, कार्टुनिस्ट, हिमाल पाक्षिक र जनआस्था साप्ताहिक

२३. राजेन्द्र दाहाल, तत्कालीन सम्पादक, हिमाल पाक्षिक

२४. वासु क्षितिज, कार्टुनिस्ट, अन्नपूर्ण पोष्ट

२५. सीके लाल, विश्लेषक

२६. सुमन मानन्धर, कार्टुनिस्ट, नेपाल समाचारपत्र दैनिक

२७. होमनाथ दाहाल, नेपाल पत्रकार महासंघका पूर्व सभापति

# अनुसूची १

**प्रश्नावली**

**नेपाली छापामा कार्टुनचित्रको स्थानबारे गर्न लागिएको शोधपत्रका लागि यो प्रश्नावली तयार गरिएको हो । प्रश्नावली भरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । (तपाईंका व्यक्तिगत विवरणहरू गोप्य रहनेछन् ।) उपासना घिमिरे । धन्यवाद ।**

.........................................................................................................

**नाम :** **पद :**

**आबद्ध संस्था :** **शिक्षा :**

**उमेर :** **पेसा :**

१) तपाईंलाई पत्रपत्रिकामा प्रकाशित सामग्रीमध्ये कुन बढी मनपर्छ ?

क) समाचार ख) कार्टुन ग) सम्पादकीय घ) तस्बिर ङ) अन्य

२) कार्टुन मनपर्छ भने किन ?

३) यी दुई किसिमका कार्टुनमध्ये कुन बढी मन पराउनुहुन्छ ?

क) ठूलो आकारमा आउने कार्टुन (सम्पादकीय कार्टुन)

ख) दैनिक रूपमा सानो आकारमा आउने कार्टुन (पकेट कार्टुन)

४) कार्टुन चित्र केका लागि हेर्नुहुन्छ ?

क) रमाइलोका लागि ख) जानकारीका लागि ग) त्यत्तिकै

५) कुन विषयका कार्टुन बढी मनपर्छन् ?

क) सामाजिक ख) राजनीतिक ग) आर्थिक घ) सबै

६) पत्रपत्रिकामा प्रकाशित कार्टुन कस्ता लाग्छन् ?

क) राम्रा ख) ठीकै ग) स्तरहीन घ) अन्य ......

७) पत्रपत्रिकामा कार्टुनले कस्तो स्थान पाएका छन् ?

क) राम्रो ख) ठीकै ग) कम घ) थाहा छैन

८) पत्रपत्रिकाका लागि कार्टुन कति आवश्यक मान्नुहुन्छ ?

क) एकदमै आवश्यक ख) अलिअलि आवश्यक ग) अनावश्यक

९) तपाईंलाई सबैभन्दा मनपर्ने दैनिक, साप्ताहिक र म्यागेजिनमध्ये क्रमैसँग पाँचवटाको नाम उल्लेख गरिदिनुहोला ।

क) ......................... ख) ......................... ग) ........................... घ) ............................
ङ) ...........................

१०) यीमध्ये कुन पत्रिकामा कार्टुन धेरै छापिएका हुन्छन् ?

११) तपाईंले अहिलेसम्म हेरेकामध्ये सबैभन्दा मनपरेको कार्टुन कुन पत्रिकामा कहिले छापिएको थियो ?

१२) तपाईंलाई मनपर्ने कार्टुनिस्ट को हो ?

१३) नेपाली कार्टुनचित्र कस्ता छन् ?

क) वास्तविकतामा आधारित ख) काल्पनिक ग) नैतिकहीन

१४) पूर्वाग्रही कार्टुन प्रकाशित हुने गरेका छन् कि छैनन् ?

क) छन् ख) छैनन् ग) याद गरेको छैन

१५) पत्रपत्रिकामा कस्ता विषयमा कार्टुन बन्नुपर्छ जस्तो लाग्छ ?

क) राजनीतिक ख) आर्थिक ग) सामाजिक घ) अन्य ........

१६) नेपाली कार्टुनले समाजको कस्तो चित्रण गर्छन् ?

क) सही ख) गलत ग) खासै चित्रण गर्दैनन् घ) थाहा भएन

१७) सामाजिक परिवर्तनमा कार्टुनले कस्तो भूमिका निर्वाह गर्न सक्छन् ?

क) प्रभावकारी ख) अप्रभावकारी ग) थाहा छैन घ) अन्य

१८) राजनीतिक परिवर्तनमा कार्टुनचित्रको भूमिका कस्तो हुन्छ ?

क) राम्रो ख) अलिअलि ग) कत्ति पनि हुँदैन घ) अन्य .........

१९) कार्टुन पात्रका रूपमा कसको चित्र बढी आउँछ ?

क) नेताहरू ख) राजा ग) मन्त्री घ) अन्य .......

२०) यीमध्ये पनि कस-कसको कार्टुन बढी आएको पाउनुभएको छ ? क्रमैसँग तीन जनासम्मको नाम उल्लेख गरिदिनुहोला ।

क) ...................... ख) ................................ ग) ...............................

२१) राम्रो कार्टुन बनाउन केमा ध्यान दिनुपर्छ ?

क) चित्र ख) शब्द ग) विषयवस्तु घ) सबै

२२) कार्टुनमा शब्द प्रयोग कत्तिको आवश्यक देख्नुहुन्छ ?

क) आवश्यक देख्छु ख) आवश्यक देख्दिन ग) विषयवस्तु अनुसार हुन्छ घ) अन्य .......

२३) कार्टुनमा प्रयोग भएका शब्दहरू कस्ता हुन्छन् ?

क) ठीक ख) अनावश्यक ग) याद गर्ने गरेको छैन घ) अन्य .......

# अनुसूची २

## विवादित कार्टुनहरू

### राजनीतिक विवादमा परेका केही कार्टुनहरू

१)




२०३५ सालमा साप्ताहिक समीक्षामा बलराम थापाले बनाएको कार्टुनचित्र । यही कार्टुनका कारण १० महिना साप्ताहिक समीक्षा बन्द भएको थियो । (स्रोत : साप्ताहिक समीक्षा, २०३५ वैशाख ८ गते )

२)




दृष्टि साप्ताहिकमा २०४८ साल मंसिर ४ गते प्रकाशित यो कार्टुनले अदालतको अवहेलना गरेकोमा मुद्दा खेप्न परेको थियो । कार्टुन विवादमा आएपछि २४ गतेका दिन दृष्टिले अदालतको मानहानिमाथि व्यंग्य गर्दै एक अर्को कार्टुन छापेको थियो । (स्रोत : दृष्टि, २०४८ मंसिर ४ र २४ गते)

३)




साप्ताहिक विमर्शमा छापिएको यो कार्टुनले अदालतको अवहेलना गरेको अदालती ठहर थियो । पत्रिकाका सम्पादक हरिहर विरहीले आफूले अदालतको मानहानी नगरेको दावी गरेका थिए । यसकारण उनले जेल तथा नगद जरिवाना तिरेका थिए । (स्रोत : साप्ताहिक विमर्श, २०४९ कार्तिक २१)

४)



२०५० साल फागुन २९ गते गोरखापत्रमा छापिएको यो कार्टुन छापिएको थियो । अविश्वासको प्रस्तावलाई लिएर बनाइएको उक्त कार्टुनले संसदमा हल्ला भयो र पत्रिकाका सम्पादकले स्पष्टीकरण दिनुपर्‍यो । (स्रोत : गोरखापत्र, २०५० फागुन २९ गते )

५)



२०६१ चैत १७ गतेको बुधबार साप्ताहिकमा प्रकाशित यो कार्टुनले भुटानको प्रस्तावित संविधानसँग नेपाली राज्यसत्ताको तुलना गरेको थियो । फलस्वरूप पत्रिकाका सम्पादक सूर्य थापासँग जिल्ला प्रशासनले बयान लिएको थियो । (स्रोत : बुधबार साप्ताहिक, २०६१ चैत १७ गते

६)



कान्तिपुरमा २०६२ भदौं ५ गते प्रकाशित यो कार्टुनमा संवैधानिक राजतन्त्रलाई मरेको घोडाको रूपमा देखाइएको थियो । कार्टुन छापेकै कारण कान्तिपुरका सम्पादकसँग प्रशासनले बयान मागेको थियो । (स्रोत : कान्तिपुर, २०६२ भदौं ५ गते )


**चोरीको आरोप लागेका केही कार्टुनहरू**

१)



२०५३ साल फागुन ५ गतेको कान्तिपुरमा प्रकाशित कार्टुनचित्र टाइम्स अफ इण्डियाको १९९७ मे ६ तारिखमा छापिएको कार्टुचित्रको थिम र स्केचसँग केही हदसम्म मिल्छ । (स्रोत : भीम राना जिज्ञासु , व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र, मधुपर्क, २०५८)

२)



जनआस्थामा २०५३ साल साउन २३ गते छापिएको कार्टुनचित्र दि टाइम्स अफ इण्डियाको कार्टुनको स्केचसँग मेल खान्छ । (स्रोत : भीम राना जिज्ञासु , व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र, मधुपर्क, २०५८)

३)




२०५५ साल जेठ २५ गते सन्ध्याकालीनमा प्रकाशित कार्टुन २०५३ साल भदौं १३ गते हिमालय टाइम्सको कार्टुनसँग हुबहु मिल्छ। (स्रोत : भीम राना जिज्ञासु , व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र, मधुपर्क, २०५८)

४)




२०५४ साल साउन १६ गते कान्तिपुरमा छापिएको कार्टुन २०५४ साल मंसिर ११ गतेको हिमालय टाइम्सको कार्टुनसँग मेल खान्छ। (स्रोत : भीम राना जिज्ञासु , व्यंग्यचित्रको इतिहास र नेपाली व्यंग्यचित्र, मधुपर्क, २०५८)

५)




२०६३ साल भदौं २ गतेको साप्ताहिक विमर्शमा छापिएको कार्टुन २०६२ साल साउन २० गते समय साप्ताहिकमा छापिएको कार्टुनसँग मेल खान्छ । (स्रोत : समय, २०६२ साउन २० गते तथा साप्ताहिक विमर्श, २०६३ भदौं २ गते )

# अनुसूची ३

## कार्टुनको विषयमा प्रशासनमा लिइएको बयान

बुधबार साप्ताहिकमा २०६१ चैत १७ गते प्रथम पृष्ठमा प्रकाशित कार्टुनका बारेमा सम्पादक सूर्य थापासँग जिल्ला प्रशासनले बयान लिएको थियो । सूर्य थापाका अनुसार बयानको ढाँचा यस्तो थियो :-

१. तपाईंको नाम, बाबुको नाम, उमेर, पेसा, वतन खुलाइदिनुहोस् ?

मेरो नाम सूर्य थापा, बाबुको नाम खेतबहादुर थापा, उमेरमा ३० वर्षको भएँ, पेसा बुधबार साप्ताहिकको सम्पादक भएकाले पत्रकारिता, घर प्यूठान-बाङ्गेमरोठ गाविस वडा नं. ९ मा पर्छ ।

२. तपाईं आज यो कार्यालयमा किन आउनुभएको हो ?

मसँग केही कुरा बुझ्नुपर्ने भएकाले यो कार्यालयमा उपस्थित हुन फोनद्वारा खबर प्राप्त भएकाले उपस्थित भएको हुँ ।

३. मिति २०६१/१२/१७ को बुधबार साप्ताहिकको प्रथम पृष्ठमा प्रकाशित कार्टुनको आशय र मनसाय के हो ?

भुटानमा नयाँ संविधानको मस्यौदा जारी भएको र छलफलको प्रक्रिया अघि बढेको सन्दर्भमा त्यहाँका राजा जिग्मे सिंगे वाङचुकले 'राजाभन्दा देश धेरै महत्वपूर्ण हुन्छ' भनिबक्सेको कुरा पत्रपत्रिकामा आएकै कुरा हो । त्यहाँको राजतन्त्र निर्दलीय हुकुम शाहीबाट नयाँ संविधानसँगै प्रजातान्त्रिक र संवैधानिक संरचनामा रूपान्तरण हुन अग्रसर भएको प्रसंगलाई पत्रपत्रिकाले निकै महत्वका साथ छापेका थिए । हाम्रा कार्टुनिस्ट वासु क्षितिजले चैत १७ गतेको अंकमा दुईजना सामान्य मान्छेबीचको संवादलाई नेपाल र भुटानको संविधानको हैसियतसँग तुलना गर्नुभएको छ । जसमा भनिएको छ '... भुटानमा नयाँ प्रजातान्त्रिक संविधानको तयारी । भनेपछि हामी भुटानभन्दा अगाडि छौं कि पछाडि ?' यो संवादमार्फत् एकजना मान्छेले दुई राजतन्त्रात्मक देश नेपाल र भुटानबीच तुलना गरेको स्पष्टै छ । दक्षिण एसियामा राजतन्त्रात्मक देशहरू नेपाल र भुटान मात्रै हुन् । भारत, पाकिस्तान, श्रीलंका, माल्दिभ्स र बंगलादेशमा गणतन्त्र छ । ती देशको संविधानसँग हाम्रो मुलुकको संविधान कसरी तुलना हुनसक्छ र ? नेपाल र भारतबीचको तुलना न्यायोचित हुँदैन । तर भुटान र नेपालमा यो तुलना सम्भव हुन्छ र जनमानसमा यसरी तुलना भएको हुनुपर्छ भन्ने आशय हो । दुई देशका संविधानबीचको तुलना गर्नुको आशय र नियत स्पष्ट गराइरहनुपर्छ र ?